नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान-रामहरि आचार्य, २०६८

शोधनिर्देशक

सहप्रा.डा. ताराकान्त पाण्डेय

# नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत

स्नातकोत्तर तह द्वितीय वर्ष

दशौं पत्रको प्रयोजनका

लागि प्रस्तुत

शोधपत्र

शोधार्थी

रामहरि आचार्य

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०६८

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागका स्नातकोत्तर द्वितीय वर्षका छात्र श्री रामहरि आचार्यले **नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान** शीर्षकमा परिश्रमपूर्वक यो शोत्रपत्र तयार पार्नुभएको हो । स्नातकोत्तर तहका निमित्त उपयुक्त यस शोधपत्रको आवश्यक मूल्याङ्कनको व्यवस्थाका निमित्त विभाग समक्ष सिफारिस गर्दछु ।

सहप्रा.डा. ताराकान्त पाण्डेय

सोधनिर्देशक

मिति : २०६८।०७।०२

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयका छात्र रामहरि आचार्यले त्रि.वि. स्नातकोत्तर तहमा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान** शीर्षकको शोधपत्र उचित ठहरिएकाले स्वीकृत भयो ।

मितिः

**शोधपत्र मूल्याङ्कन समिति**

विभागीय प्रमुख : प्रा. डा. देवी प्रसाद गौतम ......................................

शोधनिर्देशक :सहप्रा. डा. ताराकान्त पाण्डेय ......................................

बाह्य विशेषज्ञ : प्रा. डा. जगदीश चन्द्र भण्डारी ......................................

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयको दशौं पत्रको पाठ्यांश परिपूर्तिको निम्ति गरिएको हो । यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो कार्यव्यवस्तताका बीचमा पनि अपठ्यारो नमानी अत्यन्त स्नेहपूर्वक निर्देशन गर्नुहुने आदरणीय गुरु सहप्राध्यापक **डा. ताराकान्त पाण्डे** प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान नामक शीर्षक स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने विभागीय प्रमुख **प्रा. डा. देवीप्रसाद गौतम** तथा नेपाली केन्द्रीय विभागमा सम्पूर्ण आदरणीय गुरुहरुप्रति कृतज्ञ छु । शोधकार्यका लागि महत्वपूर्ण सामाग्रीहरु उपलब्ध गराउने देखि लिएर अन्य विभिन्न किसिमका सहयोग प्रदान गर्नुहने प्रगतिशील दङाली साहित्यकार **पद्मप्रसाद शर्मा** र **गिरिराज शर्मा**को सद्भावबाट ज्यादै प्रभावित छु । सामग्री सङ्कलनका क्रममा निरन्तर सहयोग प्रदान गर्ने प्रगतिशील लेखक सङ्घ दाङर त्रि.वि. केन्द्रीय पुस्तकालयको सहयोग पनि सदा स्मरणीय रहनेछ ।

यसैगरी शोधकार्यका लागि समय-समयमा सामाग्री उपलब्ध गराउने देखि लिएर विभिन्न किसिमका सहयोग गर्ने विपिन रिजाल, तत्सत पोखेल, माधवा आचार्य, भुपबहादुर, श्रीधर, विक्रान्त, इन्दिरा, मदन, जीतबहादुर, युवराज, माधवप्रसाद सापकोटा लगायतका मित्रहरुको सहयोग अविस्मरणीय रहनेछ ।

अन्त्यमा शोधपत्रको कम्प्युटर टाइप गरेर सहयोग प्रदान गर्नुहुने महाकाली कम्प्युटर सेन्टर का विरेन्द्र बहादुर बंमलाई धन्यवाद दिदै यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत गर्दछु ।

**शैक्षिक शत्र : २०६३ ।०६४** **रामहरि आचार्य**

**रोल नं.** : ४१५८

**मिति** : २०६८। ०७ । ०२

# विषयसूची


पृ.सं.

सिफारिसपत्र — क
स्वीकृतिपत्र — ख
कृतज्ञताज्ञापन — ग
सङ्क्षेपीकरणसूची — घ

## अध्याय एक

## शोधपरिचय

१.१ विषय प्रवेश — १
१.२ समस्याकथन — २
१.३ शोधकार्यको उद्देश्यहरु — २
१.४ पूर्वकार्यको समीक्षा — ३
१.५ शोधकार्यको औचित्य — ३
१.६ शोधकार्यको सीमाङ्कन — ४
१.७ सामाग्री सङ्कलन विधि — ४
१.८ शोधविधि — ४
१.९ शोधपत्रको रुपरेखा — ४

## अध्याय दुई

## दाङ जिल्लाको परिचय र यसको सङक्षिप्त साहित्यिक इतिहास

२.१ विषय प्रवेश — ६
२.२ नामकरण — ६
२.३ भौगोलिक एवम् प्राकृतिक परिचय — ७
२.३.१ नदीनाला — ९
२.३.२ ताल, तलाउ, छहरा र गुफा — ९
२.३.३ जलवायु — ९
२.३.४ प्राकृतिक वनस्पति — १०
२.३.५ माटो — १०
२.३.६ दाङ जिल्लाको ऐतिहासिक परिचय — १०

२.४ सामाजिक सांस्कृतिक परिचय १२
२.५ जनसंख्या १२
२.६ मन्दिर एवम् धार्मिक स्थलहरु १३
२.७ दङाली साहित्यको सङ्क्षिप्त इतिहास १३
२.८ दाङ जिल्लाका साहितियिक संस्थाहरुको सङ्क्षिप्त परिचय १६
२.८.१ राप्ती साहित्य परिषद दाङ १७
२.८.२ प्रगतिशील लेखक सङ्घ दाङ १७
२.८.३ लेखक सङ्घ दाङ १८

## अध्याय तीन

## प्रगतिशील लेखक सङ्घ दाङको इतिहास

३.१ विषय प्रवेश १९
३.२ प्रगतिशील लेखक सङ्घ नेपालको जन्म र विकास २१
३.२.१ प्रगतिशील लेखक सङ्घको स्थापना २२
३.२.२ प्रगतिशील लेखक सङ्घको विकासक्रम २३
३.२.२.१ प्रगतिशील लेखक सङ्घ नेपालको विकासक्रमको प्रथम चरण २४
३.२.२.२ प्रगतिशील लेखक सङ्घको विकासक्रमको दोस्रो चरण २५
३.२.२.३ प्रगतिशील लेखक सङ्घको विकासक्रमको तेस्रो चरण २७
३.२.२.४प्रगतिशील लेखक सङ्घको विकासक्रमको चौथो चरण २९
३.२.२.५लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लेखक सङ्घका स्रष्टाको भूमिका ३१
३.३ प्रगतिशील लेखक सङ्घ दाङको विकासक्रम ३५
३.३.१ प्रगतिशील लेखक सङ्घ दाङ शाखाको निर्माण पृष्ठभूमि ३५
३.३.२ प्रगतिशील लेखक सङ्घ दाङको विकासक्रम ३७
३.४ प्रगतिशील लेखक सङ्घ नेपाल दाङ शाखामा २०५० स्थापनाकालदेखि हाल सम्मका कार्यसमितिको विवरण ४४
(क) प्रथम कार्य समितिको विवरण ४४
(ख) दोस्रो कार्य समितिको विवरण ४४
(ग) तेस्रो कार्य समितिको विवरण ४५
(घ) चौथो कार्य समितिको विवरण ४६

(ङ) पाँचौं कार्य समितिको विवरण ४७

(च) छैठौं कार्य समितिको विवरण ४७

(छ) सातौं कार्य समितिको विवरण ४८

३.५ जनआन्दोलन भाग-३ मा प्रलेस दाङ र स्रष्टाहरुको भूमिका ४९

३.५.१ पृष्ठभूमि ४९

३.५.२ जनआन्दोलन भाग २ मा प्रलेस दाङ र स्रष्टाहरुको भूमिकाको सिंहावलोकन ५०

## अध्याय चार
## नेपाली साहित्यमा प्रलेस दाङको योगदान

४.१ पृष्ठभूमि ५२

४.१.१ प्रकाशनको माध्यमबाट योगदान ५२

४.२ साहित्यिक गोष्ठीका माध्यमबाट योगदान ५५

४.२.१ जन्मजयन्ती र स्मृतिसभाको आयोजना ५७

४.२.२ पुरस्कार स्थापना र स्रष्टाहरुलाई सम्मान ६१

## अध्याय पाँच

## प्रलेस दाङसँग आबद्ध प्रमुख स्रस्टाहरुको सङ्क्षिप्त परिचय

५.१ पृष्ठभूमि ६४

५.२ नारायणप्रसाद शर्मा ६५

५.३ गिरिराज शर्मा ६६

५.४ नेत्रलाल पौडेल ६८

५.५ पुरुषोत्तम खनाल ७०

५.६ सूर्यनाथ सापकोटा ७१

५.७ गणेश शाह ७१

५.८ यज्ञबहादुर डाँगी ७२

५.९ जनकवि धर्मराज वैरागी ७२

५.१० कृष्णसेन इच्छुक ७३

५.११ शेषमणि घिमिरे ७५

५.१२ पद्मप्रसाद शर्मा ७५

५.१३ भागवत प्रसाद शर्मा ७६
५.१४ शरद देवकोटा ७७
५.१५ अमर गिरी ७७
५.१६ रामप्रसाद जैशी ७८
५.१७ उदय जी.एम. ७८
५.१८ के.एल. पीडित ७८
५.१९ सविन प्रियासन ७९
५.२० टीका बस्नेत ७९

## अध्याय छ

## उपसंहार

६.१ सारांश ८२
६.२ निष्कर्ष ८२
सन्दर्भ पुस्तकहरु ८५

## सङ्क्षेपीकरणसूची

| | | |
|---|---|---|
| प्र.ले.स. /प्रलेस | - | प्रगतिशील लेखक सङ्घ |
| मि. | - | मिटर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| वि.सं. | - | विक्रम सम्वत् |
| के.एल. | - | खेतु लाल |
| ने.क.पा. | - | नेपाल कम्युनिष्ट पार्टी |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| कि.मी. | - | किलो मिटर |
| पं. | - | पण्डित |
| पृ. | - | पृष्ठ |
| प्रा. | - | प्राध्यापक |
| क्र.सं. | - | क्रम संङ्ख्या |
| एम.ए. | - | मास्टर अफ आर्ट्स |

# अध्याय एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

प्रगतिशील साहित्य भनेको प्रगतिशीलतामा मानव जीवनलाई स्वस्थता प्रदान गर्दै जनशक्तिलाई प्रगतिपथमा अघि बढाउने, प्रेरणा दिने र व्यापक जगतको हित गर्नु हो । नेपाली साहित्यको सन्दर्भमा प्रगतिशील साहित्य वा साहित्यकार भन्नाले नेपाली समाजको अग्रगामी सोच राख्ने, प्रतिगमनको विरोधी, समाजलाई यथास्थितिमा राख्ने कुसंस्कार र शोषण पद्दतिको विरोध, सामाजिक सुधारका पक्षधर, राष्ट्रको स्वाभिमानमा आँच पुऱ्याउने गतिविधी र हस्तक्षेप विरोधी चिन्तन बोकेको सष्ट्रा भन्ने सम्झनुपर्छ ।

प्रगतिशील विचारधारालाई आत्मसात गर्ने र समाजलाई रुपान्तरण गर्ने हेतुले प्रलेस दाङ ( वि.सं.२०५० पुष ३) गते विधिवत रुपमा स्थापना भएको हो । आज सम्म आइपुग्दा यसले १८ वर्षे यात्रा पार गरिसकेको छ । साहित्यकार अमर गिरीको नेतृत्वमा गठित प्रलेस दाङ, दाङका अन्य साहित्यिक संस्थामध्ये वेग्लै पहिचान बोकेको साहित्यिक संस्था हो । साहित्यिक गतिविधि गर्ने सवालमा होस् या अधिकारका लागि आन्दोलन गर्ने सवालमा होस् यसले आफूलाई निरन्तर अगाडि बढाईरहेको छ । प्रलेस दाङले आफ्नो मुखपत्र बहिङ्गा (वि.सं. २०५७) देखि हालसम्म निरन्तर प्रकाशित गर्दै आइरहेको छ भने दाङ जिल्लामा छरिएर रहेका प्रगतिशील साहित्यकारहरुलाई संगठित गर्दै आएको पनि छ । विभिन्न विधाका ५ पुस्तक प्रकाशित गरिसकेको प्रलेसले विश्व चर्चित, राष्ट्रिय तथा स्थानीय प्रगतिशील साहित्यकारहरुको स्मृति दिवस, जन्मजयन्ती र साहित्यिक गोष्ठी गर्दै आएको छ । साहित्यकारहरुको हौसलाको लागि विभिन्न साहित्यिक पुरस्कारहरुको स्थापना गरेको छ ।

यसरी (वि.सं. २०५०) मा स्थापना भएको प्रलेस दाङले गरेका सकारात्मक काम, प्रलेस दाङको इतिहास र नेपाली साहित्यमा यसले पुऱ्याएको योगदानको खोज गरि यस संस्थाले नेपालको प्रतिष्ठित साहित्यिक संस्थाको रुपमा चिनाउनु पर्ने देखिन्छ । त्यसकारण यस शोधपत्रमा दाङ जिल्लामा स्थापित प्रलेस दाङको इतिहास, विकासक्रम, यसले नेपाली साहित्यमा पुऱ्याएको योगदान र दङ्गाली प्रगतिशील साहित्यकारहरुको चिनारी दिने प्रयास गरिएको छ ।

## १.२ समस्याकथन

प्रगतिशील लेखक सङ्घ दाङ राजधानी वाहिरको भू-भागमा (वि.सं. २०५० पौष ३) दिन स्थापना भएको हो । यो संस्था अठार वर्षे साहित्यिक यात्रा पार गरिसकेको साहित्यिक संस्था हो । यस लामो यात्रामा संस्थाले राप्ती अञ्चलको दाङ जिल्लामा रहेर जिल्ला कार्य लेखकहरुका विभिन्न विधाका उत्कृष्ट कृतिहरुको प्रकाशन, जिल्ला स्तरीय वनभोज कार्यक्रम, अन्तरक्रिया कार्यक्रम, कवि गोष्ठी कार्यक्रम साथै संस्थाको मुखपत्र वहिङ्गा प्रकाशन र विभिन्न किसिमका रचनात्मक कार्य गर्दै आएको छ तर जति काम गरे तापनि यसको छिटफुट परिचय बाहेक समग्रमा प्रगतिशील लेखक सङ्घ दाङको योगदानको मूल्याङ्कन यस अघि भएको पाइँदैन । तसर्थ यस संस्थाको कार्यहरुको खोज अनुसन्धान गर्ने एवम् सर्वेक्षणात्मक अध्ययनका निम्ति यस शोध कार्यका निम्नलिखित समस्या रहेका छन् :

(क) प्रगतिशील लेखक सङ्घ दाङको स्थापना पृष्ठभूमि के हो ? र यो कस्तो साहित्यिक संस्था हो ?

(ख) प्रगतिशील लेखक सङ्घ दाङद्वारा प्रकाशित कृतिहरु कति छन् ?

(ग) स्थानीय स्तरमा यस संस्थाले विविध रचनात्मक क्रियाकलाप कसरी गर्दै आएको छ ?

(घ) नेपाली साहित्यको संवर्द्धनमा यसले के कस्ता कार्यहरु गर्दै आएको छ र कस्तो योगदान पुऱ्याएको छ ?

(ङ) प्रलेस दाङको इतिहास कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्यहरु

प्रगतिशील लेखक सङ्घ दाङ्का बारेमा शोध र खोज गरी समस्याकथनमा राखिएका बुँदाहरुमाथि प्रकाश पार्नु प्रस्तुत शोधकार्यको उद्देश्य रहेको छ । यस शोध कार्यको प्रमुख उद्देश्यहरुलाई निम्न बुँदामा उल्लेख गरिएको छ :

(क) प्रगतिशील लेखक सङ्घ स्थापनाको पृष्ठभूमि विकासक्रम र साहित्यका बारेमा केलाउनु,

(ख) यस संस्थाले गर्दै आएको विविध रचनात्मक साहित्यिक क्रियाकलापबारे प्रकाश पार्नु,

(ग) यस संस्थाद्वारा प्रकाशित कृतिहरु र कृतिकारहरुको बारेमा प्रकाश पार्नु,

(घ) प्रगतिशील लेखक सङ्घले नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्नु,

यिनैसमस्याहरुको समाधान तर्फ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहासमा सङ्घ संस्थाहरुको अधययन गर्ने परम्परा साह्रै कम पाइन्छ भने राजधानी बाहिरका संस्थाहरु त झनै अध्ययन र अनुसन्धानका अभावमा ओझेलमा रहेका छन् । यसै अध्ययनको अभावले राप्ती अञ्चलमा अन्तर्गत दाङ जिल्लामा रहेको प्रगतिशील लेखक सङ्घले आफ्नो लामो साहित्यिक यात्रा पार गरिसकेको अवस्थामा पनि यसका बारेमा केही पुस्तक एवम् पत्रपत्रिकामा सामान्य टीका टिप्पणी बाहेक विस्तृत चर्चा भएको पाइदैन । यहाँ प्रगतिशील लेखक सङ्घ दाङका बारेमा भएका फुटकर अध्ययनलाई पूर्वकार्यका रुपमा कालक्रमिक दाङ्गम यसरी प्रस्तुत गरिन्छ ।

(क) पद्मप्रसाद शर्माले बाहिङ्गा अङ्क (वि.सं.२०५७) मा प्रलेस दाङको जन्म (वि.सं. २०५० पुष ३) गते भएको जानकारी दिएका छन्, भने प्रथम जिल्ला सम्मेलन (वि.सं. २०५२ माघ १५) गते, दोस्रो (वि.सं. २०५४ वैशाख १४) गते, तेस्रो (वि.सं. २०५५ जेठ १ गते) र चौथो (वि.सं. २०५६ चैत्र १९) मा सम्पन्न भएको जानकारी दिएका छन् । त्यस्तै प्रकारले प्रलेस दाङ प्रकाशन गरेका चार पुस्तकको विवरण दिएका छन्[ज्ञ]

.(ख) वर्ष ४, अङ्क ४ वैशाख ३ असार (२०५३) प्रलेसको मुखपत्र प्रलेसमा दाङमा गोर्की जयन्ती, शीर्षकमा प्रलेस दाङको वारेमा जानकारी दिइएको छ । त्यस गोर्की जयन्तीमा प्रलेस दाङले दाङको तुल्सीपुरमा गोर्की जयन्ती सम्पन्न गरेको सो कार्यक्रममा प्रगतिशील साहित्यकार टिकाराम रेग्मी र प्रलेसका केन्द्रिय सदस्य नारायण प्रसाद शर्माले गोर्कीका वारेमा आफ्नो विचार व्यक्त गरेको कुरा लेखेको छ ।[ द]

## १.५ शोधकार्यको औचित्य

नेपाली वाङ्मयको श्रीबुद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने दाङ जिल्लाका स्रष्टाहरुलाई पुरस्कृत एवम् सम्मान विभिन्न साहित्यिक कार्यक्रम गर्दै १८ वर्षको आफ्नो यात्रा पूरा गरेको प्रगतिशील लेखक सङ्घ दाङको बारेमा केही फाटफुट टीका टिप्पणी बाहेक सुव्यवस्थित अनुसन्धान नभएकाले विस्तृत रुपमा जानकारी चाहनेका लागि यो शोधपत्र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदानका सम्बन्धमा अध्ययन गरिएको छ । नेपाली साहित्यमा पुऱ्याएको योगदानलाई प्रगतिशील लेखक

---

ज्ञ पद्मप्रसाद शर्मा, वहिङ्गा, “प्रलेस दाङ”, (वर्ष १, अङ्क १, २०५७) पृ. १ ।

द प्रलेस नेपाल, “दाङ्मा गोर्की जयन्ती”,(वर्ष ४, अङ्क ४, वैशाख- आषाढ, २०५३) पृ.१०८ ।

सङ्घको स्थापना देखि २०६८ आषाढसम्म यस संस्थाबाट प्रकाशित पत्रपत्रिका, पुस्तक एवम् विभिन्न साहित्यिक गतिविधिहरुको अध्ययन विश्लेषण, स्रष्टा परिचय नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.७ सामाग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको शीर्षक नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ दाङको योगदान भएको हुँदा यसका लागि आवश्यक सामग्री सङ्कलन गर्न प्रमुख रुपमा पुस्तकालयीय पद्धति तथा क्षेत्रीय अध्ययन पद्धतिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनका क्रममा द्वितीय स्रोतको सामग्रीहरुलाई भन्दा प्राथमिक स्रोतका सामग्रीहरुलाई बढी महत्व दिइएको छ । यस शोधपत्रसँग सम्बन्धित साहित्यकारहरु गिरीराज शर्मा र पद्मप्रसाद शर्मासँग क्रमशः वि.सं. २०६६ आषाढ ५ गते र वि.सं. २०६६ श्रावण १५ गते प्रलेस दाङसँग सम्बन्धित जानकारी क्रमशः उहाँहरूकै घर अस्पारा र मसिनामा घरैमा अन्तर्वार्ता लिइ समग्र सामाग्री संकलन गर्ने काम पनि गरिएको छ । अन्तर्वार्ता समेत प्रयोग गरिएको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्दा आवश्यकता अनुसार विवरणात्मक, र विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ साथै सामाग्रीको विश्लेषणमा इतिहास सम्बद्ध ऐतिहासिक पद्दतिको पनि प्रयोग गरिएको छ । प्रलेस मार्क्सवादी विचार सम्बद्ध संस्था भएकोले यसको गतिविधि र स्रष्टाहरुको अध्ययन गर्दा स्वभाविक रुपले मार्क्सवाद अथवा प्रगतिवाद साहित्य सिद्धान्तको उपयोग पनि भएको छ । त्यसैले ऐतिहासिक पद्दतिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको रुपरेखा निम्न लिखित छ अध्यायमा विभाजित गरी तयार गरिएको छ ।

पहिलो अध्याय : शोध परिचय

दोस्रो अध्यान : दाङ जिल्लाको परिचय र यसको सङक्षिप्त साहित्यिक इतिहास

तेस्रो अध्याय : प्रगतिशील लेखक सङ्घ नेपालको सङक्षिप्त इतिहास

चौथो अध्याय : नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घको योगदान

पाँचौ अध्याय : प्रगतिशील लेखक सङ्घसँग आवद्ध प्रमुख स्रष्टाहरुको संङ्क्षिप्त परिचय

छैठौ अध्याय : उपसंहार : सारांश तथा निष्कर्ष

सन्दर्भसामग्री

# अध्याय दुई

## दाङ जिल्लाको परिचय र यसको सङक्षिप्त साहित्यिक इतिहास

### २.१ विषय प्रवेश

कुनै पनि देशको साहित्यिक उत्थान र विकासमा क्षेत्रीयस्तरमा रहेका साहित्यकारको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली साहित्यको विकासमा दाङ जिल्लाका साहित्यकारको भूमिका रहेको छ । यसै सन्दर्भमा दाङ जिल्लाको परिचय र यसको साहित्यिक इतिहासलाई सङ्क्षेपमा चिनाउनु उपयुक्त हुन्छ । यस परिच्छेदमा दाङ जिल्लाको नामांकरण, भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक धार्मिकस्थल एवम् मठमन्दिर, शिक्षा लगायत दाङ जिल्लाको साहित्यिक इतिहासलाई सङ्क्षिप्त रुपमा चिनाउने प्रयास गरिएको छ ।

### २.२ नामकरण

दाङ जिल्लाको परिचय दिदा यसको नामांकरणको बारेमा चर्चा गर्नु आवश्यक हुन्छ । नेपालका कतिपय जिल्लाको नाम प्रसिद्ध तीर्थस्थल, पौराणिक, ऐतिहासिक घटना, जातजाति र जातीय विशेषता आदिसँग जोडेर राखिएको पाइन्छ । दाङ जिल्लाको नामकरणको बारेमा पनि यस्तै भनाई र किम्बदन्तीहरु प्रचलित छन् । ती प्रचलित किम्वदन्तीहरुका यस्ता छन् ।

संस्कृतको पुरवाचक 'द्रङ' शब्दबाट दाङ बनेको होला भन्ने धेरैले अनुमान लगाएका छन्, तापनि दाङमा 'पुर' बसेको प्रमाण नपाइएको हुँदा पहाडका बीचको मैदानलाई बुझाउने संस्कृतको 'द्रोण' शब्दबाट दाङ बन्योहोला भन्नु ज्यादा उपयुक्त देखिन्छ । किनभने पहाडका बीचको मैदानी भागलाई दाङयुक्त, दाङभई, पाङसिङ, दाङ्गवाङ, दाङ भन्सार दाङचुली, दाङचोट, उपर दाङ्रागढी आदि नामले बुझ्ने बुझाउने गरेको देखिन्छ ।[घ]

रामसरा मगरनीका अनुसार दाङ्ग, बाङ्ग हाङ्ग शब्द मगरे खालका हुन् । यिनका अर्थ क्रमशः मैदान, चउर, पहाड हुन भन्ने छ ।[ढ] दाङ्ग शब्द मगरे खामबाट आएको हुनसक्छ तर यसको पूर्णरुप प्रोण शब्दलाई नै मान्नु उचित देखिन्छ ।[छ]

दाङदेखिको दक्षिणको पहाडलाई द्रोणगछि दुन्दुवा भनिन्छ । दाङको पूर्वरुप द्रोणलाई मान्दा मात्र दक्षिणका पहाडको द्रोणदि नाम सार्थक हुन्छ ।[ट]

---

[घ] टेकनाथ गौतम, "राप्ती अञ्चलको इतिहास तथा केही संस्मरण", (वाराणसी, कञ्जाकपुर,२०५०), पृष्ठ ५६ ।

[ढ] ऐजन ।

[छ] ऐजन ।

महात्मा बुद्धका जीवन चरित्रमा जेतवन (श्रावरती) वर्तमान बहराइचमा द्रोणवस्तुका ब्रम्हाणको बुद्धसित वादविवाद भएको कुरा सुन्नमा आउँछ। द्रोणवस्तु भन्ने स्थान अन्त नभेटिएकाले कपिलवस्तु र जावस्तीका बीच उत्तरको दाङ नै द्रोणवस्तु हो भन्ने धेरैको भनाइ छ।[ठ]

यसका अतिरिक्त दाङ उपत्यकाको नाम दङ्गीशरण नामक थारु राजबाट भएको भन्ने किम्बदन्ती पनि प्रचलित छ । यस अनुसार यिनको दरवार सुकौरारागढा थियो । जसको केही पुरातात्विक खोज भएको पनि छ। दङ्गीशरणले राज्य गरेको हुनाले यो भूमिलाई दाङ भनिएको हो भन्ने भनाई नै उपयुक्त देखिन्छ।[ड]

## २.३ भौगोलिक एवम् प्राकृतिक परिचय

नेपाल राजनीतिक विभाजनका हिसावले गरिएको सीमाङ्कनलाई हेर्ने हो भने १४ अञ्चल ७५ जिल्ला र ५ विकासक्षेत्र रहेका छन्। पाँच विकास क्षेत्रमध्येको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने दाङ जिल्ला जसलाई भित्री मधेश पनि भन्ने गरिन्छ।

राप्ती अञ्चलको दक्षिणी भागमा पर्ने दाङ जिल्ला दुई समानान्तर उपत्यका दाङ र देउखुरी मिलेर बनेको छ। राप्ती अञ्चलका पाँच जिल्लाहरुमध्येको एक दाङको पूर्वमा लुम्बिनी अञ्चलको कपिलवस्तु र अर्घाखाँची जिल्ला पर्दछन्। पश्चिममा भेरी अञ्चलको सुर्खेत र बाँके जिल्ला पर्दछन्। उत्तरमा राप्ती अञ्चलकै प्यूठान, रोल्पा र सल्यान जिल्लाहरु तथा दक्षिणमा भारतको उत्तरप्रदेश पर्दछ।[ढ]

दाङ जिल्ला ८५ डिग्री २ मिनेट पूर्वदेखि ८२ डिग्री ५ मिनेट पूर्वी देशान्तरसम्म र २७ डिग्री ३७ मिनेट उत्तरदेखि २८ डिग्री २९ मिनेट उत्तरी अक्षांशभित्र अवस्थित छ। दाङ जिल्लामा करिव २०% पहाड र ८०% भित्रिमधेश पर्दछ । भित्रीमधेश समुन्द्र सतहदेखि लगभग २१३-२४४ मि. उचाईमा अवस्थित छ। यसको कूल क्षेत्रफल २,९५,५०० हेक्टर वा २७९० वर्ग कि.मी. छ।[ज्ञण] दाङ जिल्लाको पूर्व-पश्चिम लम्बाई एकसय कि.मी. र उत्तर-दक्षिण चौडाई ७२ कि.मी. सम्म छ। नेपाल अधिराज्यको लगभग २ प्रतिशत भू-भाग ओगटेको यो जिल्लाले कूल २९५५ वर्ग कि.मी. क्षेत्र

---

[ट] टेकनाथ गौतम, ''राप्ती अञ्चलको इतिहास तथा केही संस्मरण'', (वाराणसी, कञ्जाकपुर, २०५०), पृष्ठ ५६।

[ठ] ऐजन।

[ड] निर्मला शर्मा, ''दाङ जिल्लाको कवि र कविता'', स्नातकोत्तर शोधपत्र, (त्रि.वि., कीर्तिपुर, २०५९), पृ.७।

[ढ] पद्मप्रसाद शर्मा, ''राप्ती साहित्यको इतिहास'', (राप्ती साहित्य परिषद्, दाङ, २०६०)।

[ज्ञण] प्रेमलाल भण्डारी, ''दाङका गजल र गजलकार'', स्नातकोत्तर शोधपत्र, (त्रि.वि. कीर्तिपुर, २०६५), पृ.२।

ढाकेको छ । भौगोलिक बनावटका हिसावले दाङ दक्षिण एशियाकै सर्वाधिक ठूलो उपत्यका हो ।[ज्ञज्ञ] दाङ जिल्लालाई प्रजातन्त्रपश्चात १३ इलाका ४ निर्वाचन क्षेत्र, ३९ गा.वि.स., २ नगरपालिका कायम गरिएकोमा नेपालमा गणतन्त्र स्थापना पश्चात संसदीय निर्वाचन क्षेत्रलाई ५ निर्वाचन क्षेत्र कायम गरिएको छ ।

भू-स्वरुपको दृष्टिकोणले दाङ जिल्लालाई मोटामोटी तीन भागमा विभाजन गर्न सकिन्छ । पहाडी, भित्रीमधेस र चुरेडाँडा ।

**पहाडी प्रदेश**

दाङ जिल्लाको उत्तरी सिमानामा महाभारत पर्वत पूर्व पश्चिम फैलिएर बसेको छ । यस जिल्लाका उच्च शिखरहरु समुन्द्र सतहदेखि ४००० फिटदेखि करिव ६७५० फिटसम्मको उचाईमा पर्दछन् । कहिलेकाही यस्ता शिखरमा हिउँ परेको पनि देखिन्छ । यहाँको लेकहरुमा कोइला, स्लेट, हावा, पेट्रोलियम पदार्थजस्ता भौतिक सम्पदा रहेका छन् ।

दाङ जिल्ला दुई ठूला उपत्यकामा विभाजित छ । दाङ र देउखुरी यी दुवै उपत्यकाका पूर्व-पश्चिम लम्बिएका छन् । पहाडपखेराबाट खोलानालाले वगाई ल्याएको मलिलो माटोले गर्दा यहाँको जमिन अत्यन्तै उर्वर छ । देउखुरी उपत्यकाको बीच भागबाट राप्ती नदी बगेर गएको छ भने दाङ उपत्यकाको दक्षिण भागबाट सुरयु नदी बगेर गएको छ ।

**चुरेडाँडा**

दाङ जिल्लाको दक्षिणी भागमा पूर्व-पश्चिम लम्बिएर रहेको श्रृङ्खला चुरे डाँडा हो । चुरे पहाडलाई राप्ती नदीले चिर्दै पूर्व-पश्चिम बगेकाले यहाँको चुरे पहाड दुई हाँगामा विभाजित छ । दक्षिणतर्फ चुरै कै अन्तरमा देउखुरी उपत्यका करिव २२५ मि. को उचाईमा रहेको छ । चुरे तथा दुँदुवा पहाड श्रृङ्खलामा क्रमशः १,२५६ मि. र ९८६ मि. सम्मका टाकुराहरु छन् ।[ज्ञ६]

## २.३.१ नदीनाला

दाङ जिल्लामा राप्ती नदी र बबई नदी गरी दुई नदी छन् । यी नदिकै आधारमा दाङलाई मुख्य दुई जलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

राप्ती जलाधार क्षेत्रः यस जलाधार क्षेत्र अन्तर्गत दाङका मुख्यतः महातिनीय, सुपौला, कक्रहवा, गुरुङ, अर्जुन, मुसोट, सिंगै, अर्नवा रङसिङ करङ्गा आदि खोला समेटिन पुग्छन् ।

बबई जलाधार क्षेत्र

---

[ज्ञज्ञ] पद्मप्रसाद शर्मा, पूर्ववत पृ. ।

[ज्ञ६] प्रेमलाल भण्डारी, ''दाङका गजल र गजलकार'', स्नातकोत्रर शोधपत्र, (त्रि.वि., कीर्तिपुर, २०६५), पृष्ठ १ ।

यस जलाधार क्षेत्र अन्तर्गत दाङका मुख्यतः चेपे बालिम, सिस्ने, कटुवा, सेवार, गुर्जे, हापुर, चौवा, ग्वार पातु बराही सङग्राम, भमके, गहते, बौलाह, बागर, चिरेगाई आदि खोला पर्दछन् ।[ज्ञघ]

### २.३.२ ताल, तलाउ, छहरा र गुफा

दाङ जिल्लाको मुख्य आकर्षक झरना पुरन धारा झरना हो । पुरन्धारा गा.वि.स. वडा नं. आठ स्थित पुरन्धारा छहराको रुपमा परिचित छ । यसैगरि जखेरा, पर्सेनी, गौरी, सौरीगाई मुख्य ताल छन् । बारकुने, भोटे, चरिङ्गे, किचनी, तुरतकुण्ड आदि दाङका मुख्य दह छन् । चमरे चन्द्रकोट, गुप्तेश्वर दाङका मुख्य गुफा छन् । हलवार गा.वि.स. वडा नं. ५, मुलकोटको चमेरेगुफा नेपाल कै सवैभन्दा ठूलो गुफा हो ।[ज्ञद्ध]

### २.३.३ जलवायु

दाङ जिल्लाका भित्री मधेश भाग ज्यादा र पहाडी भाग कम भएकाले मिश्रित हावापानी पाइन्छ । मुख्यतः दाङ जिल्लाको जलवायु समशितोष्ण मानिए पनि दाङ उपत्यकामा समशितोष्ण र देउखुरी उपत्यकामा उष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम ४० सेल्सियस र न्युनतम २५ डिग्री सेल्सियससम्म तापमान भएको रेकर्ड पाइन्छ । यहाँको औसत तापक्रम २६ डिग्री सेल्सियस रहन्छ । वार्षिक औषत वर्षा १७०.६ मिलिलिटर हुन्छ । यहाँको कूल वर्षाको ९० प्रतिशत वर्षा ग्रीष्म ऋतुमा हुन्छ भने हिउँदमा कहिलेकाही मात्र वर्षा हुन्छ ।[ज्ञछ]

### २.३.४ प्राकृतिक वनस्पति

महाभारतपर्वत चुरे पहाड र भित्रीमधेश समेत भएको यो जिल्ला नेपालको घना जङ्गलले ढाकिएको थोरै जिल्लामध्ये एउटा हो । भित्री मधेश, चुरे डाँडा दुँदुवा पहाड तथा महाभारत पर्वतको दक्षिणी पातामा ५० प्रतिशत भन्दा बढी जमिन वन र वनस्पतिले ढाकेको छ । वनस्पतिको प्रकार तथा विकासमा स्थानीय जलवायु र धरातलको उचाइ आधारभूत घटक मानिन्छन् । यसैले यहाँको वनस्पतिलाई धरातलको उचाईअनुसार महाभारत पर्वत लगभग १६१५ मीटर देखि माथिको भूभागलाई पतझर मनसुनी वन र खासगरी भित्री मधेशमा पर्ने वनलाई उष्णप्रदेशको सदावहार वन भनि छुट्याएको पाइन्छ । यस जिल्लाको कूल क्षेत्रफलमध्ये १,९२१५ हेक्टर भूमि वनजङ्गलले ढाकेको छ । हाल दाङमा ३९९ सामुदायिक वन ५३ महिला सामुदायिक वन, ३ धार्मिक वन र २६३ नीजि वन दर्ता भैसकेका छन् । दाङमा १२,९५० हेक्टर जमिन चरिचरन क्षेत्रका रुपमा रहेका छन् ।

---

[ज्ञघ] प्रेमलाल भण्डारी, "दाङका गजल र गजलकार", स्नातकोत्रर शोधपत्र, (त्रि.वि., कीर्तिपुर, २०६५), पृष्ठ १ ।

[ज्ञद्ध] ऐजन ।

[ज्ञछ] प्रेमलाल भण्डारी, "दाङका गजल र गजलकार", स्नातकोत्तर शोधपत्र, (त्रि.वि., कीर्तिपुर, २०६५), पृष्ठ २ ।

## २.३.५ माटो

दाङ उपत्यकाको माटो खासगरि लेटराइट किसिमको छ जो ढुङ्गा ग्रेगर र बालुवायुक्त हुन्छ । त्यसैले यहाँको माटो उर्वरका दृष्टिले ठीकै मानिन्छ । देउखुरी उपत्यकाको माटो भने दोमन पाँगो र बलौटे खालको हुनाले बाली उत्पादनका हिसावले उर्वरायुक्त मानिन्छ ।[ज्ञट]

## २.३.६ दाङ जिल्लाको ऐतिहासिक परिचय

दाङ जिल्ला (उपत्यका) परापूर्वकालमा एउटा विशाल तलाउको रुपमा थियो, भन्ने मानिएको छ । झट्ट हेर्दा त्यस्तै अनुमान गर्न लायक पनि छ । भोगोलिक इतिहासका दृष्टिले हेर्दा सात करोड वर्ष अगि टेथिस सागर भौगोलिक परिर्वतनबाट स्थल भागमा परिवर्तन भइसकेपछि पनि धेरै समयसम्म दाङ एक तलाउका रुपमा रहेको विश्वास गरिन्छ । समय वित्दै जाँदा पछि उत्तरी दिशाबाट बग्ने नदीले तलाउको पानी चिरेर लगेपछि यो ठाउँ स्थल भागमा परिवर्तन भयो । यहाँ घना जङ्गल फैलियो । विभिन्न ग्रन्थमा उल्लेख गरिएको वनखण्ड मण्डलले दाङ देउखुरीलाई नै अङ्कित गरेको कुरामा विद्वान्हरु विश्वास गर्छन ।[ज्ञठ] पश्चिम दक्षिणबाट यहाँ आई पहिले बस्ने थारु त्यसपछि बाहुन र अरु हुन् । (२०१४) सम्म यहाँ बढी संख्या थारुहरुको थियो, त्यसपछि बाहुनको र अरु जातको थियो । परापूर्व समयदेखि दाङको उत्तरी भाग पहाडी राजाहरुको अधिनमा थियो भने दक्षिणी मैदान थारु राजाको अधिनमा थियो । विक्रमको १४ औं शताब्दिको आखिरतिर यो जुम्ला ( सिंजाको) अधीनमा थियो । (वि.स.१४८०) तिर सवारी कोटका राजना रतन पाण्डेले थारु राज्यलाई आफ्नो राज्यमा मिलाएर रत्न परीक्षित नामले दाङका राजा भए । केही समयपछि बझाङबाट राजकुमार झिकाई आफ्ना ठाउँमा राजा बनाएर आफूले चाहि नाथ सम्प्रदायको दिक्षा लिई त्यसको प्रचारमा पश्चिमतिर भारततिर लागे ।

रतननाथले छाड्दा दाङ राज्यको विस्तार शिवराम इलाकाको अर्रासोतादेखि पश्चिम राप्तीसम्मको तुलसीपुर भनिने इलाकामा पनि थियो । नेपालको एकीकरणको वेला (सम्वत् १८४३) मा दाङका राजा नवलसिंहले तापाका लडाइमा वीरगति प्राप्त गरेपछि उनका छोरा राजकुमार दिलेर सिंहले दाङको पूरा रक्षा गर्न सकेनन् । उनले आफ्नो आधा राज्य तुलसीपुरको तराई मात्र बचाई त्यहाँ राजा भई बसे । गोर्खालीले जितेको दाङ देउखुरी पृथ्वीनारायण शाहकी छोरी सल्यानका युवराज्ञीलाई विर्ता भनि दिए ।

---

[ज्ञट] प्रेमलाल भण्डारी, "दाङका गजल र गजलकार", <u>स्नातकोत्तर शोधपत्र</u>, (त्रि.वि., कीर्तिपुर, २०६५)पृष्ठ ३ ।

[ज्ञठ] ऐजन, पृष्ठ ४ ।

१८९४ सालमा दरवारको कुनै कुमारीले विहा गरिदिंदा सहयात्री राजा वंशज तेजबहादुर शाहलाई राजा पद र पश्चिमी दाङ फालावाङ राजाका नामले प्रदान गरियो र दाङ खण्डित भयो ।[ज्ञड]

नेपाल एकीकरण पश्चात दाङ सल्यान गौडाका मातहतमा थियो (१९३८) मा दाङको मैदानी भागलाई तौलिहवा गोश्वारका, १९९६ सालमा भैरहवा गोश्वाराका (२००३) सालमा नेपालगञ्ज गोश्वाराका मातहतमा राखिएको थियो । (२००७) सम्म यहाँ माल अदालत, हुलाक, इन्स्पेक्टर अफिस मात्र थिए । (२००८ साल जेष्ठ ३) गतेदेखि छुट्टै जिल्ला मानियो र यहाँ बडाहाकिम रहन थाले ।[ज्ञढ] (२०१७) सालमा राप्ती अञ्चलको सदरमुकाम दाङ भएपछि यहाँ अञ्चलाधिश रहन थाले । पञ्चयाती व्यवस्थाको अन्त्यसम्म पनि यहाँ अञ्चलाधीश कायमै थिए । फालाबाङबाट राज्य (२०१८) मा उन्मुलन भएपछि दाङको पश्चिमी भाग र अघिदेखि सल्यानतर्फ रहेको दाङको उत्तरी पानीढली (२०३०) सालतिर दाङमा मिलेपछि दाङ आजको अवस्थामा आएको हो ।[द्दण]

## २.४ सामाजिक सांस्कृतिक परिचय

कुनै पनि समाज विभिन्न जातजाति र धार्मिक सम्प्रदायहरुको संयोगबाट बनेको हुन्छ । यिनै जातजाति आदिका परम्परागत संस्कार धर्मकर्म, रहनसहनबाट सामाजिक जनजीवनको निर्माण भएको हुन्छ भने यसबाट सामाजिक सांस्कृतिक परिचय पनि पाउन सकिन्छ ।

दाङ जिल्ला करिव एक दर्जन भन्दा बढी जनजाति भएको सङ्गमस्थलका रुपमा रहेकाले यहाँको संस्कृतिमा विविधता छ । यहाँका थारु संस्कृतिका दृष्टिले निकै धनी छन् ।

दाङमा प्रचलित मुख्य लोक नाचहरुमा बङ्कीमार नाच, सारङ्गीनाच, सोरठीनाच, भुमेनाच, झुमरानाथ, राउटेनाच, मघौतानाच, तरवार नाच, खुकुरीनाच, लट्ठीनाच आदि पर्दछन् । त्यस्तैप्रकारले दाङमा मुख्यतः छैटीमा छैटीशीत विवाहमा रत्यौली गीत, तीजमा तीजगीत, दशैंमा रैचुमा, मालश्रीगीत तथा थारुको बर्कीमार र छोटकीमार गीत, तिहारमा सैरालु र भैलोका साथै फागुपूर्णिमामा होली गीत गाइन्छ । यसैगरी दाङमा झुमारा, सिंगारु, टप्पा बलयडारी, दोहोरी गीतका साथै थारु भाषाको मैनागीत, अवधि भाषाका चैत, मगर भाषीको झमैगीत प्रचलित छन् । चमोरबाजा, पञ्चेबाजा लगायतका लोकसङ्गीत दाङमा लोकप्रिय छन् ।[द्दज्ञ]

---

[ज्ञड] निर्मला शर्मा, पूर्ववत, पृष्ठ ११ ।

[ज्ञढ] निर्मला शर्मा, पूर्ववत, पृष्ठ ११ ।

[द्दण] निर्मला शर्मा, पूर्ववत, पृ. १२ ।

[द्दज्ञ] प्रेमलाल भण्डारी, पूर्ववत, पृ. ७ ।

## २.५ जनसंख्या

२०५८ को जनगणनाअनुसार दाङको जनसंख्या तथयाङ्क निम्नानुसार प्रस्तुत गरिन्छ ।

कूल जनसंख्या- ४,६२,३८० (महिला २,२३,४२२, पुरुष २,२८,९५८

घरधुरी संख्या- ८२, ४९५

औषत परिवार संख्या - ५.६ प्रतिशत

जनसंख्या वृदिदर - २.६ प्रतिशत

ग्रामीण जनसंख्या - ८३.३ प्रतिशत

शहरी जनसंख्या - १६.७ प्रतिशत

जनघनत्व - १५६.४७ प्रतिशत प्रति वर्ग कि.मी.

दाङमा सवैभन्दा बढी जनसंख्या घोराही नगरपालिकामा छ भने सवैभन्दा कम जनसंख्या कोइलाबास गा.वि.स. मा छ । कोइलाबास गा.वि.स. मा जनसंख्या १,३५४ छ भने बढी जनसंख्या घोराही नगरपालिका ४३,१२६ रहेको छ ।[६६]

## २.६ मन्दिर एवम् धार्मिक स्थलहरु

दाङ जिल्ला सामाजिक, सांस्कृतिक र भौगोलिक हिसावले महत्वपूर्ण भएजस्तै मठ-मन्दिर एवम् धार्मिक स्थलहरुले पनि महत्वपूर्ण छ । यस्ता मठमन्दिर र धार्मिक स्थलहरुमा अम्विकेश्वरी भगवती मन्दिर, श्री रत्ननाथ मन्दिर, बराह, पाण्डबेश्वर शिव मन्दिर धारपानी, त्रिसिद्धेश्वरी छिल्लीकोट र कालिका-मालिका, मन्ठोर्या भवानी, श्री वराहक्षेत्र बासुबेदस्थान (लरैना) श्री मनकामना देवी मन्दिर (पवननगर) सिद्धपालु मन्दिर (धनी) रिहार, रामजानकी मन्दिर (कोइलाबास), सुन्दरादेवी भगवती (शान्तिनगर) गढीटाकुरा देवस्थल (हापुर), वागेश्वरी मन्दिर (स्युजा) सिद्ध भगवान्तनाथ मन्दिर (श्रीगाउँ), दुमदुमा मन्दिर (चैलाही), कालिकामाई मन्दिर मसिना रहेका छन् । यसैगरी अन्य धार्मिक स्थलहरुमा प्रजापति ब्रम्हकुमारी ईश्वरीय विश्वविद्यालय, नम छु बौद्ध गुम्वा, ऊँ शिरडी साई मन्दिर, स्वर्गद्धारी आश्रम, अद्धैत संस्था आदि रहेका छन् ।

## २.७ दङाली साहित्यको सङ्क्षिप्त इतिहास

नेपाली साहित्यको इतिहासलाई हेर्दा साहित्यको थालनी कविता विधाबाटै भएको देखिन्छ । पृथ्वीनारायण शाहको समकालीन मानिने सुवानन्ददासले लेखेको कविता पृथ्वीनारायणशाह बाट नेपाली साहित्यको आरम्भ भएको ठानिन्छ । विश्वका पुराना ग्रन्थक वेद, रामायण र महाभारत आदि

---

६६ प्रेमलाल भण्डारी, पूर्ववत, पृ. ७ ।

कृतिहरु पनि कविताका रुपमा रहेका छन् । पश्चिमका आदि महाकाव्य 'इलियड र ओडिसी' पनि कविता हुन् । त्यसैले वास्तवमा भन्नुपर्दा साहित्यको थालनी कविता विधाबाटै भएको हो ।[द्घ] यसैक्रममा दाङको साहित्यिक इतिहासलार्य हेर्नुपर्दा पनि कविता विधाबाटै लेख्य साहित्यको आरम्भ भएको पाइन्छ । श्रीगाउँ दाङमा स्थित सिद्धनाथ बाबाको मन्दिरमा रहेको ताम्रपत्तमा (वि.स. १८९९) मा रचित "सिद्धगादी चरित" नामक कविता दाङमा आजसम्म उपलब्ध प्रथम कविता तथा यसका लेखक जक्तिनाथलाई प्रथम कविका रुपमा प्रस्तुत गरिएको छ ।[द्ढ] यही कविता नै दाङको साहित्यको प्रथम प्राप्ति हो । यिनी आदिकवि भानुभक्त आचार्यका समकालीन देखिन्छन् । हालसम्म प्राप्य, लेख्य सामाग्रीका आधारमा यो भन्दा पनि पुरानो अन्य कुनै प्रमाण फेला नपरेकाले दाङका प्रथम साहित्यकार, प्रथम कवि र आदिकवि जक्तिनाथ हुन भन्ने कुरामा सवै विद्वान् सहमत देखिन्छन्" ।[द्छ]

यसैगरी व्याकरण, आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम व्यक्ति कविराज शालिग्राम गौतम"शाहवंश चरित १९९२ र रामाश्वमेघ (१९९३) नामक दुई काव्यहरु प्रकाशित छन् । यिनै शालिग्रामलाई दाङ जिल्लाका साहित्यकारहरुमा प्रथमपल्ट काव्यग्रन्थ प्रकाशन गर्ने श्रेय प्राप्त छ । यसपछि नै दाङका अन्य साहित्यकारहरु प्रकाशनतिर गति लिएको पाइन्छ ।[द्ट]

यसपछि दङाली साहित्यको इतिहास अघि बढाउने क्रममा जीवराज आचार्य, रामप्रसाद मजगैयाँ, टेकनाथ गौतम, गणेश शर्मा, मित्रलाल आचार्य, शोभाकर आचार्य, मेघराज शर्मा आदि प्रथम पुस्ता साहित्यकारको महत्वपूर्ण भूमिका देखिन्छ ।[द्ठ]

हालसम्म प्राप्त सामाग्री तथा जानकारीको आधारमा दाङ जिल्लाको साहित्यिक इतिहासको अध्ययन गर्दै जाँदा (वि.स. २००४) भन्दा अगाडि केही साहित्यकार र दुई-तीनवटा काव्यकृतिहरु भेटिए पनि समग्ररुपमा साहित्यको विकास भएको देखिदैन ।

वि.स. २००७ सालभन्दा थोरै अगाडि देखि काठमाडौं तथा बनारसमा अध्ययन गर्ने मुवाहरुले देवकोटा, लेखनाथ सम, धरणीधर आदिका रचनाहरुको अध्ययन गरेर आफूलाई सृजनातिर लगाउने केही साहित्यकारमा पं. चेतनाथ, पं. शमेश्वर, पं. शोभाकर आदि थिए ।

---

[द्घ] गोपीकृष्ण शर्मा र रामप्रसाद दहाल, केही कथा उपन्यास केही कविता- काव्य, (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५०), पृष्ठ ११३ ।

[द्ढ] केशव सुवेदी, (सम्पा.), मध्यपश्चिमका कविता, (काठमाडौं, मध्य पश्चिमाञ्चल साहित्य परिषद्, २०५३), पृष्ठ १४२ ।

[द्छ] उत्तमकृष्ण मजगैयाँ, "दाङको लेख्य साहित्यको परम्परा र प्रथम पुस्ताका साहित्कार" प्रवाह, ( दाङ, लेखक सङ्घ, २०५४), पृष्ठ ४४ ।

[द्ट] ऐजन, पृ. ४५ ।

[द्ठ] ऐजन, पृ. ४६,४७,४८ ।

“प्रथम शमशेरको पालामा मात्र आएर दाङको सदरमुकाम घोराहीमा एउटा मिडिल स्कुलको स्थापना भयो । यस अघि राप्ती अञ्चलमा एक-दुई पाठशालादेखि बाहेक अन्य पाठशाला थिएनन् । त्यस मिडिल स्कुलको स्थापना पछि विद्यालय सभा, एवम् गोष्ठीहरुमा कविताहरु पाठ गर्न थालिए । गणेशकुमार शर्माको महतो किन गर्छौ खेती र सरस्वती वन्दना यसैवेलाका रचना हुन् । उता त्यसैवेलातिर ‘जयन्तु संस्कृतम’ आन्दोलनको प्रभावले केही दङ्गाली युवाहरु साहित्यिक क्षेत्रमा देखा पर्न थाल्छन् । ऋषिराज शर्मा, एकराज शर्मा, राममणि शर्मा, बुद्धिप्रकाश आचार्य जस्ता साहित्यकारबाट केहि कृतिहरु लेखिन्छन् ।[द्ड]

२००७ सालपछि विद्यालयहरु क्रमशः खुल्दै जान थाले र शिक्षाको क्षेत्रमा पनि क्रमिक विकास हुँदै जान थाल्यो । यसले साहित्य सिर्जना र त्यसको विकासमा उपयुक्त वातावरणको निर्माण गर्नमा धेरै ठूलो मद्दत पुऱ्यायो । अर्कोतिर नेपाली साहित्यको प्रचारप्रसारले साहित्य सिर्जना तिर दाङ जिल्लालाई पनि प्रेरित गर्न थाल्यो । गीत, कविता, कथा, निबन्ध, नाटकहरु लेखिन थाले र ठाउँठाउँमा नाटकहरु मञ्चन हुन थाले । खासगरि साहित्यकार नारायणप्रसाद शर्माका नाटकहरु मञ्चन गरिए । यसले साहित्यिक वातावरणमा थप गतिशिलता प्रदान गऱ्यो । यसपछि विभिन्न विद्यालय, संस्था तथा व्यक्तिगत प्रयासमा विभिन्न पत्रपत्रिकाहरु प्रकाशित हुन थाले जसले साहित्यको विकासलाई अघि बढाउनका साथै नयाँ-नयाँ प्रतिभाहरु जन्माउन योगदान दियो ।[द्ढ]

नारायणप्रसाद शर्मा, शुकदेव शर्मा, नेत्रलाल पौडेल, गणेश विषम, डिल्लीबहादुर के.सी., शंकर पौडेल, बलदेव मजगैयाँ, दुर्गाप्रसाद मजगैंयाँ, श्रीधर पौडेल, लोकमणि आचार्य, रामकुमार घिमिरे देवी पोखेल, नवराज रजौरे, महेश चौधरी, चैतन्य भगीरथ योगी, यज्ञबहादुर डाँगी, अमर गिरी, शरद देवकोटा, सुदन पौडेल, कर्णप्रखर धिताल, नित्यानन्द शर्मा, शेरबहादुर चौधरी, गोपाल भुषाल, टीकाराम रेग्मी, शेषमणि घिमिरे, नारायण नेपाल, हेमन्त रिजाल, लक्ष्मीनाथ योगी हिरा डि.सी., गोविन्द आचार्य, विष्णुकुमार गौतम, अर्जुनकुमार गौतम, सुन्दर गौतम, रमेश क्षितिज, नेत्र एटम, केशव सुवेदी, कल्याण गौतम, भरत न्यौपाने, गोविन्द माली, कृष्णसेन इच्छुक, सरस्वती पोखरेल आदि साहित्यकारको भूमिका पनि दङ्शाली साहित्य इतिहासमा महत्वपूर्ण रहेको छ । त्यसैगरी अन्य साहित्यकारहरुमा पद्यमप्रसाद शर्मा, रामप्रसाद खनाल, उत्तमकृष्ण मजगैयां, शरद ऋतु, के एल पिडित, टीका राम उदासी, कृष्णराज सर्वाहारी, नगेन्द्र गुरु, बुनु लामिछाने, आभा आचार्य, प्रवोद देवकोटा, विनय घिमिरे, के.वि. उदय, सुर्दाप गौतम, सुरेशसुमन डाँगी, शशिल पुन,

---

[द्ड] अमर गिरी, “भूमिका”, अर्न्तध्वनि, (वर्ष २७, रन्को १, दाङ, २०५०) ।

[द्ढ] ऐजन, पृ. ५ ।

सविन प्रियासन, धर्मराज वैरागी, डा.भागवत शर्मा आदि प्रतिभाले दाङ जिल्लाको यात्रालाई अगाडि बढाउने बढाए र बढाइरहेका छन् । यी मध्ये केही साहित्यकारले साहित्यलाई अङ्गिकार गरेका छन् भने केही प्रतिभाले साहित्यबाट हात धोएको पाइन्छ ।[घण]

माथि उल्लेखित साहित्यकारहरुमा केही साहित्यकारहरुले राष्ट्रिय स्तरसम्म आफ्नो यात्रा तय गरिसक्नु भएको छ । त्यस्ता साहित्यकारहरुमा नारायणप्रसाद शर्मा, अमर गिरी, नेत्रलाल पौडेल, गिरिराज शर्मा, गोविन्द आचार्य उत्तमकृष्ण मजगैया, के.एल पिडित टीकाराम उदासी, नवीन विभाक्ष, वलदेव मजगैयाँ आदि छन् । दाङ जिल्लामा शिष्ट लेख्य स्तरमा सिर्जनात्मक गतिविधि थालिएको करिव ढेढसय वर्षभन्दा बढी भइसकेको छ । यस बीचमा शैक्षिक चेतनाको अभावका कारणे गर्दा पहिलो एक शताब्दिमा साहित्य सिर्जनातर्फको उन्मुखता त्यति देखिदैन तापनि यस अवधीमा दाङ्ग जिल्लामा शिष्ट-लेख्य कविताको बीजारोपण गर्नमा "सिद्धगादी चरित" का कवि पं.शालिग्राम गौतम जस्ता प्रतिभाहरुको महत्वपूर्ण योगदान रहेको छ । पछिल्लो अर्धशताब्दिमा यस क्षेत्रमा क्रमशः अनेक स्कुल कलेजहरुको स्थापना र तिनका माध्यमबाट शुरु भएको शैक्षिक विस्तारका पृष्ठभूमिमा साहित्यिक जागरण पनि प्रारम्भ भयो । विगत साठी वर्षका अवधिमा दाङ जिल्लाबाट अनेक पत्रपत्रिका पनि प्रकाशित हुन थाले र तिनै पत्रपत्रिकाहरुले नै दाङको साहित्यिकलाई समृद्ध तुल्याउदै आएका छन्"।[घज्ञ] त्यसैले दाङको साहित्यलाई माथि उठाउनमा गरिएका विभिन्न प्रयासहरु जस्तो साहित्यिक पत्रपत्रिकाहरु साहित्यिक संस्थाहरु र साहित्यिक कार्यक्रम तथा साहित्यिक पुरस्कारहरुको पनि योगदान रहेको छ । दाङ जिल्लाको सङक्षिप्त साहित्यको इतिहास आज सम्ममा धेरै फड्को मारिसकेको छ । त्यसको श्रेय उनै अग्रज साहित्यकारहरुलाई जान्छ ।

## २.८ दाङ जिल्लाका साहित्यिक संस्थाहरुको सङ्क्षिप्त परिचय

दाङ जिल्लाका भौगोलिक, सामाजिक, प्राकृतिक, धार्मिक हिसावले महत्वपूर्ण छ भन्ने कुराले सवै दङाली वासीहरु सहमत छौं । त्यस्तै गरेर दाङ जिल्लाको साहित्यिक विकासमा साहित्यिक संस्थाहरुले पनि आफ्नो तर्फबाट योगदान दिएका छन् । त्यस्ता संस्थाहरु दाङ जिल्लामा कहिले स्थापना भए र ती संस्थाहरुमा कतिले साहित्यमा योगदान पुऱ्याए त्यो सामान्य चिनारी प्रस्तुत गरिन्छ ।

---

[घण] केशव सुवेदी, पूर्ववत्, पृष्ठ ४५, ४६ ।

[घज्ञ] ऐजन, पृ. ४६, ४७ ।

### २.८.१ राप्ती साहित्य परिषद दाङ

"राप्ती अञ्चलकै सवैभन्दा पुरानो साहित्यिक संस्थाको रुपमा राप्ती राप्ती साहित्य परिषदको स्थापना (वि.स. २०३४) वैशाखमा भएको हो । राप्ती साहित्य परिषद्को वर्तमान अध्यक्ष पुरुषोत्तम खनाल रहेका छन् । यस संस्थाले विभिन्न साहित्य प्रेमीहरुका रचनाहरुलाई आफ्नो वार्षिक मुखपत्र 'राप्तीदूत' मा समावेश गरी प्रकाशन गर्ने काम गर्छ, भने अर्कोतिर त्रयमासिक पत्रिका 'अर्न्तध्वनी' पनि प्रकाशित गर्दै आएको छ । समय समयमा साहित्यिक कार्यक्रमको आयोजना गर्ने गर्दछ" ।[घद्द] दाङ जिल्लाका साहित्यिक संस्थाहरुमध्ये सवैभन्दा जेठो भएर पनि तन्नेरी जोस-जाँगरका साथ आफ्नो यात्रालाई निरन्तर अगाडि बढाई रहेको छ । यसको कार्यालय घोराही नगरपालिका ११ मा अवस्थित छ ।

### २.८.२ प्रगतिशील लेखक सङ्घ दाङ

नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घ नेपालको आफ्नो छुट्टै स्थान रहे जस्तो प्रगतिशील लेखक सङ्घ दाङको पनि दाङ जिल्लाको साहित्यिक विकासमा महत्वपूर्ण स्थान रहेको छ । दाङ जिल्लाको साहित्यिक विकासमा महत्वपूर्ण स्थान रहेको छ । दाङ जिल्लामा छरिएर रहेका प्रगतिवादी विचारधारा राख्ने साहित्यकारलाई एकत्रित गर्दै आफ्ना सक्रियतालाई बढाउँदै लगेको छ । यस संस्थाको स्थापना (२०५० पुष ३) गते भएको हो । (२०६२) सालमा छैठौ अधिवेशन सम्पन्न गरी अध्यक्ष रामप्रसाद जैसी छन् । प्रलेस दाङले विभिन्न साहित्यकारका कृतिहरु प्रकाशन गर्नुका साथै संस्थाको वार्षिक मुखपत्र 'वहिङ्गा' प्रकाशन गर्दै अएको छ । (२०६५) सम्म छैठौं अंक प्रकाशन गरिसकेको छ । मासिकरुपमा साहित्यिक गोष्ठी गरेर राष्ट्रिय अन्तर्राष्ट्रिय ख्याति प्राप्त साहित्यकारहरुको जयन्ती तथा स्मृति दिवस मनाउँदै आएको छ । संस्थाले साहित्यप्रेमीबाट पुरस्कार स्थापना गरी विभिन्न सर्जकलाई वितरण गर्दै अएको छ ।

### २.८.३ लेखक सङ्घ दाङ

२०५० साल फाल्गुन ७ गते स्थापना भएको लेखक संघ दाङको अध्यक्ष उत्तमकृष्ण मजगैयाँ छन् । यसभन्दा पहिले शंकर पौडेल अध्यक्ष थिए । विभिन्न साहित्यकारका जयन्ती तथा स्मृति दिवस यस संस्थाले मनाउँदै आएको छ । लेखक संघ दाङले १ दर्जन भन्दा बढी सर्जकका कृति प्रकाशन गरिसकेको छ । साहित्यप्रेमीहरुले विभिन्न पुरस्कार स्थापना गरी दङगाली सर्जकहरुलाई वितरण गर्दै

---

[घद्द] पद्मप्रसाद शर्मा, "राष्ट्रिय कविता महोत्सव", स्वर्गदारी स्मारिका, (२०६२) ।

आएको छ । यस संस्थाले ‘प्रवाह’ साहित्यिक पत्रिका प्रकाशित गर्दै आएको छ । प्रवाह लेखक संघको मुखपत्र हो ।

माथिका संस्थाहरु ज्यादा सक्रिय संस्थाहरु हुन भने अन्य संस्थाहरुले पनि आफ्ना साहित्यिक यात्रालाई क्रमशः सक्रिय बनाउँदै लगेका छन ्। ती संस्थाहरुमा दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान (२०५६) कार्तिकमा तुलसीपुरमा स्थापना भएको हो । विभिन्न साहित्यप्रेमीहरुद्वारा पुरस्कार स्थापना गरी वार्षिकरुपमा सर्जकलाई वितरण गर्दै आएको छ । वेलामौकामा साहित्यिक कार्यक्रम संचालन गरी साहित्यकारहरुको जयन्ती मनाउँदै आएको छ ।

स्वर्णिम साहित्य परिषद (२०६१) सालमा नारायणपुर दाङमा स्थापना भएको स्वर्णिम कला परिवारले समय समयमा साहित्यिक कार्यक्रम संचालन गर्दै अएको छ । यस संस्थाले स्वर्णिम कृति त्रैमासिक पत्रिका प्रकाशन गर्दै आएको छ । स्वर्णिम कृतिको सम्पादक नारायण नेपाल रहेका छन् ।

सिर्जनशील परिवार बिजौरी दाङ (२०५३ भदौ २१) गते विजौरी दाङमा स्थापना भएको सिर्जनशील परिवार विजौरी दाङले वेलामौकामा विभिन्न साहित्यिक कार्यक्रमको आयोजना गर्नुका साथै स्रष्टालाई प्रोत्साहन स्वरुप सम्मान गर्दै आएको छ ।[घघ]

---

घघ पद्मप्रसाद शर्मा, “राष्ट्रिय कविता महोत्सव”, स्वर्गदारी स्मारिका, (२०६२) ।

# अध्याय तीन

## प्रगतिशील लेखक सङ्घ नेपालको इतिहास

### ३.१ विषय प्रवेश

प्रगतिशील लेखक सङ्घको इतिहास लेख्नु भन्दा पहिले प्रगति शब्दलाई स्पष्ट पार्नु उपयुक्त देखिन्छ । प्रगति शब्दले भौतिक पदार्थ अथवा तिनको आधारमा  अस्तित्ववान भएका हरेक वस्तुमा आउने परिवर्तनको अग्रगामितालाई जनाउँछ । भौतिक जगत्मा हरेक एकाइहरु वस्तु, जीव र समाज विपरित तत्वको द्वन्द्वमा क्रियाशील भई क्रमशः अग्रगतिमा रुपान्तररण हुने प्रक्रियालाई प्रगति भनिन्छ । प्रगति शब्दको अर्थ स्पष्ट हुँदा अर्को शब्द प्रगतिशील पनि जोडिन आउँछ त्यसैले यहाँ प्रगतिशील शब्दलाई पनि अर्थ्याउने प्रयास गरिएको छ ।

"प्रगतिशील शब्दले कुनै पनि वस्तु विचार वा विषयको क्रमबद्ध विकासको मात्रात्मक अवस्थालाई बुझाउँछ । प्रगतिको दिशामा अघि बढ्ने गुण वा प्रगतिशील गुणका रुपमा जुन विकासशील गुण क्रमशः बृद्धि भएर एउटा नयाँ अवस्थाको प्राप्ति हुन्छ र जो नाशवान् न भै विकासवान हुन्छ, त्यस गुणलाई नै प्रगतिशील गुण भनिन्छ । प्रगति प्रति उन्मुख प्रत्येक वस्तुको स्वभाव हो प्रगतिशीलता । प्रगतिशील हुनुको तात्पर्य नै यथार्थसँगको सम्पर्क सन्तुलन, परिवेशको अग्रगामितामा आवद्ध खण्डकाव्यको अखण्डतालाई अङ्गीकार गर्नु, मात्रात्मक हेरफेर ठम्याउँदै अघि बढ्नु, साधारण अवस्थाबाट विशिष्टटा तर्फ लम्कनु, सकारात्मक र नकारात्मक पक्ष देख्न पुग्दछ । यही गुणले नै वस्तु र विचारलाई प्रगतिशील बनाउँछ ।[घढ]

प्रगतिशील साहित्यका सन्दर्भमा पनि यो कुरा लागु हुन्छ । साहित्यको सन्दर्भमा प्रगतिशीलता मानव जीवनलाई स्वस्थता प्रदान गर्ने जनशक्तिलाई प्रगतिपथमा अघि बढाउने प्रेरणा दिने र व्यापक जगत्को हित गर्ने अर्थमा लिइएको छ । नेपाली साहित्यको सन्दर्भमा प्रगतिशील साहित्य वा साहित्यकार भन्नाले नेपाली समाजको अग्रगामी प्रगतिका प्रतिगमनका विरोधी, समाजलाई यथास्थितिमा राख्ने कुसंस्कार र शोषण पद्धतिको विरोधी, सामाजिक सुधारका पक्षधर राष्ट्रको स्वाभिमान आँच पुऱ्याउने गतिविधि र हस्तक्षेप विरोधी चिन्तन र त्यस्तो चिन्तन ग्रहण गर्ने

---

[घढ] विष्णु प्रभात, प्रलेसको सङ्क्षिप्त इतिहास, (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६३), पृ.४ ।

स्रष्टा भन्ने सम्भनुपर्दछ ।[घछ] यसरी प्रगतिशील शब्द र साहित्यको सामान्य जानकारीपछि प्रगतिवादी साहित्यको वारेमा केही, चिनारी दिनु उपयुक्त मानिन्छ ।

"प्रगतिवादी भन्नाले सोचाइले दार्शनिक सीमा गरेको अवस्था हो । समाजलाई बुभ्ने र यसलाई व्यवस्थित किसिमले परिवर्तन गर्ने क्षमता राख्ने मार्क्सवादी वैज्ञानिक चिन्तन पद्धति अँगालेको र त्यसैको अनुशासनमा आवद्ध अवस्था नै प्रगतिवाद हो ।[घट] त्यसैले प्रगतिवादी बन्न कम्युनिष्ट पार्टीको सदस्य बन्नैपर्छ र मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद विश्वदृष्टिकोण अनुरुपकै साहित्य रचना गरेको हुनुपर्छ । प्रगतिवादीहरुका अनुसार साहित्य सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नका लागि हतियारको रुपमा आएको हुनुपर्छ । साहित्य सर्वहारा वर्गको पक्षमा हुनपर्छ र शोषण, दमन, सामन्ती, राज्यव्यवस्था तथा सामन्ती संरचनाका विरोधमा हतियारको रुपमा आएको हुनुपर्छ । प्रगतिवादी साहित्यहरु समाजवाद हुँदै साम्यवाद समक्ष पुग्ने मार्क्सवादी दृष्टिकोणलाई अगाल्दै राजनैतिक सोधेश्यका साथ लेखिनुपर्छ भन्छन् ।[घठ]

नेपाली साहित्यको सन्दर्भमा पनि प्रगतिशील एवम् प्रगतिवादी साहित्यकारको सहयात्राले नेपाली साहित्य र संस्कृतिको प्रगतिशील रुपान्तरण गर्न निर्णायक भूमिका खेल्ने भएकाले प्रगतिशील लेखक सङ्घको संरचनामा यी दुवै तत्वको सहकार्य एवम् सहभागिता रहदै आएको छ । प्रलेसले प्रगतिशील नामले संस्थालाई चिनाए पनि यस संस्थाभित्र आवद्ध साहित्यकार र उनीहरुका रचनाहरु प्रगतिवादी विचारधाराले ओतप्रोत छन् । यसरी प्रगतिवादी प्रगतिशील सम्बन्धी सामान्य परिभाषिक कुराहरुको सामान्य चर्चाका साथै प्रगतिशील लेखक सङ्घ नेपालको परिचय यस प्रकारले दिन खोजिएको छ ।

प्रगतिशील लेखक सङ्घको वारेमा केही कुरा लेख्नुभन्दा पहिले यसको स्थापना कसरी भयो ? भन्ने सर्न्दभमा केही सामान्य चर्चा गर्नु उपयुक्त ठानी सोही कार्यलाई अघि बढाइएको छ । प्रगतिशील लेखक सङ्घको गठनको पृष्ठभूमिमा नेपाली समाजमा आएको वैचारिक परिवर्तन एउटा पक्ष थियो । नेपाली वौद्धिक समुदायमा परेको मार्क्सवादी दर्शनको प्रभाव अर्को पक्ष थियो । यी दुवै पक्षको अतिरिक्त राणा विरोधी सङ्घर्षका क्रममा अनुभुत
जनतन्त्रका वैकल्पिक रुपहरुका कारण पनि प्रगतिवादलाई अङ्गिकार गरी अघि बढ्न थालिएको थियो । यसका साथै अन्तर्राष्ट्रिय परिवेशमा घटेको रुसी अक्टुवर क्रान्ति चिनियाँ नयाँ जनक्रान्तिदेखि

---

[घछ] प्र.ले.स. को पाँचौ राष्ट्रिय सम्मेलन द्वारा पारित, प्रलेस, (वर्ष ५, अङ्क ११, २०५७), पृ. ३४ ।

[घट] ऐजन ।

[घठ] मधु सूदन पन्थी, "प्रगतिवाद र नेपालमा प्रगतिवादी कविताको विकास सामान्य चर्चा" कुञ्जिनी, (वर्ष ११, अङ्क ११, २०६३/०६४), पृ. १९८ ।

हुर्कदै आएको नयाँ जनतान्त्रिक सोच र त्यसका निम्ति लडेका वीरङ्गनाहरुको गाथाले पनि प्रगतिशील लेखक सङ्घ गठन गर्नमा प्रेरित गरेको पाइन्छ ।

"सन् १९३४ को पेरिस भेलामा 'मैक्सिम गोर्की' रोमा रोला आन्द्रेइ भ्यालेरो, थोमसमुन आदि सहभागी भेलाले ट्र समफोस्टरको अध्यक्षतामा प्रगतिशील लेखक सङ्घ नामक अन्तराष्ट्रिय संस्था गठन गऱ्यो ।[घड] त्यसले विश्वव्यापी रुपमा सङ्गठित लेखनलाई अझै हौस्यायो । फलस्वरुप सन् १९३५ मा लण्डनमा अध्ययनरत भारतीयहरुद्वारा प्रगतिशील लेखक सङ्घ भारतको गठन गरे । यी सव गतिविधिबाट क्रमशः परिचित हुँदै नेपाली लेखकहरु प्रगतिवादी चिन्तन प्रति आकृष्ट भए र ( वि.सं. २००९ असौज ५) गते प्रगतिशील लेखक सङ्घलाई जन्माइदिए । नेपालको सन्दर्भमा यस संस्थाले सधैं अन्याय, अत्याचार, प्रतिगमन विरुद्ध आन्दोलित देखिन्छ । अनेकौं समस्याको बाबजुत पनि आफ्नो प्रगतिशील साहित्य लेखनबाट कहिल्यै विचलित भएको छैन् ।

## ३.२ प्रगतिशील लेखक सङ्घ नेपालको जन्म र विकास

प्रगतिशील लेखक सङ्घ नेपाल आफैमा एउटा साहित्यिक संस्थाको रुपमा स्थापना कालदेखि नै यसले आफूलाई चिनाउँदै आएको छ । प्रगतिशील लेखक सङ्घको इतिहास अन्य संस्थाको तुलनामा धेरै लामो देखिन्छ । अन्य संस्थाहरु निर्माणसँगै बीचमा हराएर आफ्नो अस्तित्व गुमाएका छन् तर यो संस्था आफ्नो स्थापना कालदेखि कहिले कछुवाको चालमा, कहिले खरायोको चालमा आफ्नो यात्रालाई अघि बढाउँदै यहाँसम्म आइपुगेको छ । प्रगतिशील लेखक सङ्घको इतिहासलाई केलाउँदा (वि.सं. २००९) सम्म तन्कनुपर्ने हुन्छ । मार्क्सवादी विचारधाराको अध्ययन र प्रचारको प्रसारका लागि त्यस समयमा विभिन्न ठाउँमा प्रगतिशील अध्ययन मण्डलहरु खोलिएको पाइन्छ । वीरगञ्जमा पनि त्यो क्रियाशीलता देखिन्छ । काठमाडौंमा रहेको प्रगतिशील अध्ययनमण्डल तत्कालीन जातीय जनतान्त्रिक मोर्चा समेत सामेल भएको पाइन्छ । वीरगञ्जमा रहेको प्रगतिशील अध्ययन मण्डलकै आयोजनामा (२००९) साल वैशाखमा केही साहित्यकारहरुको सङ्गठन बनाउने निर्णय गरी सात सदस्यीय आयोजक समिति गठन गरियो । जसमा रामहरि शर्मा र कमलराज रेग्मी समेतले भाग लिएको सो सभा तारानाथ शर्माको सभापतित्वमा भएको थियो । त्यसको तीन महिनापछि (२००९ असोज ५ गते) कवि बलभद्र शर्माको सभापतित्वमा आयोजित कार्यक्रममा भवानी प्रसाद शर्माबाट प्रगतिशील लेखक सङ्घको विधिवत उद्घाटन भएको थियो ।

[घड] देवीप्रसाद गौतम, "प्रगतिवाद परम्परा र मान्यता", (काठमाडौं, २०५९), पृ. ७५ ।

जसको पहिलो कार्यकारिणीमा श्यामप्रसाद शर्मा (अध्यक्ष) भएका थिए ।[घढ] प्रगतिशील लेखक सङ्घको स्थापनाकाल देखि अनैकौ आरोह-अवरोह पार गर्दै आजको अवस्थासम्म आइपुग्दा यसले आफूलाई नेपालको सवैभन्दा पुरानो साहित्यिक संस्थाका रुपमा स्थापित गर्दै लगातार कहिले सक्रिय र कहिले सक्रियाहीन बन्दै आफ्नो यात्रालाई अगाडि बढाइरहेको छ । आज आएर नेपालका सवैजसो जिल्लामा आफ्नो सङ्गठन विस्तार गर्न एक मात्र संस्थाको रुपमा देखा परेको छ ।

### ३.२.१ प्रगतिशील लेखक सङ्घको स्थापना

प्रगतिशील लेखक सङ्घको स्थापना (वि.सं. २००९ साल असौज ५) गते शनिवारका दिन वीरगञ्जमा भएको थियो । यो संस्थालाई जन्माउनमा साहित्यकार श्यामप्रसाद शर्माको महत्वपूर्ण योगदान रहेको छ । (२००९) सालमा स्थापना हुँदा प्रगतिशल लेखक सङ्घको कार्यकारिणीमा निम्न पदाधिकारीहरु रहेको देखिन्छ ।[द्धण]

| | |
|---|---|
| श्यामप्रसाद शर्मा | अध्यक्ष |
| रत्नदास वैद्य | महासचिव |
| चित्तरत्न कंसाकार | सहायक सचिव |
| देवीप्रसाद किसान | कोषाध्यक्ष |
| बालकृष्ण रुपाबासी | सङ्गठन मन्त्री |
| महावीर प्रसाद अग्रवाल | प्रचार मन्त्री |
| बलभद्र शर्मा | निरीक्षण मन्त्री |

### ३.२.२ प्रगतिशील लेखक सङ्घको विकासक्रम

प्रगतिशील लेखक सङ्घको स्थापना पछि यसको विकास यात्रा निरन्तर अगाडि बढेको पाइन्छ । आरम्भकालीन अवस्थामा सङ्गठनात्मक निर्माणको आधारमा त्यति सबल देखा पर्दैन तर पछिल्लो अवस्थामा सङ्गठनको निर्माण र विकासमा ध्यान दिएको देखिन्छ । सङ्गठित लेखन परम्परामा वैचारिक प्रतिबद्धताका साथ सर्वसाधारण श्रमजीवी जनताको लोकप्रिय संस्थाको रुपमा आफूलाई स्थापित गर्दै अगाडि बढेको छ । (२००९) पछि लगातार प्रगतिशील विचारधारालाई आत्मसाथ गर्दै जनतालाई चेतनाको ज्योति छर्दै पनि छ । शुरुमा पत्रपत्रिका प्रकाशनमा जोड दिँदै हस्तलिखित पत्रिका, प्रचारात्मक पुस्तिकाहरु, अन्य साहित्यिक रचनाहरु निकालेर र पछि व्यवस्थित

---

[घढ] देवीप्रसाद गौतम, “प्रगतिवाद परम्परा र मान्यता”, (काठमाडौं, २०५९), पृ. ७५ ।

[द्धण] ऐजन, पृ. ३४ ।

हिसावले पत्रिका प्रकाशन, रचनाहरुको विवेचना र साहित्यकारलाई बौद्धिक सहयोग पुऱ्याउने काम गरेको छ । प्रगतिशील लेखक सङ्घको यात्रामा कति साहित्यकारहरुले आफ्नो भूमिकालाई सक्रिय बनाए भने कति साहित्यकारहरु दरवारपरस्थ भएर साहित्यिक यात्रलाई बीचैमा छाडेको पनि देखिन्छ । प्रगतिशील लेखक सङ्घमा विवादको सिर्जना भए पनि विवाद गर्ने साहित्यकारहरु संस्थाबाट बाहिरिए पछि विवाद साम्य भएको देखिन्छ । प्र.ले.स. को विकासयात्रामा (२००७-२०१७) सालको आवधि धेरै उपलब्धिपूर्ण रहेको पाइन्छ । किनभने यस समयमा राजनीति अवस्था खुकुलो रहनु, दलहरुको क्रियाशीलता, साहित्यकारमा समाज परिवर्तन गर्न साहित्य पनि एक हतियार हो भन्ने कुरामा सहमत हुनु र जनतामा साहित्यप्रति अभिरुचि जाग्नु जस्ता कार्यले गर्दा प्रगतिशील लेखक सङ्घ यो समयमा झाँङ्गिन पुगेको देखिन्छ ।

जव (२०१७) सालमा राजा महेन्द्रबाट निर्दलीय व्यवस्था लागु गर्न पुग्छन साहित्यमा अङ्कुश लगाउँछन् । त्यसपछि प्रगतिशील लेखक सङ्घको यात्रामा केही अवरोध सिर्जना हुन पुग्दछ तर भूमिगत रुपमा साहित्यकारले आफ्नो साहित्य लेखनलाई रोकेको पाइदैन । (२०३६) सालमा जनमत सङ्ग्रहको घोषणापछि वातावरण  अनुकुलको कारणले साहित्यकारहरु साहित्य सिर्जनामा सक्रिय रहन थाल्छन् । (२०४६) सालको जनआन्दोलन होस् या (२०६२/६३) को आन्दोलन सवै आन्दोलनको अग्रभागमा प्रगतिशील लेखक सङ्घले आफूलाई अग्रपङ्क्तिमा राखेको छ । आजसम्ममा पनि आफ्नो यात्रालाई अझ घनिभूत पार्दै अगाडि बढेको छ । प्र.ले.स. को विकास यात्रालाई निम्नलिखित ४ चार चरणमा विभाजन गर्न सकिन्छ ।

### ३.२.२.१ प्रगतिशील लेखक सङ्घ नेपालको विकासक्रमको प्रथम चरण

प्रगतिशील लेखक सङ्घ नेपालको स्थापना (२००९ देखि २०१५) सम्मको अवधिलाई प्रगतिशील लेखक सङ्घको विकासक्रमको प्रथम चरण मानेको देखिन्छ । यस चरणमा भएका संस्थागत गतिविधिले प्रगतिशील लेखनमा महत्वपूर्ण योगदान दिएको छ । विशेषगरी नयाँ साहित्यको रचनाका साथै त्यसका मूल्य-मान्यताको स्थापना एवम् यथार्थवादी साहित्यको बढोत्तरी भाषा साहित्य र साहित्यिक प्रगतिको विकासमा ध्यान दिएको पाइन्छ । प्रथम चरणमा प्रगतिशील लेखक सङ्घ भूमिका यथार्थवादी साहित्य लेखन विधागत लेखन, भाषाको क्षेत्रमा लेखन र साहित्यिक पत्रकारिताको विकासमा ध्यान केन्द्रित गरेको देखिन्छ ।

२००९ सालमा स्थापित प्रगतिशील लेखक सङ्घ नेपाल प्रारम्भदेखि नै सामन्तवाद, साम्राज्यवाद विरोधी स्रष्टाहरुको संस्थाको रुपमा रहेको देखिन्छ । नेपाली साहित्यमा स्रष्टाहरो सङ्गठित प्रयासको प्रथम सफल खुड्किलो पनि यही रहेको छ । विश्व सर्वहारा वर्ग र समाजवादी

आन्दोलनको बढ्दो प्रभाव र नेपाल कम्युनिष्ट पार्टीको स्थापना र विकाससँगै जनवादी साहित्यको विकास गर्ने उद्देश्यका साथ प्रगतिशील लेखक सङ्घको स्थापना भयो र प्रारम्भमा यसले आन्दोलन र सिर्जनाका क्षेत्रमा कार्य गरेको देखिन्छ । श्यामप्रसाद शर्मा, ह्रदयचन्द्रसिंह प्रधान, रमेश विकल, गोकुल जोशी, केवलपुरे किसान लगायत थुप्रै साहित्यकार र सर्जकहरुले सिर्जना र आन्दोलनका माध्यमबाट प्रगतिवादी चेतनालाई फैलाउने कार्य गरेका छन् भने लक्ष्मीप्रसाद देवकोटाका पछिल्ला चरणका रचनाहरुमा प्रगतिशील चेतना प्रशस्त सल्बलाएका छन् ।[द्वज्ञ] प्रगतिशील लेखक सङ्घको प्रथम चरणमा देखापरेका साहित्कारहरू :

| क.सं. | लेखक |
|---|---|
| १. | गोविन्द लोहोनी |
| २. | भवानी घिमिरे |
| ३. | पूर्वाप्रसाद ब्राम्हण |
| ४. | ह्रदयचन्द्रसिंह प्रधान |
| ५. | श्यामप्रसाद शर्मा |
| ६. | केवलपुरे किसान |
| ७. | गोकुल जोशी |
| ८. | ह्रदयचन्द्रसिंह प्रधान |
| ९. | कृष्णचन्द्रसिंहप्रधान |
| १०. | जनक हुमागाई |
| ११. | गोपालप्रसाद रिमाल |
| १२. | भूपि शेरचन |

प्रगतिशील लेखक सङ्घको पहिलो चरणमा सङ्घले आफ्नो क्रियाशीलतालाई तीव्र पारेको देखिन्छ भने प्रगतिशील विचार राख्ने थुप्रै साहित्यकारले संस्थालाई साथ दिएको पाइन्छ ।

### ३.२.२.२ प्रगतिशील लेखक सङ्घको विकासक्रमको दोस्रो चरण

"प्रगतिशील लेखक सङ्घको विकासक्रममा वि.सं. (२०१५ देखि २०३५) सम्मको समयलाई दोस्रो चरणमा राखेर हेर्न सकिन्छ । यस चरणमा प्र.ले.स. सिथिल अवस्थामा रहेको जानकारी पाइन्छ । यसो हुनुमा (२०१७) सालको फौजीकाण्ड र निरङ्कुश पञ्चायती शासनका नाममा राजाको

[द्वज्ञ] रमेश प्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा प्रलेस को भूमिका", प्रलेस, (वर्ष ११, अङ्क १५, माघ, २०६३) , पृ. ८ ।

एकतन्त्रले स्रष्टाहरुलाई किन्ने कार्य गरेको र (२००७-२०१६) सम्म प्रगतिशील आन्दोलनमा लागेका केही स्रष्टाहरु राजाको निरङ्कुशताका पृष्ठपोषक बनी भाट साहित्यको रचना गर्नु थालेको पाइन्छ । यही अवधिमा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा हिस्सा दरवारको स्वस्तिमा नाच्यो र एउटा हिस्सा दरवारकै चाकरीमा विलिन हुनपुग्यो । त्यति भएर पनि मार्क्सवाद र प्रगतिशील चिन्तनप्रति आस्था राख्दै सिर्जना र आन्दोलनमा सहभागी हुने ज्युँदा स्रष्टाहरुले राजाको निरङ्कुशता विरुद्ध कलम चलाइरहेको देखिन्छ ।[द्द]

२०१७ सालको राजाको निरङ्कुशताका विरुद्ध विस्तारै जनता सल्बलाउन थाले । ( २०२८-२९) को झापा आन्दोलन गोरखपुरमा सम्पन्न चौथो महाधिवेशन र पुष्पलाल द्वारा नेतृत्व गरिएको ने.क.पा. जस्ता पार्टीहरुले मार्क्सवादी आन्दोलनलाई पुनर्गठन गरी नयाँ किसिमले अघि बढाउने प्रयास गरे भने (२०३२-०३३) पछि प्रगतिवादी लेखन र सिर्जनका क्षेत्रमा बढी गतिशीलता देखापर्न थालेको र जनताका पक्षमा कविता लेख्ने गीत लेख्ने र गाउँदै हिड्ने अभियान नै प्रारम्भ भएको पाइन्छ ।

प्रलेसको इतिहासका सन्दर्भमा सत्रदेखि पैतीस सम्मको कालखण्डलाई दोस्रो चरण मानिएको छ । यस चरणको शुरुमा प्रलेसको अस्तित्व शिथिल रह्यो । यसै अवधिमा संस्कृतिका क्षेत्रमा कार्यरत प्रतिभाहरुले गुप्त एवम् खुला ढङ्गबाट अनेकौ गतिविधि संचालन गरेको भए पनि प्रगतिवादी साहित्यलाई दुरगामी र दीर्घकालीन प्रभाव दिन सफल जनवादी सांस्कृतिक सङ्घको गठन दिएको मार्गदर्शनमा अनेकौं पत्रपत्रिका, पुस्तकहरु प्रकाशित छन् । विचारधारात्मक दिशाबोध भएपछि थुप्रै नयाँ प्रतिभाहरु पनि देखापरेका छन् । सत्र सालपछिको साहित्यिक यात्रामा प्रगतिशील तथा प्रगतिवादी भावधारा लिएर अघि बढ्ने प्रतिभाहरुबाट नेपाली साहित्यको कविता विधामा थुप्रैले कलम चलाएर कृति प्रकाशन गरेका छन् तर पनि अन्य विधाका कृतिहरु फेला नपरेका भने होइनन् । प्रलेसको दोस्रो चरणमा देखा परेका साहित्यकारहरू :

१. भैरव अर्याल,

२. आनन्ददेव भट्ट,

३. जनकप्रसाद हुमागाईं

४. मोदनाथ प्रश्रित,

५. रामचन्द्र भट्टराई,

---

[द्द] रमेश प्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा प्रलेस को भूमिका", प्रलेस, (वर्ष ११, अङ्क १५, माघ, २०६३) , पृ. ८ ।

६.	गोविन्द भट्ट,

७.	भवानी घिमिरे,

८.	रविलाल अधिकारी,

९.	घनश्याम कँडेल,

१०.	खगेन्द्र सङ्ग्रौला,

११.	पारिजात,

१२.	श्यामप्रसाद शर्मा

लगायतका प्रगतिशील साहित्यकारहरुले प्रगतिशील लेखक सङ्घको दोस्रो चरणमा कलम चलाएको देखिन्छ ।[द्घघ]

## ३.२.२.३ प्रगतिशील लेखक सङ्घको विकासक्रमको तेस्रो चरण

प्रगतिशील लेखक सङ्घको तेस्रो चरण (वि.सं. २०३६ -२०४५) सम्मको अवधिको समयलाई मानिन्छ । प्र.ले.स. को सङ्गठन विस्तारलाई हेर्दा यसको स्थापनाकाल देखि नै स्पष्ट संस्कृतिको अभाव देखा पर्छ । फुटकर लेख, रचनाको विवेचना गर्ने गरिएको भए पनि संस्थालाई व्यवस्थित कार्य योजनामा डोऱ्याउने र त्यस फाँटलाई हराभरा तुल्याउने सङ्कल्पमा सुदृढ देखिदैन । नीतिसम्बन्धी सुस्पष्टतामा समान्यतया सामन्तवाद तथा साम्राज्यवाद विरोधी लेखनमञ्चका रुपमा स्वीकार गरिएको भए पनि त्यस्तो मञ्चलाई सञ्चालन गर्ने व्यवहार कुशलता राजनैतिक नेतृत्वमा समेत नरहेको गुनासो अहिले पनि सुनिन्छ । तैपनि आफ्नो मानसिक क्षमताअनुसार लेखकहरुले लेखक सङ्घर्षलाई अघि बढाएको पाइन्छ । दोस्रो चरणमा सिर्जनात्मक लेखनमा मात्र तीब्रता आएको नभै मूल्याङ्कन र विश्लेषणमा पनि नवीनता, वैज्ञानिकता र व्यवस्थितपनको मात्रा बढी पाइन्छ । हुन त यही कालमा नै सिङ्गो नेपाली साहित्यमा अनेकौं प्रयोगहरु विश्रृङ्खल विचारहरु र अराजक लेखनलाई राज्यले संरक्षण दिँदै अघि बढायो । परन्तु जनस्तरमा भने प्रगतिशील भावधाराका ससुङ्गत, सन्देशमूलक, प्रगतिशील तथा पुरातनवादी विचारधाराका रचनाहरु नै लोकप्रिय रहे । नयाँ-नयाँ प्रतिभाहरुले प्रगतिवादी अध्ययनलाई गहिरो बनाउँदै लेखन कार्यमा जुटे । सङ्गठन र सङ्घर्षका क्षेत्रमा सिद्धान्तको प्रयोग गर्दै सरल सिर्जना, जनवादी सङ्कल्प र सेवाभावले साहित्य र कलाको विकास गरे । यसै पृष्ठभूमिका आधारमा तेस्रो चरण निर्धारण भएको छ । पञ्चायति निरङ्कुशता, सेन्सरसिप र शक्तिपूजाको विरुद्धमा जनमत निर्माण गर्दै प्रगतिशील तथा प्रगतिवादी लेखन कार्य

---

[द्घघ] विष्णु प्रभात, पूर्ववत्, पृ. ७८-८० ।

अगाडि बढेको थियो । प्र .ले .स.ले आफ्नो तेस्रो चरणको यात्रामा महत्वपूर्ण कामहरु गर्न नसकेपनि प्र .ले .स.ले गर्ने साहित्यिक कार्यक्रम गतिविधि, गोष्ठी तथा विशिष्ट प्रतिभालाई सम्मान गरेको देखिन्छ । यसै समयमा संस्थाको साङ्गठनिक विस्तार तीव्र रुपमा भएको पाइन्छ । विभिन्न साहित्यकार तथा ख्याती प्राप्त साहित्यकारहरुको जन्म जयन्ती मनाउने र नयाँ-नयाँ प्रतिभालाई प्रगतिवादी साहित्य सिर्जना गर्नमा हौसला प्रदान पनि गरेको देखिन्छ । वेलावेलामा संस्थाका पदाधिकारी बीच मनमुटावले संस्था शिथिल बन्न पुगेको तर त्यस्ता समस्याको समाधान गरी निरन्तर आफ्नो यात्रामा अगाडि बढेको देखिन्छ । यही समयमा प्रगतिशील लेखक सङ्घको प्रथम राष्ट्रिय सम्मेलन पनि सम्पन्न भएको पाइन्छ ।

तेस्रो चरणमा आएर संस्थालाई आफ्नो कार्य गर्नमा निकै समस्या परेको देखिन्छ । देशमा पञ्चायती शासन व्यवस्थाले गर्दा थुप्रै निर्दोष नागरिक, बुद्धिजीवीहरुलाई समेत विभिन्न बहानामा फसाएर गुप्त हत्या गरी वेपत्ता पार्ने, जेल हाल्ने र सताउने काम भएको देखिन्छ । (२०३६) को सङ्घर्ष पछि केही खुकुलोपन देखा परेको पाइन्छ । तर सरकार लगत्तै दमनमा उत्रिन पुग्छ र त्यही समयमा संस्थाका संयोजक लगायतका अन्य स्रष्टालाई पक्राउ गरिन्छ ।[द्धढ] यसैबीच राष्ट्रिय सम्मेलन तयारी समितिलाई सक्रिय पार्ने अभिप्रायले (वि.सं. २०४४ जेष्ठ ९) गते बालाजु स्थित साहित्यकार पारिजातको निवासमा एउटा भेला डाकिएको देखिन्छ, भने शक्ति लम्सालको सभा पतित्वमा सम्पन्न सो भेलामा अन्य थुप्रै प्रगतिवादी साहित्यकारको उपस्थिति पनि देखिन्छ । उनीहरुबीचको व्यापक छलफलबाट तीन प्रस्तावहरु पारित गरेको पाइन्छ ।[द्धछ]

प्रगतिशील लेखक सङ्घको विकासक्रमको तेस्रो चरणमा पनि पुराना नयाँ साहित्यकारले यात्रा तय गरेको पाइन्छ । तेस्रो चरणमा देखा परेका प्रगतिशील साहित्यकारहरूमा रामेश, बामदेव पहाडी, रमेश विकल, भक्त बहादुर नेपाली, मदनमणि दीक्षित, रायन, खगेन्द्र सङ्ग्रौला, नेत्रलाल अभागी, पारिजात, मोदनाथ प्रश्रित, रघु पन्त, जगदीशचन्द्र भण्डारी, मुरारी अर्याल, निनु चापागाईं, शक्ति लम्साल, जनकप्रसाद हुमागाईं, दुर्गालाल श्रेष्ठ, मल्ल के. सुन्दर, आनन्ददेव भट्ट, पद्मरत्न तुलाधर, घनश्याम ढकाल, विमल निभा, भवानी पाण्डे, नारायण ढकाल, खगेन्द्र सङ्ग्रौला, रविलाल अधिकारी आदि साहित्यकारहरूको सक्रिय भूमिका निर्वाह गरेको देखिन्छ ।

यसरी तेस्रो चरणमा पुराना साहित्यकारहरुले निरन्तर साहित्य सिर्जना गरेको अवस्था रहेको छ भने नयाँ-नयाँ प्रगतिवादी साहित्यकारका हातहरुले पनि विशिष्ट खालका रचनाहरु पस्किएका

---

द्धढ विष्णु प्रभात, पूर्ववत्, पृ.१११ ।

द्धछ ऐजन, पृ. ११५ ।

छन् भने यसै समयमा पञ्चायती व्यवस्थाका विरुद्धमा भएको आन्दोलनमा सक्रिय सहभागी हुँदै पटक-पटक गिरफ्तारीमा परेका साहित्यकारहरूमा वैचारिक द्वन्द्व भएको देखिन्छ । यसै चरणमा क्रान्तिकारी र संसदवादी धार र प्रवृत्तिले सङ्गठनलाई प्रभाव पारेको पनि देखिन्छ । साहित्यकार पारिजात र मोदनाथ प्रश्रित बीचको वैचारिक द्वन्द्व पनि यसै चरणमा चर्केको पाइन्छ ।

## ३.२.२.४ प्रगतिशील लेखक सङ्घको विकासक्रमको चौथो चरण

प्रगतिशील लेखक सङ्घको विकासक्रमको चौथो चरण (वि.सं. २०४६) देखि हालसम्मको अवधिलाई मानिएको छ । संस्थाको चौथो चरणको यात्रामा केही सहजता स्थिति देखिन्छ । देशमा ( २०४६) सालमा प्रजातन्त्रको पूर्नस्थापना हुनु र नागरिकमा आएको चेतना र स्वतन्त्रताका कारणले साहित्य सिर्जना गर्ने उपयुक्त वातावरण हुँदाहुँदै पनि नेपाली साहित्यको प्रगतिशील तथा प्रगतिवादी धारामा अपेक्षित उत्साह देखा परेन । एकातर्फ पञ्चायती विरोधी सङघर्षमा निर्दलीय निरङ्कुशताविरोधी जुन एकता निर्माण भएको थियो त्यो बहुदलीय शासन प्रणाली पुनस्थापना भएपछि कायम हुन सकेन । अर्कोतर्फ स्वयम् प्रगतिवादीहरुमा पनि आन्दोलनको प्राप्तिलाई ठीक ढङ्गले हेर्ने दृष्टिकोणमा समस्या रहनुका कारणबाट पनि आशा गरेजस्तो गतिशीलता पैदा हुन सकेन कतिपय साहित्यकारहरु सांस्कृतिक आन्दोलनमा भन्दा राजनीतिक आन्दोलनमा संलग्न हुनु, उदारवादी स्रष्टाको रुपमा देखिन चाहने पूँजीवादी लेखकहरुले आफ्नो उद्देश्य प्राप्त भएको महशुस गर्नु, सङ्घ-संस्थाहरु बीच एकताको कमीले साहित्यिक संस्थाहरुको कार्यमा शिथिलता पैदा भएको पाइन्छ । यस्तै परिवेशमा सङ्गठनात्मक क्रियाशीलता पनि मन्द गतिले लतारियो र (२०४८ साल असोज ५) गते बल्ल दोस्रो राष्ट्रिय सम्मेलन आयोजना भएको देखापर्छ ।

२०४८ मा भएको दोस्रो राष्ट्रिय सम्मेलनले श्यामप्रसाद शर्माको अध्यक्षतामा १७ सदस्यीय केन्द्रीय समिति ९ जनाको केन्द्रीय सल्लाहकार समिति गठन गऱ्यो । त्यस्तै गरेर प्रगतिशील लेखक सङ्घको तेस्रो राष्ट्रिय सम्मेलन (वि.सं. २०५० पुष १६ र १७) मा थापाथली इन्जिनियरिङ क्याम्पसमा सम्पन्न भयो । प्रगतिवादी साहित्यकार गोविन्द भट्टले उद्घाटन गरेको उक्त सम्मेलनको सभापति संस्थापक अध्यक्ष श्यामप्रसाद शर्माले गरेका थिए । यस सम्मेलनले पनि श्यामप्रसाद शर्माकै अध्यक्षतामा पदाधिकारीको निर्विरोध चयन भयो ।[५८] संस्थाको चौथो राष्ट्रिय सम्मेलन ( २०५२ फागुन ११ र १८) गते काठमाडौंमा सम्पन्न भयो । सो सम्मेलनमा देशका विभिन्न भागवत

[५८] विष्णु प्रभात, पूर्ववत्, पृ.१३६ ।

१७३ जना प्रगतिशील साहित्यकारको सहभागिता रहेको थियो । अन्त्यमा सोही सम्मेलनले गोविन्द भट्टको अध्यक्षतामा नयाँ केन्द्रीय समितिको साथै राष्ट्रिय परिषदको निर्वाचन गरेको थियो ।[द्धठ]

प्रगतिशील लेखक सङ्घको चौथो राष्ट्रिय सम्मेलन हुन केही समय अगाडि नेपाली राजनीतिमा नेपाली कम्युनिष्ट आन्दोलनको एउटा धार ने.क.पा. (माओवादी) ले जनयुद्धको घोषणा गर्न पुग्यो । सशस्त्र युद्धको कार्यदिशा मार्फत सशस्त्र सङ्घर्षलाई आन्दोलन र क्रान्तिको लक्ष्य बनाउँदै जर्वजस्त राष्ट्रिय शक्तिका रुपमा विकसित माओवादी पार्टी भित्र प्रगतिवादी स्रष्टाहरुले जनयुद्धको चित्रण गर्दै साहित्य सिर्जना गर्न थाले । यसका सशक्त र चर्चित स्रष्टाहरु भूमिगत हुन बाध्य भए । देशमा प्रजातान्त्रिक सरकार हुँदाहुँदै पनि माओवादीका भागलाई सम्बोधन नगर्नु, माओवादी प्रभावित क्षेत्रमा दमनलाई अति तीब्र पार्नु, एकतर्फी रुपमा माओवादीका नाममा प्रतिशोध लिनुजस्ता क्रियाकलाप हुँदाहुँदै पनि माओवादीहरुले आफ्नो शक्तिलाई सुदृढ गर्दै लैजानुले ५० को दशकमा यो शक्तिलाई सरकारले सम्बोधन नगर्नुपर्ने देखियो । पञ्चायतकालमा नेत्रलाल अभागी जस्ता स्रष्टाहरु बलिदान हुनु परेको थियो । यसकालमा पनि कृष्ण सेन इच्छुक डि. कौडिन्य लगायतका स्रष्टा शाहीसेना द्वारा मारिए । नेपालको इतिहासमा स्रष्टाहरुको सोभ्कै हत्या भएको यो पहिलो घटना हो ।[द्धड]

२०५० को दशकको यही पृष्ठभूमिमा निरङ्कुश राजा ज्ञानेन्द्रले (२०५९) असोजमा प्रतिगमन गरी आफ्नो हातमा शासनसत्ता लिए भने (२०६१ माघ १९) मा निरङ्कुश तन्त्ररुपी फौजी शासनको शुरुवात गरे । यसरी (२०५२ देखि २०६२) सम्मका १० वर्षहरु नेपाली इतिहासमा विविधतामय, आँधीमय र निरङ्कुशताका उतारचढावका वर्षहरुका रुपमा रहे । निरङ्कुशकालमा नेपाली जनताले कहिल्यै नभोगेका दमन, यातना र पीडा भोग्न बाध्य भए । सेना र प्रहरीद्वारा हुने हत्या, बलात्कार र यातनाजस्ता कुरा सामान्य रहे । कवि पूर्णविराम साहित्यकार नवीन विभास, कवि पोषनाथ पौडेल, चेतकान्त चापागाई र रविकिरण जस्ता स्रष्टालाई वेपत्ता पार्ने यातना दिने काम भए ।[द्धढ]

देशको विद्यमान परिस्थितिमा कारण यस चरणमा संस्थाको आन्दोलनकारी भूमिका बढिरहनु स्वाभाविक थियो । ५० को दशकको पूर्वार्द्धमा सङ्घका सिर्जनात्मक क्षेत्रबाट आफ्नो यात्रालाई अगाडि बढायो। यस कालमा सङ्घका शाखाहरु विस्तार गरिए भने सांस्कृतिक वैचारिक क्षेत्रमा निरन्तर गरिने कार्य सम्पन्न भए । सत्ताद्वारा गरिने हत्या, हिंसा र दमनका विरुद्व सङ्घले निरन्तर

---

[द्धठ] ऐजन, पृ. १३९ ।

[द्धड] रमेश प्रसाद भट्टराई, पूर्ववत्, पृ. १३ ।

[द्धढ] रमेश प्रसाद भट्टराई, पूर्ववत्, पृ. १३ ।

आवाज उठाइरहयो । उत्तरार्द्ध र ६० को दशकको दुईवर्षमा भने प्रगतिशील लेखक सङ्घ आन्दोलनमै सहभागी हुनुपऱ्यो । (२०६२/०६३) को आन्दोलनमा त सङ्घको मुख्य काम आन्दोलनलाई ठानेर सम्पूर्ण समय सङ्घर्षम विताउनु पऱ्यो ।

यसैक्रममा प्रलेसको पाँचौ राष्ट्रिय सम्मेलन फाल्गुन २८, २९ (वि.सं. २०५६) सम्पन्न भयो । सो सम्मेलनले निनु चापागाईलाई अध्यक्षमा निर्वाचित गरी १९ सदस्य केन्द्रीय समिति बनाएको थियो ।[छण]

प्रगतिशील लेखक सङ्घको छैठौं राष्ट्रिय सम्मेलन (२०५९ फाल्गुन २४ र २५) गते कीर्तिपुर स्थित त्रिभुवन स्मृति भवनमा सम्पन्न भएको देखिन्छ भने निनु चापागाईको सभापतित्वमा सम्पन्न कार्यक्रमको उद्घाटन श्यामप्रसाद शर्माले गरेका थिए । उक्त सम्मेलनले आनन्द देव भट्टराइलाई अध्यक्षमा निर्वाचित गरेको देखिन्छ ।[छज्ञ] सङ्घको सातौं राष्ट्रिय सम्मेलन इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकमा २०६३।२।२८,२९ गते सम्पन्न गरेको र श्यामप्रसाद शर्माले सम्मेलनको उद्घाटन गरेको देखिन्छ । उक्त सम्मेलनले लिनु चापागाईको  अध्यक्षतामा २७ सदस्यीय केन्द्रीय समिति निर्माण गरेको देखिन्छ ।[छद्द]

### ३.२.२.५ लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लेखक सङ्घका स्रस्टाको भूमिका

यस सङ्घले आफ्नो स्थापना कालदेखि धेरै समस्याका बाबजुद पनि आफ्नो यात्रालाई निरन्तरता दिने क्रममा समय-समयमा संस्थाले आन्दोलनको नेतृत्व गर्दै आएको छ । (२०३६) सालको सङ्घर्ष होस् या (२०४६) सालको आन्दोलनमा सङ्घले आफ्नो संलग्नता देखाएको. पाइन्छ । पछिल्लो समयमा भएको (२०६२/०६३) को आन्दोलनमा पनि प्रलेस र यस संस्थासँग आवद्ध साहित्यकारले भूमिका महत्वपूर्ण देखिन्छ ।

पछिल्लो चरणमा नेपालमा भएका राजनीतिक उतारचढाव तथा तत्कालीन राजा विरेन्द्रको हत्याा (वि.सं. २०५८ जेठ १९) गते हुनु र राजपरिवारका सम्पूर्णको वंश नाश हुनु तर अरु सुरक्षित रहनु, माओवादी युद्धले एकपछि अर्को सफलता प्राप्त गर्दै जानु, ज्ञानेन्द्रले (२०५९) असोजनमा कु गरेर सत्ता हातमा लिनु र नेपाली जनतामा राजपरिवार प्रति वितृष्णा हुनु जस्ता कतिपय कारणले लोकतान्त्रिक आन्दोलन (२०६२/०६३) सुरुवात भयो । राजा ज्ञानेन्द्रले          गरेर सत्ता आफ्नो हातमा लिँदै (२०६१ माघ १९) बाट निरङ्कुशतन्त्ररुपी फौजी शासनको शुरुवात गरे । आजका

छण पाँचौ राष्ट्रिय सम्मेलन, प्रलेस, (२०५६, प्रतिवेदन, वर्ष ५ अङ्क ११, २०५७) पृ. १५९ ।

छज्ञ विष्णु प्रभात, पूर्ववत्, पृ. १५७ ।

छद्द प्रलेसको सातौं राष्ट्रिय सम्मेलन, (वर्ष ११, अङ्क १५, २०६३), पृ. ६९ ।

नेपाली जनताले भने मध्ययुगीन सामन्ती निरङ्कुशतालाई स्वीकार गर्ने पक्षमा थिएनन् । नेपाली जनता हिजो पनि सामन्तवादी निरङ्कुशताका विरुद्ध एवम् जनवादी लोकतन्त्रका पक्षमा सङ्घर्षरत थिए आज पनि छन् । गणतन्त्रको प्राप्तिका लागि वर्गसङ्घर्षलाई तीव्रता, साम्यवादी शक्तिहरु एवम् लोकतन्त्रमा आस्था राख्ने लोकतान्त्रिक शक्ति लगायत नागरिक समाज सबैको एउटै साझा नारा बनेको थियो । लोकतान्त्रिक गणतन्त्रको स्थापना नेपाली इतिहासमा एउटा कुरा अव छर्लङ्ग भइसकेको छ । नेपाली जनता सामन्ती निरङ्कुशता र त्यसको सम्मप्रभुतासहितको पूर्ण लोकतन्त्र अब बहुसङ्ख्यक नेपालीको चाहना मात्र होइन न्यूनतम माग वा कार्यक्रम पनि बन्न पुगेका छ ।[छघ] अर्कोतिर राजनीतिक पार्टीहरु पनि एकजुट हुँदै आफ्नो सक्रियतालाई बढाउँदै थिए । सवैभन्दा सक्रिय कलाकार, लेखक नै रहे । जनतामा चेतनाको दीयो बाल्दै ठाउँठाउँमा सभा, गोष्ठी तथा कविता वाचन गरिए । यसरी (२०५२) देखि २०६२ सम्मका १० वर्ष नेपाली इतिहासमा विविधतामय, आँधीमय र निरङ्कुशताका उतारचढावका वर्षहरुका रुपमा रहे । निरङ्कुशकालमा नेपाली जनताले कहिल्यै नभोगेको दमन, यातना र पिडा भोग्न बाध्य भए । सेना र प्रहरीद्धारा हुने हत्या, बलात्कार, यातना जस्ता कुराहरु सामान्य बने । कवि पूर्णविराम, साहित्यकार नवीन विभास, पोषनाथ पौडेल, चेतकान्त चापागाई र विकिरण निर्जीव जस्ता स्रष्टाहरुलाई वेपत्ता पार्ने यातना दिने कामहरु भए ।[छद्ध]

६० को दशकको ३ वर्षमा भने प्रलेसले आन्दोलनमै सहभागी हुनपर्‍यो । २०५९ पछि २०६२ सम्मका अवधि त सङ्घको केन्द्रीय कार्यका रुपमा नै आन्दोलित केन्द्रित हुनपर्‍यो । यसभन्दा पूर्व सङ्घले महाकाली सम्झौता, राज्यआतङ्क लेखक कलाकारले धरपकड, जनअधिकार खोस्ने कालो विधेयकविरोधी आन्दोलनमा सहभागिता जनाएको थियो । कवि कृष्ण सेन, कौडिन्यको हत्या, प्र.ले.स.का केन्द्रीय सदस्य ईश्वरचन्द्र ज्ञवालीको गिरफ्तारी, देशमा जबर्जस्त थोपारिएको सङ्कटकाल र दमन तथा जनसरोकारका अन्य विषयमा आवाज उठाउँदै आएको देखिन्छ ।[छछ]

प्रतिगमन विरोधी आन्दोलनमा प्रगतिशील लेखक सङ्घ र यससँग आवद्ध स्रष्टाहरुको भूमिका महत्वपूर्ण रहेको छ । त्यो आन्दोलन मूलतः काठमाडौंमा केन्द्रित रहे पनि यसले पोखरा, धरान, झापा, विराटनगर, रौतहत, हुँदै रुपन्देही र नेपालका अन्य जिल्लाहरु नेपालगञ्जसम्म विस्तार गरेको देखिन्छ । (२०६० भाद्र १३) मा ''प्रतिगमनका विरुद्ध अग्रगमनका

[छघ] रमेश प्रसाद भट्टराई, पूर्वतत्, पृष्ठ १२ ।

[छद्ध] रमेश प्रसाद भट्टराई, पूर्वतत्, पृष्ठ १२ ।

[छछ] ऐजन, पृ. १३ ।

सम्भावनाहरु" शीर्षकमा गोष्ठी कार्यक्रम सम्पन्न गरेको देखिन्छ । (२०६० साउन ४) गते गठित प्रतिगमन विरोधी स्रष्टाहरुको सङ्घर्ष समितिको निर्माण प्रलेसको विशेष पहलमा भएको पाइन्छ । सङ्घका तत्कालीन अध्यक्ष आनन्ददेव भट्ट, सल्लाहकार निनु चापागाई, सचिव रमेश भट्टराई, अमर गिरी, डा. ताराकान्त पाण्डे, जगदीशचन्द्र भण्डारी, रुद्र खरेल लगायतका स्रष्टा सहभागी भएको देखिन्छ । (२०६१ वैशाख ९) मा प्रज्ञाप्रतिष्ठानमा कविता गोष्ठी गरी सङ्घले सङ्गठित रुपमा सम्पूर्ण सदस्य र कविहरुलाई उपस्थितिका लागि अनुरोध गर्दै दुई दर्जन कविको कविता वाचन पछि गरिएको प्रदर्शनमा ६० जना गिरफ्तार भएको र गिरफ्तारमध्ये ४३ जना स्रष्टा यसै सङ्घसँग आवद्ध स्रष्टा थिए ।

२०६२/०६३ सम्मको सम्पूर्ण समय नै सङ्घ आन्दोलनमा केन्द्रित रह्यो भने यस आन्दोलनमा प्रगतिशील लेखक सङ्घसँग आवद्ध स्रष्टा र यसै संस्थासँग सम्बद्ध अन्य संस्थाहरुको भूमिका पनि सन्तोषजनक नै रह्यो । निरङ्कुशतन्त्रका विरुद्धको आन्दोलन नेपाली जनताको संयुक्त आन्दोलन थियो । यस आन्दोलनमा सात राजनैतिक दल, ने.क.पा. माओवादी र नागरिक समाज सक्रिय रहे । (२०६१ साउन २३) गते गठित लोकतान्त्रिक स्रष्टाहरुको संयुक्त मञ्चको नेतृत्वमा प्रगतिशील लेखक सङ्घका मोरङ, पोखरा, सुनसरी, झापा, रुपन्देही, सिरहा, उदयपुर, चितवन, मकवानपुर लगायतका शाखाहरुको भूमिका राम्रो रह्यो ।[छट]

२०६२ चैत्र २४ गते देखि सात राजनीतिक पार्टीको आह्वान र ने.क.पा. माओवादीको समर्थन र सहभागीता सहित देशमा उथल-पुथलकारी जनआन्दोलन शुरु भयो । आम हड्ताल प्रारम्भ भयो । प्रगतिशील लेखक सङ्घले यस आन्दोलनमा प्रारम्भ देखि नै सक्रिय सहभागिता जनायो । यसै क्रममा मञ्चका अध्यक्ष आनन्ददेव भट्ट चैत्र २४ मै मैतीदेवीबाट गिरफ्तार भए, भने सल्लाहकार निनु चापागाई, डा. जगदीशचन्द्र भण्डारी लगायतका साहित्यकार वसन्तपुरबाट गिरफ्तार भए ।[छठ] स्नेह सायमी आदिले कपनको मोर्चा, मातृका पोखरेल, राजेन्द्र सुवेदी, बिजय सुब्बाले कोटेश्वरको मोर्चाको नेतृत्व लिए ।[छड]

२०६२/०६३ को आन्दोलनमा शाखाहरुको भूमिका पनि महत्वपूर्ण रह्यो । सङ्घका शाखाहरुले कतै स्वतन्त्र रुपमा कतै लोकतान्त्रिक स्रष्टा मञ्चसँग संयुक्त भई आन्दोलनलाई अगाडि बढाए । सुनसरी शाखाले सडक गोष्ठी र अन्य गोष्ठी सम्पन्न गऱ्यो । झापामा लोकतान्त्रिक

---

[छट] रमेश प्रसाद भट्टराई, पूर्वतत्, पृष्ठ १७ ।

[छठ] ऐजन, पृ. १८-१९ ।

[छड] ऐजन, पृ. १९ ।

स्रष्टाहरुको साभा कार्यक्रममा प्रगतिवादी स्रष्टाहरुले महत्वपूर्ण भूमिका खेले । रुपन्देहीमा रामचन्द्र भट्टराई, बुढा राना जीवन शर्माको योगदान रह्यो । पोखराका स्रष्टाहरु पनि आन्दोलनको अग्रभाग मै रहे । धनगढी शाखाको पनि आन्दोलनमा उल्लेख सहभागिता रह्यो ।[छढ]

प्रगतिशील लेखक सङ्घ सामन्तवाद-साम्राज्यवाद विरोधी चरित्रका कारण जन्मकालदेखि नै नयाँ संस्कृतिको निर्माणमा यो क्रियाशील छ । (२०३२) सालको तिहारमा प्रगतिशील देउसी भैलो खेली निरङ्कुशतन्त्रविरोधी चेतना फैलिएकोलाई उदाहरणका रुपमा लिन सकिन्छ यति हुँदाहुँदै पनि प्रगतिशील लेखक सङ्घभित्र कतिपय अवस्थामा गलत विचारले प्रवेश पाएको देखिन्छ । स्रष्टाहरु विचार आन्दोलनबाट मुक्त हुनुपर्छ भन्ने सोचलाई बदल्न सक्षम भई अन्य खेमाका स्रष्टालाई पनि विचारधाराको मूल प्रवाहमा समाहित गर्न सक्नुले नेपालको प्रगतिवादी साहित्य आन्दोलनले विशेष स्थान प्राप्त गरेको ठहर्छ ।

प्रलेसको मूल काम सिर्जनालाई अघि बढाई प्रगतिशील साहित्यको श्रीबुद्धि गर्नु हो । यति भएर पनि स्रष्टाहरु राष्ट्रिय समस्यामा चुप बस्न सक्दैनन् र सिर्जनाकासाथ सडकमा उत्रन्छन् । प्रगतिशील लेखक सङ्घले आफ्नो इतिहासको पाँच दशक भन्दा लामो यात्रामा यही कुराको पुष्टि गरेको छ ।

## ३.३ प्रगतिशील लेखक सङ्घ दाङको विकासक्रम

### ३.३.१ प्रगतिशील लेखक सङ्घ दाङ शाखाको निर्माण पृष्ठभूमि

शोषण र उत्पीडनको विरुद्ध श्रमजीवी वर्गको पक्षमा लेखिएको अग्रगामी दिशा निर्देश गर्ने साहित्य नै प्रगतिशील साहित्य हो । दाङ जिल्लाको प्रगतिशील साहित्य, कला, संस्कृति र राजनीतिको भिँक्रोमा भ्याङ्गिँदै आएको पाइन्छ ।

दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रा त्यति लामो देखा पर्दैन । थारु जातिको बाहुल्यता रहेको दाङ जिल्ला शिक्षाको कमिले गर्दा भनेजस्तो साहित्यको विरुवाले समयमा नै भाङ्गिने मौका पाएन् । जब रोल्पा, रुकुम, सल्यान, प्युठान र विभिन्न अन्य जिल्लाबाट दाङ जिल्लामा बसाई सर्ने लहर आउन थाल्यो, त्यसपछि नै दाङ जिल्लामा प्रगतिशल साहित्ययात्राले बाटो कोरेको देखिन्छ । दाङ जिल्लाको प्रगतिशील साहित्यको विधिवत् न्वारान हुन समय लागे पनि जव राणाशासनको विरुद्ध लड्दा चार शहिदले शाहदत प्राप्त गरे त्यसपछि दाङमा विद्रोहको स्वरहरु चर्को रुपमा उठ्न थाल्यो । गरिवजति एकजुट भए । ठूलबडा मालिकका दिन गए । मान्छे मार्ने राणा शासन नेपालमा

[छढ] रमेश प्रसाद भट्टराई, पूर्वतत्, पृ. १८, १९ ।

चाहिँदैन जस्ता गीतहरुबाट गाइनेहरुले गाउँगाउँमा चेतनाको लहर फैलाउँदै हिड्न थाले । लोकगीतको भाकामा सारङ्गी रेट्दै दाङ् जिल्लाको विभिन्न स्थानमा जनताका दुःख र पीरमर्काका गीत गाउन थाले । मान्छेमा चेतनाको लहर बढ्न थाल्यो। दुःख गरेर खान हुन्छ, दुःख गर्नलाई लाज मान्नु हुँदैन भन्ने मान्यताका साथ २००६ सालपछि जनताहरुद्वारा राणाहरुको विभिन्न कोणबाट विरोध हुन थाल्यो । यसरी समाजको तत्कालीन परिवेशले ल्याएको विद्रोह, चेतना अचेतन र चेतना मनबाट साहित्यको माध्यमबाट प्रष्फुटित हुँदै आयो । यो क्रान्तिकारी भावना अहिले पनि घडेरीमा मूलापात मौलाए झैं मौलाइरहेको छ र त्यसको प्रतिविम्व साहित्यमा प्रकट भइरहेको छ ।

राणाशासनको अन्त्यपछि सुसुप्त रुपमा रहेको प्रगतिशील साहित्यिक आन्दोलनको खुलापनको महशुस गरि सवै क्षेत्रमा हात बढायो । कविता, कथा, लोकगीत तथा नाटक, पत्रपत्रिका आदिको विकासमा केही युवाहरुको अग्रसरता बढ्न थाल्यो । श्रमजीवीवर्गको दुःखपीडाका कथा-व्यथालाई नाटकको माध्यमबाट सशक्तरुपमा व्यक्त गर्न थाले । संस्कृतिको क्षेत्रमा जस्तै गाईजात्रामा हाँस्यव्यग्यको माध्यमबाट शोषक, सामन्त तथा घरकी सासु र लोग्ने मान्छेले स्वास्नीमान्छेमाथि गर्ने गरेको शोषणको व्यङ्ग्यरुप प्रकट हुन थाले । तिहारजस्तो महत्वपूर्ण चाडमा खेलिने द्यौसी-भैलो कार्यक्रमलाई पनि प्रगतिशील साहित्यसँग जोडेर प्रकट गर्न थालियो ।

विशेष गरी पञ्चायती निरङ्कुशतालाई राजनीतिक पद्धतिका रूपमा लादिएपछि यस निर्णयका विरुद्ध बामपन्थीहरुले साहित्यका माध्यमबाट व्यवस्थाको विरोध गर्न थाले । पार्टी राजनीतिमा जनतालाई प्रभाव पार्ने गतिलो अस्त्रका रुपमा साहित्यलाई प्रयोग गर्दा दाङमा प्रगतिशील साहित्यको विकास भएको पाइन्छ । विशेष गरी विद्यार्थीको अग्रसरमा वातावरण उत्तेजित हुने भएकाले शैक्षिक संस्थाहरु राजनीतिको अखडा बन्न थाले । नाटक तथा विविध सांस्कृतिक कार्यक्रमका माध्यमबाट प्रगतिशील साहित्य सुकेको रुखमा लगाइएको आगो जस्तो सल्किन थाल्यो । छिमेकी जिल्ला रोल्पा, रुकुम, सल्यान, प्यूठान आदि जिल्लामा पनि यसको रापले विस्तारै तताउन थाल्यो । पञ्चायतकालीन समयमा दाङ जिल्लामा प्रगतिशील साहित्यिक यात्राले आफ्नो यात्रालाई खुम्च्याउनु पर्ने अवस्था सिर्जना भयो । विशेष गरेर त्यसवेलामा प्रगतिशील साहित्ययात्रालाई विभिन्न कठिनाईको बाबजुत पनि केही साहित्यकारहरुले जनताको हौसला बढाउन कलमलाई सशक्त पारेको देखिन्छ ।

नारायणप्रसाद शर्मा 'जेलदर्शन' (२०२४), 'हिमाली रत्न' (२०३५) जस्ता नवीन खण्डकाव्य प्रगतिशील काव्य विधाका त्यतिखेरका उल्लेखनीय उपलब्धि हुन् । त्यस्तै गरेर दाङ जिल्लाका बामपन्थी नेता तथा अग्रणी प्रगतिवादी साहित्यकारका रुपमा स्थापित नेत्रलाल पौडेलका विभिन्न

प्रगतिवादी साहित्यकारका रुपमा स्थापित नेत्रलाल पौडेलका विभिन्न प्रगतिशील रचनाहरु प्रकाशित भए जुन कृतिले तानाशाही पञ्चयाती शासन व्यवस्थाको खोइरो खन्ने काम गरेको थियो । उनका कृतिमा "उता हेर" कविता (२०२७) प्रकाशित भएको पाइन्छ । यस कवितामा भोक, रोगले पिडित जनता र यश-आराम खोज्नेहरुको विलासी जीवनका बारेमा प्रकाश पारिएको छ । कवि पौडेलका अन्य कृतिहरुमा "उल्लुसँगको कविता" (२०२२), बहिनी, (२०२४) सालमा क्रमशः सन्देश र अर्न्तध्वनि पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस्ता लेख वा कृति दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रामा सिढीको काम गरेको देखिन्छ । त्यस्तै गरेर दाङ जिल्लाको प्रगतिवादी अर्का साहित्यकार गिरीराज शर्माको योगदान पनि भूल्न सकिदैन । "शुन्य गगनका तारालाई" (२०२२) सालमा पहिलोपटक कविता प्रकाशित गर्दै साहित्यकार शर्मा दङ्गाली धर्तीमा उदाएको देखिन्छ । साहित्यकार गिरिराज शर्माका अन्य कृति पनि प्रकाशित भएको पाइन्छ । जस्तै "छात्र र बटुवा" ( २०२२), र "मानवता कसरी आउँछ"प्रकाशित गरेर केही भएपनि दाङ जिल्लाको सुकेको रुपमा रहेको प्रगतिशल साहित्यको बाँझो धर्तीमा केही भए पनि सिचाई गरेको पाइन्छ ।

प्रगतिशील स्रष्टाहरू दाङ जिल्लामा धेरै भएपनि कसैले कृति नै प्रकाशित गरेको पाइँदैन । कसैले तयारी हालतमा पनि आर्थिक अभावका कारणले प्रकाशित गर्न नसकेको देखिन्छ भने केही वा थोरै साहित्यकारले मात्र विभिन्न साहित्यिक, पाक्षिक वार्षिक जस्ता साहित्यिक पत्रपत्रिकाको माध्यमबाट कृति प्रकाशित गरेको पाइन्छ । यसरी जनताको पक्षमा आफ्ना भावनाहरु पोख्ने स्रस्टाहरु दाङमा प्रशस्त देखिए पनि यसको लेखा-जोखा, खोजीनीति हालसम्म भएको देखिदैन् ।

यही इतिहासको पृष्ठभूमिमा दाङको प्रगतिशील साहित्य हालसम्म अघि बढेको छ । प्रगतिशील साहित्यको विकासमा सांस्कृतिक पक्षको भूमिका ज्यादै राम्रो रहेको छ । त्यसै गरी ( २०३६) सालको किसान आन्दोलनदेखि (२०५२) सालको माओवादी विद्रोहले प्रगतिशील साहित्य आन्दोलनको उर्वर भूमिका रुपमा दाङलाई स्थापित गरेको छ । नेपालमा गणतन्त्र आउँदो अवस्थासम्म नेत्रलाल पौडेल, नारायणप्रसाद शर्मा, कृष्णसेन इच्छुक, रामप्रसाद जैसी, यज्ञबहादुर डाँगी, नवीन विभास, सुष्मा शर्मा, हिरामणि दुःखी, अमर गिरी, गिरिराज शर्मा, पुरुषोत्तम खनाल, खगेश्वर भण्डारी, हस्तबहादुर के.सी., पद्मप्रसाद शर्मा, सुर्यप्रसाद सापकोटा, जनकवि धर्मराज वैरागी, शेषमणि घिमिरे, शरद देवकोटा, के.एल.पिडित, लगायतका प्रगतिशील साहित्यकारहरूले दाङ जिल्लाको प्रगतिशील साहित्यिक यात्रामा सक्रिय भूमिका खेलेको पाइन्छ ।

### ३.३.२ प्रगतिशील लेखक सङ्घ दाङको विकासक्रम

१०४ वर्ष निरङ्कुश राणा शासनको विरुद्धमा चेतनशील युवाहरुले विद्रोहको मशाल जालाए । एकातिर राजनैतिक सङ्गठनहरु जन्मदै र सशक्त हुँदै आए भने अकोतर्फ युवाहरुले विभिन्न सांस्कृतिक संस्थाहरु खोल्ने, पुस्तकालय खोल्ने, पत्रपत्रिका प्रकाशन गर्ने जस्ता कार्यले मानिसमा पढ्ने, नयाँ कुरा जान्ने बुझ्ने, कुतुहल जागृत भयो । अर्कोतर्फ लेख, रचना प्रकाशित गर्ने, जनसाहित्यको विकास गर्ने अभियान पनि त्यत्तिकै जुर्मुरायो र साहित्यलाई प्रगतिशील खेमा र सत्तामुखी  खेमा गरी २ धारमा बलात वर्गीकरण गरियो । प्रगतिशील फाँटमा कलम चलाउनेहरु जेलमा कोचिन थाले, तर विचारलाई जेलका पर्खालहरुले रोक्न सकेनन् । (२००७ साल भाद्र ९) गते श्यामप्रसाद शर्माको अगुवाईमा नख्खु जेलभित्रै जनसाहित्यमण्डल खोलियो र जेलभित्रै साहित्यिक कार्यक्रम संचालन गरियो । जेलभित्रै प्रगतिशील “तरुण” नामक अर्को साहित्यिक समूह पनि क्रियाशील भयो । त्यसअघि नै सेवा सदनपुस्तक पसलबाट सेवा प्रत्रिका प्रकाशित भई पहिलो प्रगतिशील पत्रिका हुने ऐतिहासिक कार्य आरम्भ भई सकेको थियो ।        (२००५) सालमा नेपालीमा अनुदित कम्युनिष्ट घोषणापत्रले व्यापकता पाउनुका साथै  (२००६) सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापनाले यस अभियानलाई झनै उचाईमा पुऱ्याउने काम गऱ्यो ।

प्रगतिशील साहित्यिक आन्दोलनलाई विश्व राजनैतिक घटनाक्रमले पनि विकास गर्दै ल्याएको छ । रुसी अक्टोवर क्रान्ति, चिनियाँ जनक्रान्ति, सांस्कृतिक क्रान्ति, पेरिस कम्युन र त्यसक्रममा देखापरेका साहित्यकारहरु कलेमे जनभाले जस्ता साहित्यकारहरुको प्रभाव बढ्दै गयो । सङ्ग्राम लगायत प्रथम विश्वयुद्धको आतङ्कबाट चिन्तित बुद्धिजीवीहरुको साम्राज्यप्रति तुम्लिएको वितृष्णा एवम् घृणा तथा सर्वहारा सांस्कृतिक क्रान्तिको युरोप भरी उर्लिएको नाराले पनि यो अभियानलाई ठूलो बल प्रदान गऱ्यो । सन् १९९७ मा द्वन्द्वात्मक भौतिकवादका प्रणेता कार्लमार्क्सको समाजवादी सिद्धान्त लिएर रुसमा वर्गविहिन समाजको स्थापना गर्ने तरखर प्रारम्भ भयो । यसको प्रभाव विश्वभर फैलियो । फलस्वरुप १९३५ को नोभेम्वरमा लण्डनमा प्रगतिशील लेखकहरुको एउटा सम्मेलन भयो । विश्वका यिनै क्रान्तिकारी लेखकहरुले “प्रगतिशील लेखक सङ्घ” स्थापना गरे । त्यसको एकवर्षपछि १९३६ मा प्रेमचन्द्रको अध्यक्षतामा भारतमा प्रगतिशील लेखक सङ्घको प्रथम अधिवेशन सम्पन्न भई विश्वभर लेखकहरुलाई सङ्गठित गर्ने कार्य भयो ।

यसरी राष्ट्रिय अन्तर्राष्ट्रिय रुपबाट प्रगतिशील साहित्यिक आन्दोलनले मौलाउने अवसर प्राप्त गर्दै आयो । (वि.सं. २००५) मा भारतको रक्सौलमा रहेका जुझारु युवाहरुले जनप्रंकाशनालय स्थापना गरी महाकावि लक्ष्मीप्रसाद देवकोटाको क्रान्तिकारी कविता “पहाडी पुकार” प्रकाशित गरे ।

पहाडी पुकारलाई नेपाली प्रगतिशील साहित्यको इतिहासमा अन्यन्तै महत्वपूर्ण आरम्भिक रचनाको रुपमा लिइन्छ ।

दाङ जिल्ला जागरुक र परिवर्तन प्रेमीहरुको उद्‌गम स्थल हो । राष्ट्रको एकीकरणदेखि ज्ञान, विज्ञान र कलाको क्षेत्रमा पनि आफूलाई समय-सापेक्ष रुपमा उभ्याउन सफल दाङ राजनीतिक र साहित्यमा पनि कमजोर छैन् । लोकगीत, लोककथा र लोकगाथामा समेत विद्रोहको पाइने ऐतिहासिक छवि बोकेको यो जिल्लाले (वि.स.२००६) को राणाशासनको अन्त्यको पूर्वसन्धादेखि प्रत्यक्ष-अप्रत्यक्ष रुपमा आफ्नो कला साहित्यलाई पनि समय सापेक्ष ढङ्गले अगाडि बढेको पाइन्छ । प्रजातन्त्रको उदयपश्चात् (चीनकाजी श्रेष्ठ) को शाहदत पनि परिवर्तन चाहने युवा रगतको उदाहरण हो । (२००७) सालको परिवर्तन चाहने नेपाली जनतालाई कुनै नयाँ आभास दिन पञ्चायतले सकेन । फलस्वरुप दाङ लगायत विभिन्न जिल्लाका विद्वान्हरुले कलम र कार्य दुवै क्षेत्रमा विद्रोहको प्रारम्भ गरे । यथार्थवादी चिन्तन बोकेका दाङ धर्नाका नेत्रलाल पौडेल र दाङ वर्गद्धीमा जन्मेका नारायणप्रसाद शर्मा साहित्यलाई विद्रोहको स्वरमा उराल्न कोशिस गर्ने साहित्यकारमा रुपमा परिचित छन् । सरकारले दिल्ली सम्झौता गऱ्यो । त्यसको चर्को रुपमा विरोध गर्न थाले साहित्यकारहरुले । (२०१५) को आम निर्वाचनमा पनि दाङको प्रगतिशील विद्रोहले एक हदसम्म भए पनि आफ्नो छवि देखाउने प्रयास भने नगरेको होइन ।

२०१९ सालको पञ्चायतको चौथो संशोधन, (२०२०) को नयाँ मुलुकी ऐन, (२०२४) को गाउँतर्फ राष्ट्रियष अभियानले सारा देशवासीको मनमा विकास भएको कुण्ठासँगै दङ्गालीहरु पनि विद्रोहका आवाज बोकेर जुर्मुराए जसको नेतृत्व नेत्रलाल पौडेल, नारायण प्रसाद शर्मा र गिरिराज शर्माले गरेका थिए । निरङ्कुश शासकले प्रजातन्त्रको घाँटी निमोठ्ने वित्तिकै (२०१७) प्रतिकूल अवस्थाले गर्दा प्रगतिशील कलमहरु केही समय सुस्ताउन विवश भए । वातावररण प्रतिकुल हुँदाहुँदै पनि केही प्रगतिशील साहित्यकारहरुले आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिए । त्यस्ता साहित्यकारहरुमा नेत्रलाल पौडेलको नाम अग्रपक्तिमा आउँछ । उनले (२०२२) मा पहिलो पटक
साहित्यकारहरुमा नेत्रलाल पौडेलको नाम अग्रपक्तिमा आउँछ । उनले (२०२२) मा पहिलो पटक
"उल्लुसँगको" कविता गुराँस पत्रिकामा छयाएको पाइन्छ । त्यसपछि उनका धेरै रचनाहरु विभिन्न पत्रिकामा निरन्तर छापिएको देखिन्छ । (२०१९) 'ज्योत्सना' साहित्यिक पत्रिकामा 'बधाई सन्देश ' प्रकाशित गरेको देखिन्छ भने अन्य कविताहरुमा 'दुइटुक्रा' (२०२४) रहेको छ । त्यस्तै गरेर अर्का प्रगतिशील साहित्यकार गिरिराज शर्माका लेख-रचना विभिन्न साहित्यिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । पहिलोपटक गुराँस साहित्यिक पत्रिकामा (वि.स.२०२२) मा "शुन्य गगनको तारालाई"

प्रकाशित भएको देखिन्छ भने उनका अन्य रचनाहरुमा "छात्र र बटुवा संवाद" (२०२२), "मानवता कसरी आउँछ" (२०२३), "लास परेका यी मेरा दिनहरु"यदि मान्छे यहाँ जन्मेको भए " (२०२५) तिर छापिएको देखिन्छ । दाङ जिल्लाका प्रगतिशील साहित्यकार नारायण प्रसाद शर्माका रचनाहरु त्यसवेलाको समयमा प्रकाशित भएको देखिन्छन् । शर्माका प्रकाशित कृतिहरुमा 'जेलदर्शन' खण्डकाव्य (२०२४) र "हिमाली रत्न" खण्डकाव्य (२०३५) रहेका छन् । माथि दिएका साहित्यकारका रचनाले तत्कालीन राजनैतिक विसङ्गतिलाई चिर्दै समाजभित्र रहेका अज्ञान, अशिक्षा, र निरङ्कुशताका पर्खालहरु भत्काउँदै अन्यायका विरुद्ध जनउभार निर्माण गर्न साहित्यरुपी हतियारको प्रयोग गरेको भेटिन्छ । जे होस् नेपाल निर्माण गर्ने यस दङाली भूमिमा प्रगतिवादी साहित्यलेखन र चिन्तन गर्ने परम्परा (२०२०) को दशकमा केही मात्रामा बढेको प्रंमाणहरु फेला पार्न सकिन्छ ।

दाङ जिल्लामा (२०३४) सालमा दाङ जिल्लाका प्रगतिशील साहित्यकार तथा पत्रकार नारायण प्रसाद शर्माद्वारा सम्पादित 'युगबोध' पत्रिकाको जन्म भएपछि दाङ जिल्लाका प्रगतिवादी साहित्यकारका लेख-रचनाहरु उक्त पत्रिकामा क्रमिक रुपले प्रकाशित हुन थाले । दाङ जिल्लाको प्रगतिशील साहित्य मात्रामा 'युगबोध' पत्रिकाले पुऱ्याएको योगदानको कदर गर्नु पर्ने हुन्छ । त्यस्तै प्रकारले (वि.स.२०३६) सालमा स्थापना भएको दाङ जिल्लाको जेठो साहित्यिक संस्था "राप्ती साहित्य परिषद्" ले पनि प्रगतिशील साहित्यको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सफल भयो । त्यसपछिको समय दाङ जिल्लाको लागि फालिफाप भए पनि देशमा रहेको निरङ्कुश तानाशाही व्यवस्थाले गर्दा ती संस्था र पत्रपत्रिकामा सरकारबाट विभिन्न बहानामा बन्द गराउने काम भए तर पुनः ती संस्था र पत्रिका खुल्दै पनि गए । (२०३६) सालको किसान आन्दोलनले दाङ जिल्ला सङ्घर्षमय बन्यो । त्यस आन्दोलनबाट पनि प्रगतिशील साहित्य यात्राले केही मात्रामा उर्जा प्राप्त गऱ्यो । त्यस्तै प्रकारले (२०३५-०३६) तिरको समयमा विभिन्न पत्रपत्रिकामा प्रगतिशील नवीन साहित्यकार रचनाहरु प्रकाशित हुन थाले । नवोदित साहित्यकार प्रथमप्रसाद शर्माका लेख, रचनाहरु प्रकाशित भए भने सरद देवकोटा यशबहादुर डाँगी, जनकवि धर्मराज वैरागी, अमर गिरी, गणेश शाह, टीकाराम रेग्मी, सूर्यनाथ सापकोटा, दामोदर पोखरेल, राम प्रसाद जैशी, के.एल. पीडित, के.पी. आचार्य, नवीन विभास, आदि साहित्यकारका रचनाहरु प्रकाशित भए । यसरी दाङ जिल्लाको प्रगतिशील साहित्य दुवो झैं फैलन थाल्यो ।

२०४० को दशकदेखि दङाली युवा र अधवैंसे जगतमा प्रगतिवादी साहित्यले प्रशस्त स्थान पायो । पूर्वाद्ध समयमा विभिन्न खालका रचनाहरु प्रकाशित भएपछि पछिल्लो समयमा

समालोचनाका क्षेत्रमा दाङ जिल्लाका साहित्यकारहरुले कलम चलाउन थाले त्यस्ता साहित्यकारमा अमर गिरीको नाम अग्रपङक्तिमा आउँछ । साहित्यकार अमर गिरीले राष्ट्रिय स्तरका पत्रिकामा समालोचनात्मक लेख प्रकाशित गरे भने अर्का नवोदित साहित्कार टीकाराम उदासीले समीक्षात्मक लेख लेख्न थाले ।

२०४६ मा एकातिर देशमा चारैतिरबाट फासिष्ट पद्धतिको विरोधमा सडक, सदन र अन्तर्राष्ट्रिय क्षेत्रबाट समेत चर्को दवाव र मुक्ति आन्दोलनका नाराहरु घन्कदै थिए भने दाङका प्रगतिशील युवाहरले आफ्नो साहितियक आन्दोलनलाई चर्काइरहेका थिए । त्यस्तैप्रकारले दाङबाट अद्यावधिक काठमाडौं प्रवेश गरेका दंगाली प्रगतिशील युवा जमातले वेला मौकामा त्रिचन्द्र क्याम्पस, ल क्याम्पस र विभिन्न साहित्यिक पत्रपत्रिकाहरुमा रचना छपाउने कार्य पनि निकै चर्को रुपमा बढाएका थिए । त्यसवेलामा चर्चामा आएका योजना, पृष्ठभूमि, साप्ताहिक, दृष्टि, महिमा जस्ता साप्ताहिक पत्रिकाले दङाली युवा प्रगतिशल साहित्यकारहरुलाई प्रेरणा प्रदान गरेको कुरालाई पनि नकार्न सकिदैन ।

प्रजातन्त्रको बहाली सँगसँगे जनपक्षीय कला साहित्य र संस्कृतिको पनि व्यापक विकास र विस्तार हुनु पर्नेमा दङाली प्रगतिशील साहित्य भने विगतको तुलनामा ओझेलमा परेको पाइन्छ । ३० को दशकमा मौलाएको प्रगतिशीलता पचासको दशकमा टाक्सिएको जस्तो देखिन्छ । काठमाडौंमै बसोवास गर्ने युवा विद्यार्थीहरुको सङ्गठनले केही उत्प्रेरणा थप्ने काम गऱ्यो ।

देशमा विद्यमान सामन्ती संस्कृतिको विरोधमा सङ्घर्षरत रहेर स्वच्छ वैज्ञानिक तथा मौलिक राष्ट्रिय संस्कृति निर्माणको लागि प्रयत्नशील रहने लेखहरु यस संस्थामा सङ्गठित हुन थाले । त्यसै साङ्गठनिक विस्तार गर्ने क्रममा दाङमा छरिएर रहेका साहित्यकारहरुलाई एकत्रित गरी सङ्गठनका माध्यमबाट अघि बढाउने उद्देश्यले दाङ जिल्लाका अग्रणी प्रगतिवादी साहित्यकारहरु नारायणप्रसाद शर्मा, अमर गिरी, गिरिराज शर्माको अग्रसरतामा अमर गिरी, शरद देवकोटा, पुरुषोत्तम खनाल, हिरामणि दुःखी, यशबहादुर डाँगी, समेत रहेको एउटा भेला आयोजना कमिटिले (२०५० पौष ३) गते भेला आयोजना गऱ्यो । सोही दिन दाङ जिल्लामा प्रथम जिल्ला सम्मेलन तयारी समिति गठन गऱ्यो ।[टण]

केन्द्रीय विधानलार्य मान्ने र सोही विधान अनुरुप आफ्ना कार्यक्रम संचालन गर्ने उद्देश्यले गठन भएको दाङ जिल्ला सम्मेलन आयोजक कमिटिमा संयोजक अमर गिरी सह-संयोजक शरद

[टण] पद्यम प्रसाद शर्मा, "प्रलेस दाङको परिचय", बहिङ्गा, (प्रलेस दाङ, अङ्क १, २०५७), पृ. १८ ।

देवकोटा, सदस्यमा पुरुषोत्तम खनाल, दामोदर पोखरेल, भक्तिराम ज्ञवाली, पदमप्रसाद शर्मा, यज्ञबहादुर डाँगी, शेषमणि शर्मा, हिरामणि दुःखी, हिरा वि.सी. र सुन्दर गौतम रहनु भयो ।[टज्ञ]

२०५० पौष ३ गते गठन भएको जिल्ला सम्मेलन तयारी समितिले (वि.सं. २०५२ माघ १५) मा प्रथम जिल्ला सम्मेलन सम्पन्न गऱ्यो । जसमा अध्यक्षमा अमर गिरीलाई चयन गऱ्यो । त्यसपछि विधिवत् रुपमा दाङ जिल्लाका प्रगतिशील साहित्यकारहरु एकठाउँमा जमघट हुने मौका पाए । त्यसै सिलसिलामा (२०५४ वैशाख १४) गते दोस्रो जिल्ला सम्मेलन सम्पन्न गऱ्यो जसमा अध्यक्षमा पुनः अमर गिरीलाई नै चयन गऱ्यो । देशमा प्रजातन्त्र प्राप्तिले गर्दा निसङ्कोच दाङ जिल्लाका प्रगतिवादी साहित्यप्रति आस्थावान धेरै स्रष्टाहरु यस संस्थाको छहारीमा शीतलताको लागि प्रगतिशील लेखक सङ्घ दाङले ती स्रष्टालाई स्वागत गऱ्यो ।

प्रगतिशील लेखक सङ्घ दाङको तेस्रो जिल्ला अधिवेशन २०५५ जेठ १ मा सम्पन्न भयो, अध्यक्षमा यज्ञबहादुर डाँगीलाई चयन गरियो । यस सम्मेलनले नयाँ सदस्यहरुलाई संस्थामा भित्र्याउने काम गऱ्यो । यसै क्रममा चौथो जिल्ला सम्मेलन (२०५६ चैत्र १९) मा सम्पन्न गऱ्यो सो सम्मेलनले अध्यक्षमा पद्मप्रसाद शर्मालाई निर्वाचित गऱ्यो । वास्तवमा भन्ने हो भने कुनै पनि साहित्यिक संस्थाको परिचय त्यसले गरेका कार्यक्रम गतिविधिका साथम त्यसले गरेका प्रकाशनबाट पाउन सकिन्छ । प्रगतिशील लेखक सङ्घले हालसम्म निम्न पुस्तकहरु प्रकाशन गरेको देखिन्छ । जसमा पहिलो नारायणप्रसाद शर्मा द्वारा रचित कविता सङ्ग्रह “भातेको मान्छे र प्रजातन्त्र” (२०५३), हो भने दोस्रो दाङको प्रतिनिधिमूलक कविका कविताको सङ्गालो“दाङका सुसेलीहरु” (२०५४) हो । अन्य प्रकाशित कृतिहरुमा गणेश शाहद्वारा रचना गरिएको गीति खुतुर्के” गीत बन लप्का र छल्का” (२०६२), नेत्रलाल पौडेलद्वारा रचना गरी गरिएको कविता सङग्रह “वर्गप्रेम” (२०६३) र नवोदित प्रगतिशील दङाली साहित्यकार टीका बस्नेतद्वारा लेखिएको “कोधित मनहरु” मुक्तक सङ्ग्रह रहेको छ । प्रगतिशील लेखक सङ्घ दाङले यसको अलावा विभिन्न अग्रणी प्रगतिवादी साहित्यकारहरुलाई सम्मान गर्दै आएको छ भने विभिन्न राष्ट्रिय -अन्तर्राष्ट्रिय ख्यातीप्राप्त प्रगतिशील साहित्यकारहरुको जन्म-जयन्ती तथा स्मृति दिवश मनाउने क्रममा साहित्यका विभिन्न विधाहरु समेटी साहित्यिक कार्यक्रम सम्पन्न गर्दै आएको छ ।

संस्था खोल्नु भन्दा संचालन गर्नु निकै समस्या हुन्छ । अप्ठयारो कामकै जिम्मा काँधमा बोकेर दाङका प्रगतिशील स्रष्टाहरु निरन्तर अगाडि बढिरहेका छन् । आफ्नो वर्षभरीको भारी बिसाउनका निम्ति एउटा मुखपत्रको आवश्यकता थियो । त्यसकै खाँचो पूरा गरिरहेको छ ।

[टज्ञ] ऐजन, पृ. ।

"बहिङ्गाले" । (२०५७) देखि बहिङ्गालाई प्रगतिशील लेखक सङ्घ दाङले आफ्नो काँध लिएको हो । विभिन्न अवरोधका बाबजुद पनि सङ्कटकालका बखत पनि बहिङ्गा निरन्तर प्रकाशित भइरहेको पनि थियो ।[टद्द]

प्रगतिशील लेखक सङ्घको यात्रामा विभिन्न समस्याका बाबजुद पनि यसले आफ्नो यात्रा कहीँकतै रोकेन समस्यासँग लड्नुपर्छ अनिमात्र सफलतामा पुग्न सकिन्छ भन्ने कुरालाई आत्मसात गर्दै समस्यालाई चिर्दै (२०५९ जेठ १८) मा पाँचौ जिल्ला सम्मेलन सम्पन्न गर्‍यो भने छैठौं जिल्ला सम्मेलन (२०६२ श्रावण २३) मा सम्पन्न गर्‍यो । अध्यक्षमा पद्यमप्रसाद शर्मालाई चयन गर्‍यो । (२०६५ पौष ३) मा सम्पन्न सातौ जिल्ला अधिवेशन सम्पन्न गरि रामप्रसाद जैसीको अध्यक्षतामा कार्य समिति गठन गर्‍यो । जुन कार्यसमितिले अहिले दाङमा आफ्नो गतिविधिलाई अगाडि बढाई रहेको छ ।

## ३.४ प्रगतिशील लेखक सङ्घ नेपाल दाङ शाखामा २०५० स्थापनाकालदेखि हाल सम्मका कार्यसमितिको विवरण

**(क) प्रलेस दाङ स्थापना शाखाको २०५० सालमा भएको हो । उक्त पहिलो कार्य समितिको गठन निम्नानुसार भएको थियो :**

| | | |
|---|---|---|
| अध्यक्ष | : | अमर गिरी |
| उपाध्यक्ष | : | शरद देवकोटा |
| सचिव | : | पद्मप्रसाद शर्मा |
| सह-सचिव | : | हिरा डि.सी. |
| कोषाध्यक्ष | : | रामप्रसाद जैशी |
| सदस्य | : | यज्ञबहादुर डाँगी |
| | | शेषमणि घिमिरे |
| | | दामोदर पोखरेल |
| | | के.पि. आचार्य |
| | | हिरामणि दुःखी |
| | | के.एल. पीडित |

[टद्द] पद्यम प्रसाद शर्मा, "दाङमा प्रलेस", बहिङ्गा, (प्रलेस दाङ, अङ्क ७, २०६६) , पृ. ३ ।

सल्लाहकारहरु

नारायण प्रसाद शर्मा

गिरिराज शर्मा

गोविन्द चिस

**(ख) वि .स. २०५४ सालमा दोस्रो कार्य समितिको निर्माण भयो यसमा निम्नानुसारका पदाधिकारी र सदस्यहरु थिए :**

| | | |
|---|---|---|
| अध्यक्ष | : | अमर गिरी |
| उपाध्यक्ष | : | हिरामणि दु:खी |
| सचिव | : | पद्‍मप्रसाद शर्मा |
| सह-सचिव | : | शेषमणि घिमिरे |
| कोषाध्यक्ष | : | दामोदर पोखरेल |
| सदस्यहरु | : | यज्ञबहादुर डाँगी |
| | | रामप्रसाद जैशी |
| | | रामप्रसाद शर्मा |
| | | नवीन पुन |
| | | के.एल. पीडित |
| | | शरद देवकोटा |
| सल्लाहकार | | नारायणप्रसाद शर्मा |
| | | गिरिराज शर्मा |

**(ग) २०५५ साल जेठ १ गते तेस्रो कार्य समितिको निर्माण भयो । यसमा निम्नानुसारका पदाधिकारी रहेका थिए :**

| | | |
|---|---|---|
| अध्यक्ष | : | यज्ञबहादुर डाँगी |
| उपाध्यक्ष | : | पद्‍मप्रसाद शर्मा |
| सचिव | : | के.एल. पीडित |
| सह-सचिव | : | उदय जि.एम. |
| कोषाध्यक्ष | : | दामोदर पोखरेल |
| सदस्यहरु | : | नवीन विभास |
| | | मोहोन वली |

हरि रिजाल

हरि अधिकारी

शरद अधिकारी

धर्मराज वैरागी

कमल पुन

देवराज वि.क.

लक्ष्मण सागर

शरद देवकोटा

सल्लाहकार : नारायण प्रसाद शर्मा

गिरिराज शर्मा

टीकाराम रेग्मी

पुरुषोत्तम खनाल

**(घ) वि.स. २०५६ चैत १९ मा गठन भएको चौथो कार्य समितिमा निम्नानुसारका पदाधिकारी रहेका थिए :**

अध्यक्ष : पद्मप्रसाद शर्मा

उपाध्यक्ष : पुरुषोत्तम खनाल

सचिव : नवीन विमास

सह-सचिव : प्रमिला पोखरेल

कोषाध्यक्ष : दामोदर पोखरेल

सदस्य : धर्मराज वैरागी

आकसगंगा वि.सी.

केशव थापा

के.पि. आचार्य

सल्लाहकार : नारायण प्रसाद शर्मा

गिरिराज शर्मा

टीकाराम रेग्मी

भक्तिराम ज्ञवाली

यज्ञबहादुर डाँगी

**(ङ) २०५९ सालमा गठन भएको पाँचौ कार्य समितिमा निम्नानुसारका पदाधिकारी रहेका थिए :**

| | | |
|---|---|---|
| अध्यक्ष | : | पद्मप्रसाद शर्मा |
| उपाध्यक्ष | : | पुरुषोत्तम खनाल |
| सचिव | : | नवीन विमास |
| सह-सचिव | : | के.पि. आचार्य |
| कोषाध्यक्ष | : | केशव थापा |
| सदस्य | : | |
| | | दामोदर पोखरेल |
| | | गंगा वि.सी. |
| | | धर्मराज वैरागी |
| | | एम.पी. खरेल |
| | | विज्ञान आचार्य |
| सल्लाहकार | : | |
| | | नारायण प्रसाद शर्मा |
| | | गिरिराज शर्मा |
| | | अमर गिरी |
| | | सूर्यनाथ सापकोटा |
| | | टीकाराम रेग्मी |
| | | गणेश विषम |
| | | भक्तिराम ज्ञवाली |

**(च) २०६२ सालमा गठन भएको छैटौ कार्य समितिमा निम्नानुसारका पदाधिकारी रहेका थिए :**

| | | |
|---|---|---|
| अध्यक्ष | : | पद्मप्रसाद शर्मा |
| उपाध्यक्ष | : | रामप्रसाद जैशी |
| सचिव | : | केशव थापा |
| सह-सचिव | : | नरेन्द्र के.सी. |
| कोषाध्यक्ष | : | गणेश शाह |

सदस्य :

धर्मराज वैरागी

शरद ऋतु

प्रमोद धिताल

श्याम चिस

रत्ना वली शर्मा

रीता ज्ञवाली

सल्लाहकार :

नारायण प्रसाद शर्मा

गिरिराज शर्मा

भक्तिराज ज्ञवाली

टीकाराम रेग्मी

पुरुषोत्तम खनाल

**(छ) वि.सं. २०६५ सालमा गठन भएको सातौं कार्य समिति निर्माण भयो यस कार्य समितिमा निम्नानुसारका पदाधिकारी रहेका थिए :**

अध्यक्ष : रामप्रसाद जैशी

उपाध्यक्ष : केशव थापा

सचिव : शरद ऋतु

सह-सचिव : रत्नावली शर्मा

कोषाध्यक्ष : गणेश शाह

सदस्य :

रीता ज्ञवाली

टीका वस्नेत

भानु जि.एम.

डिल्ली मल्ल

श्रीधर भावुक

छविलाल कोपिला

जानकी सुनार

खगेश्वर भण्डारी

सल्लाहकार :

पद्म प्रसाद शर्मा

नारायणप्रसाद शर्मा

गिरिराज शर्मा

भक्तिराम ज्ञवाली

पुरुषोत्तम खनाल

नारायण योगी

(स्रोत : बहिङ्गा, अङ्क १- ८)

## ३.५ जनआन्दोलन भाग-३ मा प्रलेस दाङ र स्रष्टाहरुको भूमिका

### ३.५.१ पृष्ठभूमि

पूर्ण लोकतन्त्रको प्राप्तिका निम्ति चलेको सङ्घर्षमा वङाली स्रष्टाको योगदान पनि महत्वपूर्ण रह्यो । दाङमा रहेका विभिन्न साहित्यिक संस्था र ती संस्थासँग सम्वद्ध स्रष्टाहरुले योजनाबद्ध रुपमा आफुलाई आन्दोलनमा सहभागी गराए । सडकमा रचना वाचन गरे नाटक देखाए, पत्रपत्रिकामा रचना छपाए । सरकारी बन्दुकले तिनको आवाजलाई दवाउन खोज्यो, तर त्यो दबेन झन-झान आगो भएर निस्कियो । अनतः जनताका अगाडि निरङ्कुशतावादीहरु घुँडा टेक्न बाध्य भए । आज हामी नयाँ नेपाल निर्माणको दिशातर्फ वेग साथ होमिएका छौं, त्यो त्यही महान् आन्दोलनको परिणाम हो ।[टघ]

नेपालमा चल्ने गरेको लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरुको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । (२००७) सालको आन्दोलन होस् स्रष्टाहरुले सिर्जनात्मक, सङ्गठनात्मक दुवै दृष्टिले लोकतान्त्रिक आन्दोलनमा गहकिलो योगदान दिएका छन् । (२०६२-०६३) को महान आन्दोलनमा पनि मुलुकभरिका परिवर्तन पक्षधर स्रटाहरुले अत्यन्त महत्वपूर्ण भूमिकाको निर्वाह गरे र विर्सनै नसकिने योगदान दिए । लाठी, बुट, अश्रुग्याँस र गोली समेतको प्रवाह नगरी स्रष्टाहरुले निरङ्कुशवा विरुद्ध रचना वाचन गरे, जुलुस निकाले र कर्फ्युको अवज्ञा गरे । फेरि कहिल्यै प्रजा बन्न नपर्ने गरी लोकतान्त्रिक गणतन्त्रको माग गरे ।

---

[टघ] अमर गिरी, "मन्तव्य", जनआन्दोलन भाग २, दङाली स्रष्टाको भूमिका, (बिशजी प्रकाशन दाङ, २०६३) ।

### ३.५.२ जनआन्दोलन भाग २ मा प्रलेस दाङ र स्रष्टाहरुको भूमिकाको सिंहावलोकन

२०६२ कार्तिक १९ गतेको दिन प्रलेस दाङ शाखाले लोकतान्त्रिक अभियानलाई प्रचारम ल्याउन र सहयोग पुऱ्याउन नेपाल पत्रकार महासङ्घ दाङको कक्षमा "लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरुको भूमिका" विषयमा अन्तर्रक्रिया सञ्चालन ग ऱ्यो, जसमा प्रलेसका केन्द्रीय सदस्य अमर गिरी, नारायण प्रसाद शर्मा, हस्तबहादुर के.सी. लगायत पत्रकार, प्राध्यापक र बुद्धिजीवीहरुको सहभागिता थियो ।

लोकतान्त्रिक अभियान तथा सुब्बा कृष्णलाल अधिकारीको ११९ औं जयन्ती घोराही सर्वोदय पुस्तकालयमा (२०६२ मंसिर १८) गते सम्पन्न भएको थियो । नरेन्द्र के.सी. को उद्घोषण र प्रथमप्रसाद शर्माको सभापतित्वमा सञ्चालित साहित्यिक कार्यक्रममा मन्तव्य व्यक्त गर्नेहरुमा नारायण प्रसाद शर्मा, आहुती, गिरिराज शर्मा, सूर्यनाथ सापकोटा, शरद अधिकारी, सर्जन गौतम लगायतका साहित्यकार रहनुभएको थियो । रचनावाचन नारायणप्रसाद शर्मा, आहुती सूर्यनाथ सापकोटा, गिरिराज शर्मा, सुरेशसुमन डाँगी, लोकेन्द्र वली, गणेश शाह, नरेन्द्र के.सी. प्रमोद धिताल, पुरुषोत्तम खनाल र पद्मप्रसाद शर्माले गर्नुभएको थियो । प्रलेस दाङ शाखाले नेपालमा चालु लोकतान्त्रिक आन्दोलनलाई सहयोग पुगोस् भन्ने ध्येयले (२०६२ चैत्र १२) गते नेपाल पत्रकार महासङ्घ दाङ शाखाको भवनमा १३९ औं मेक्सिम गोर्की जयन्ती तथा ११४ औं राहुल जयन्ती सम्पन्न गरेको थियो । केशव थापाको सभापतित्वमा संचालित साहित्यिक कार्यक्रममा विभिन्न स्रष्टाहरुले आफ्ना रचना वाचन गरेका थिए । नारायणप्रसाद शर्माको प्रमुख आतिथ्यमा सञ्चालित साहित्यिक अभियानमा शरद ऋतु, पुरुषोत्तम खनाल, लोकराज पराजुली, लेखराज रेग्मी, श्रीधर भावुक, जानकी सुनार, प्रमोद धिताल, गणेश शाह, गिरिराज शर्मा, रामप्रसाद जैशी र पद्यमप्रसाद शर्मा रहनु भएको थियो । (२०६३ वैशाख १२) गते घोराहीको उमेशमार्गमा साप्ताहिक अभियान सञ्चालन गर्ने निर्णय गरेकोमा वैशाख ११ गते राति संसद पुनः स्थापना घोषण भएको हुनाले उत्त सभालाई खवरदारी जुलुसको रुपम लिएको थियो । (२०६३ श्रावण १३) गते तुलसीपुर स्थित मिनर्वा वोर्डिङ स्कुलमा "संविधान सभा र स्रष्टा" विषयमा विचारगोष्ठी सम्पन्न भएको थियो । कार्यक्रमका संयोजक रामप्रसाद जैशीको संचालन र प्रलेस दाङ शाखाका अध्यक्ष पद्यमप्रसाद शर्माको सभापतित्वमा सञ्चालित विचारगोष्ठीमा प्रलेस दाङका सचिव केशव थापाले स्वागत मन्तव्य राखेका थिए । गोष्ठीमा प्रमोद धिताल, शरद अधिकारी, धरमबहादुर खत्री, के.पि. पुरेत, श्रीधर शर्मा, पुरन शर्मा अजयदीप शर्मा, डिल्ली बस्नेत, नारायण लामिछाने, लोकमणि आचार्य रहनु भएको थियो

। उक्त अवसरमा प्रलेसको वार्षिक मुखपत्र 'बहिङ्गा' को लोकर्पण पद्मप्रसाद शर्माले गर्नुभएको थियो ।

संविधानसभाको मिति निर्धारण गर्न दवाव दिने उद्देश्यले (२०६३ भाद्र १७) गते घोराही सहिद उमेशचन्द्र थापा मार्गमा सडक कविता अभियान सञ्चालन गरेको थियो । शाखा अध्यक्ष पद्मप्रसाद शर्माको अध्यक्षता सचिव केशव थापाको उद्घोषणामा सञ्चालित 'सडक कविता अभियान ' मा उपस्थित साहित्यकार तथा साहित्यप्रेमीहरुलाई नरेन्द्र के.सी. ले स्वागत अभिभादन गरेका थिए । मन्तव्य तथा रचना वाचन गर्ने साहित्यकारहरुमा टीकाराम रेग्मी, शरद अधिकारी, पुरुषोत्तम खनाल, लोकराज पराजुली, नारायण विवश, रामप्रसाद जैशी, के.वि. उदय, केशव थापा, पद्मप्रसाद शर्मा रहनु भएको थियो ।

यसरी नेपालमा चलेको निरङ्कुशतावादी आन्दोलनमा प्रलेस दाङले आफुलाई विभिन्न कोणबाट सहभागी गराउँदै जनतामा तानाशाही सत्ताको विरुद्धमा उत्रन प्रेरणा प्रदान गर्दै आएको छ । (२०१७ - २०६२/०६३) सम्म आइपुग्दा यस संस्थासँग आवद्ध विभिन्न स्रष्टाहरुको सक्रिय भूमिकालाई भावी पुस्ताले पनि अनुसरण गरिहने छन् ।

# अध्याय चार

## नेपाली साहित्यमा प्रलेस दाङको योगदान

### ४.१ पृष्ठभूमि

नेपाली साहित्यको विकासमा विभिन्न संस्थाहरुले महत्वपूर्ण योगदान दिँदै आएका छन् । कृतिहरु प्रकाशन गरेर भाषामा परिमार्जन गरेर तथा विविध विधामा कृतिहरु प्रकाशन गरेर पनि विभिन्न व्यक्ति र संस्थाले आफ्नो ठाउँबाट साहित्यको श्रीवृद्धिमा लागिरहेका छन् । दाङ जिल्लामा स्थापित प्रगतिशील लेखक सङ्घले नेपाली साहित्यको विकासमा निरन्तर आफूलाई समाहित गर्दै आएको छ । साहित्य समाजको ऐना हो । भन्ने कुरालाई आत्मसात गर्दै गाउँबस्तीमा लुकेर बसेका प्रतिभालाई बाहिर ल्याउने काम यसले गरेको छ भने समाजमा विद्यमान विभिन्न नराम्रा प्रवृतिलाई हटाउने काम पनि गर्दै आएको छ । विभिन्न विधामा पुस्तक प्रकाशन गरेर, विचार आदानप्रदान गरेर साहित्यको विकासमा तल्लीन यस संस्थाले विभिन्न समस्याको खाडल चिर्दै आफ्नो यात्रा निरन्तर अगाडि बढाएको छ । नेपाली साहित्यको विकासमा प्रलेस दाङले निम्न माध्यमबाट योगदान पुऱ्याउँदै आएको छ ।

### ४.१.१ प्रकाशनको माध्यमबाट योगदान

वास्तवमा कुनै पनि साहित्यिक संस्थाको परिचय त्यसले गरेका कार्यक्रमका साथै त्यसले गरेका कृति प्रकाशनबाट पाउन सकिन्छ । प्रलेस दाङले हालसम्म पाँचवटा कृति प्रकाशनमा ल्याएको छ । जसमा पहिलो नारायणप्रसाद शर्माद्वारा लिखित कविता सङग्रह 'मातेको मान्छे र प्रजातन्त्र' (२०५३) हो, दोस्रो दाङ जिल्लाको कविता विधालाई अन्य क्षेत्रमा परिचय दिने उद्देश्यले दाङका प्रतिनिधिमूलक कविका कविताको सङ्गालो 'दाङका सुसेलीहरु' (२०५४) नामक कविता सङ्ग्रह प्रकाशित गरिसकेको छ । त्यस्तै गरेर वि.स. (२०६२) सालमा यस संस्थाले गणेश शाहको गीति खुतुर्के गीत, वन, लप्का र छल्का र साहित्यकार नेत्रलाल पौडेलको कविता सङ्ग्रह घर्राप्रेम प्रकाशित गरेको छ । पछिल्लो समयमा दङाली युवा साहित्यकार टीका बस्नेतद्वारा लिखित 'क्रोधित मनहरु' मुक्तक सङ्ग्रह (२०६६) मा प्रकाशनमा ल्याएको छ । सवै कृतिहरुले नेपाली समाजमा रहेका कुसंस्कार र अन्याय, अत्याचारको खुलेर विरोध गरेको देखिन्छ ।

नारायणप्रसाद शर्माले रचना गरेको 'मातेको मान्छे र प्रजातन्त्र कविता सङ्ग्रहका कविताहरु गद्य/पद्य दुवैमा लेखिएका छन् भने कवितामा कविले विम्व, अलङ्कार र प्रतिकको प्रयोग सवैजसो कवितामा गरेका छन् । संसारमा जताजतै अन्याय अत्याचार गर्नेहरु साँढे भएर जनतामाथि रजाइँ गरेको र जनताले सिंगौरी खेलेर त्यस्ता हेपाहा, मिचाहाहरुलाई गलहत्याएको कुरा पनि कविले

कविता सङ्ग्रहका केही कवितामा उल्लेख गरेका छन् । हामीले जीवनको लक्ष्य आफै बुझ्नुपर्छ । जीवनलाई एउटा खेल ठानेर हाँसी हाँसी खेल्नु पर्छ । कविले 'मातेको मान्छे र प्रजातन्त्र' कविता सङ्ग्रहमा दङालीलाई विभिन्न कोणबाट जागरुक गराउँदै कहिले सामन्तीको भण्डाफोर गर्न उक्साउछन् त कहिले समाजका कुसंस्कारको भण्डाफोर गर्न उक्साउँछन् । पछिल्लो समयमा प्रजातन्त्रमा ग्रहण लागेको र लथालिङ्ग चाला देखेर कविले यस कविता सङ्ग्रहका कवि कवितामा निराशापन व्यक्त गरेका छन् ।

दाङ जिल्ला शोषक सामन्तले सताइरहेको जिल्ला हो । सयौं वर्षसम्म गरिवको पसिनामा पौडी खेल्दै साँढेको रजाई गर्ने जिल्ला पनि हो । यसैको प्रभावले होला दाङ जिल्लाका भूमिहीनहरुको पक्षमा प्रगतिशील साहित्यकारले आफ्नो कलमलाई सक्रिय बनाउँदै दाङका प्रतिनिधि कार्यहरुले लेखेको कविता सङ्ग्रह दाङका सुसेली समाज परिवर्तनका लागि कोसेढुंगा सावित भयो । दाङ जिल्लामा छरिएर रहेका प्रगतिवादी विचारधारा बोकेका साहित्यकारलाई एउटै मालामा उन्ने काम यस कविता सङ्ग्रहले गरेको छ । यस कविता सङ्ग्रहमा पुराना पुस्ताका प्रगतिशील साहित्यकार नारायण प्रसाद शर्मा, नेत्रलाल पौडेल, गिरीराज शर्मा, अमर गिरी, कृष्ण सेन इच्छुक टीकाराम रेग्मी, भक्तिराम ज्ञवाली, गोविन्द चिस, यज्ञबहादुर डाँगी र पद्मप्रसाद शर्मा र नयाँ पुस्ताका साहित्यकार नवीन विभास, शरद ऋतु, के.एल. पीडित, के.पी. आचार्य आदि साहित्यकारका रचना छापिएका छन् । कवितामा सामाजिक तथा राष्ट्रिय जीवनका विविध पक्षलाई विषयवस्तु बनाएर लेखिएका यस सङ्ग्रहका कवितामा १७ जना कविले आफ्नो असन्तुष्टि पोखेका छन् र नेपाली समाजको रुपान्तरणका निम्ति धेरै कविताले सहयोग पुऱ्याउन सकेको देखिन्छ । उनका कविता विम्व र प्रतिकको प्रयोगले उत्कृष्ट देखिन्छ । प्रलेस दाङले प्रकाशनमा ल्याएको गणेश शाहको गीति खुतुर्के 'गीत, वन, लप्का, र छल्का)' रुकुमेली संस्कृतिका अमूल्य रत्नहरु छन् । रुकुम जिल्लामा प्रचलित छल्का रुकुमेली

स्थानीय शैलीमा पस्कदा दङालीमा दुविधा परेको देख्न सकिन्छ । यस गीति सङ्ग्रहमा कविका ३९ वटा गीतहरु रहेका छन् जसमध्ये महापुरुषको महिमा शान, सामाजिक जागरणको स्वर प्राकृतिक सुन्दरताको चित्रण, स्वदेश मुक्तिको भावना, राजनीतिको समाजमा गलत प्रभाव, शान्तिको कामना सामन्ति संस्कृतिको विरोध तानाशाही प्रवृत्तिमाथि चोटिलो व्यङग्य आदि गहनतम भावहरु बोकेका गीतहरुले यस नीति सङ्ग्रहमा स्वतन्त्र पहिचान कायम राखेका छन् ।

'वर्गप्रेम'नेत्रलाल पौडेल 'अभागीले' लेखेको बहुचर्चित कृति हो । यस कविता सङ्ग्रहमा रहेका कविताहरुमा मार्क्सवादी चिन्तन प्रणाली अनुरुपको संवेदना पाइन्छ । उनको वर्गप्रेम कविता

सङ्ग्रहमा केही कविता छन्दमा लेख्न खोजेपनि बाँकी कवितामा मुक्तलयमा लेखिएको छ । तत्सम शब्दको प्रयोग, अलङ्कारको प्रयोग पौडेलले आफ्ना कवितामा गरेका छन् । कतिपय छन्दोवद्ध कविता लेख्ने असफल प्रयास पनि भएको छ । कतिपय कवितामा सामाजिक विकृति, विसङ्गतिप्रति तीखो व्यङ्ग्य पाइन्छ । नेत्रलाल अभागी हिन्दी भाषामा पनि साहित्य लेख्थे भन्ने कुरा यसै सङ्ग्रहमा रहेको 'देवकोटा स' शीर्षकको कविताबाट स्पष्ट हुन्छ । यस सङ्ग्रहलाई कविताहरुको आधिक्यले कविता सङ्ग्रह भने पनि यसमा परिष्कृत र मार्मिक जनवादी गीतहरु पनि समाविष्ट भएको देखिन्छन् । देशभक्ति, उत्पीडन शोषण, सामाजिक विकृति, विसङ्गति, क्रान्ति तथा देशप्रेमलाई विश्वप्रेमको ढाँचामा ढाल्ने, प्रेमलाई विषयवस्तु बनाइएको यस सङ्गालोले दीन दुःखी गरिव जनताको पक्षमा आवाज बुलन्द गरेको छ । यस सङ्ग्रहले प्रगतिशील नेपाली साहित्यको यात्रामा केही भए पनि सहयोगी भूमिका निभाएको छ ।

"बहिङ्गा " प्रलेस दाङको वार्षिक मुखपत्र हो । प्रलेसले (वि.स. २०५७) सालमा प्रकाशित गरेको देखिन्छ भने पहिलो अङ्क देखि आठौं अंकसम्म आउँदा यसले साहित्यको यात्रामा अनेकौं आरोह अवरोह पार गर्नु परेको छ । प्रगतिशील अग्रज साहित्यकारहरु नारायणप्रसाद शर्मा, गिरीराज शर्मा, अमर गिरी, टीकाराम रेग्मी, यज्ञबहादुर डाँगी, भक्तिराम ज्ञवालीको अग्रसरतामा पद्मप्रसाद शर्माको प्रधान समादकत्वमा पहिलो अङ्क प्रकाशित भएको देखिन्छ । आज यस पुस्तकले जिल्लामा लोकप्रियता कमाई सकेको छ । प्रलेसको मुखपत्र भएकाले पनि केही कुरा प्रलेस सम्बन्धी रहेपनि दाङ जिल्लामा लुकेर बसेका प्रतिभालाई बाहिर ल्याउने प्रयास गरेको छ । भने संस्थाको गतिविधि प्रकाशनका कुरा र केन्द्रमा हुने गरेका कार्यक्रमको बारेमा पनि वहिङ्गाले आफ्नो विषय बनाउँदै आएको छ ।

टीका वस्नेत र उनको प्रकाशित कृति 'क्रोधित मनहरु' (२०६६)

दङ्गाली युवा प्रगतिशील साहित्यकार टीका बस्नेतद्वारा रचना गरिएको 'क्रोधित मनहरु' मुक्तक सङ्ग्रह (२०६६) सालमा प्रलेस दाङले प्रकाशित गरेको देखिन्छ । समसामयिक साहित्य लेखनका साथमा गजल विधालाई राम्रोसँग पक्रेर कलम चलाउँदै आएका बस्नेत 'क्रोधित मनहरु' मुक्तक

सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यको भण्डारमा अर्को सहयोगी हात बढाएका छन् । ४९ वा मुक्तक रहेको यस सङ्ग्रहमा राष्ट्र र राष्ट्रियता बोलेको पाइन्छ । सीमा मिचिएकोमा कतै आफै रोएका छन् त कतै क्रोध व्यक्त गरेका छन् । युवालाई राष्ट्रको तागत सम्झदै बस्नेत युवालाई देश निर्माणमा जुट्न आह्वान गरेका छन् ।

जुन दिनसम्म नेपालीहरु निरङ्कुशता विरुद्ध लड्दै थिए बस्नेतले साहित्यको माध्यमबाट उर्जा भर्दै थिए, यही हो साहित्यकारको काम राजनीति कहिले पछाडि फर्कन्छ र त साहित्य जहिले पनि अग्रगमनतर्फ लागिरहन्छ । बस्नेतका सबै मुक्तक गतिशील ढाँचामा अगाडि बढेका छन् । नेपाली साहित्यकी श्री वृद्धिमा यस मुक्ततले महत्वपूर्ण हिस्सा ओगटेको छ ।

## ४.२ साहित्यिक गोष्ठीका माध्यमबाट योगदान

कुनै पनि कार्यको उत्प्रेरणा र उच्चताका लागि सवैभन्दा महत्वपूर्ण भूमिका वातावरणको हुन्छ । साहित्यको क्षेत्रमा विशेष वातावरणको महत्वपूर्ण भूमिका निर्वाह गर्ने संस्थाहरुको नाममा 'प्रगतिशील लेखक सङ्घ ' दाङ पनि अग्रपक्तिमा नै रहेको छ । बलियो रुपमा नेपाली साहित्यको विकास हुन पर्याप्त मात्रामा बलियो प्रयासको आवश्यकता पर्दछ भन्ने सहज मानसिकता राख्ने नारायणप्रसाद शर्मा, अमर गिरी, गिरिराज शर्मा लगायतले राजधानी बाहिरको आफ्नो गाउँठाउँलाई कसैले वास्ता नगरे पनि यसको विकासमा आफूलाई निरन्तर अगाडि बढाएको पाइन्छ । दङाली प्रगतिशील साहित्यलाई माथि उठाउनका लागि यस संस्थाका संस्थापक सदस्यहरुले विभिन्न साहित्यिक अभियानका साथै राष्ट्रिय अन्तर्राष्ट्रिय ख्यातीप्राप्त प्रगतिशील कवि, लेखकको जयन्ती कविगोष्ठी, साहित्य चर्चा-परिचर्चा, भेटघाट, स्मृति सभा कार्यक्रमहरुका तीव्रता दिएको पाइन्छ ।

साहित्यिक कोपिलाहरुलाई संरक्षण गर्दै नेपाली भाषासाहित्यको जर्गेना र विकास गर्न सक्रिय यस संस्थाले दुर्गम होस् वा सुगम सबै स्थानमा आफ्ना अभियानलाई अगाडि बढाउँदै आएको छ । प्रलेस दाङका विविध र रचनात्मक साहित्यिक गतिविधिहरु निम्न छन् ।

**प्रलेस दाङद्वारा आयोजित गोष्ठीहरु**

| क्र.सं. | मिति | विवरण |
|---|---|---|
| १. | २०५३।११।२ | तरिगाउँ गा.वि.स. अन्तर्गत प्रा.वि. तरिगैमा कविता गोष्ठी सम्पन्न, गोष्ठीमा एक दर्जन कवि कवयत्रीले आफ्ना रचना पाठ गरेका । |
| २. | २०५३।१०।२६ | अनौपचारिक रुपमा सम्पन्न कार्यक्रममा आधा दर्जन कवि/कवयत्रीले भाग लिएका । |
| ३. | २०५७।४।२४ | प्रलेस दाङ शाखाले आफ्नो कार्यक्रमलाई कसरी अगाडि बढाए आफ्नो गन्तव्यमा पुग्न सकिन्छ भन्ने विचार गोष्ठीमा दुई दर्जन साहित्यकारले सुझाव पेश गरेका । |

| | | |
|---|---|---|
| ४. | २०५७७।२६ | दाङको प्रगतिवादी साहित्य 'विगत र वर्तमान' कार्यत्रममाथि विभिन्न साहित्यकारले आफ्ना विचार राखेका र १८ जना साहित्यकारले रचना पाठ गरेका थिए । |
| ५. | २०६०।४।२५ | " द्वन्द्व व्यवस्थापनमा नागरिक समाजको भूमिका" विषय विचार गोष्ठी सम्पन्न |
| ६. | २०६२।५।२८ | वर्तमान अवस्थामा साहित्यको भूमिका विषय विचार गोष्ठी सम्पन्न चारजना साहित्यकारबाट आफ्नो सुझाव प्रस्तुत |
| ७. | २०६२ | देशमा चलिरहेको आन्दोलनमा उर्जा थप्ने उद्देश्यले संयुक्त लोकतान्त्रिक अभियान सम्पन्न |
| ८. | २०६२ | लोकतान्त्रिक सडक साहित्य कार्यक्रम सम्पन्न |
| ९ . | २०६३।४।१३ | "संविधान सभा र स्रष्टाहरु" विषयक अन्तर्रक्रिया सम्पन्न |
| १०. | २०६४।३।९ | "सडकमा गणतन्त्रको लागि सिर्जना" कार्यक्रम घोराहीमा सम्पन्न |
| ११. | २०६५।५।२८ | "संविधान निर्माणमा स्रष्टाको भूमिका" विषयक अन्तर्रक्रिया सम्पन्न |
| १२. | २०६६।५।१९ | संविधान निर्माणका लागि दवाव दिने उद्देश्यले घोराही, तुलसीपुर र गढवामा एकै पटक कार्यक्रम आयोजना । |
| १३. | २०६७०२।०८ | कविगोष्ठी सम्पन्न । |

## ४.२.१ जन्मजयन्ती र स्मृतिसभाको आयोजना

आफ्नो व्यक्तिगत स्वार्थभन्दा राष्ट्र र नागरिकको स्वार्थलाई केन्दमा राखेर आफूलाई समाहित गर्ने व्यक्तिहरु जहिले पनि स्तृत्य र पूजनीय हुन्छन् । भाषा, साहित्य, कला र संस्कृति जस्ता राष्ट्रका बहुमूल्य सम्पत्तिको संरक्षण र संरक्षणका क्षेत्रमा आफूलाई समाहित गर्ने स्रष्टाहरुको सम्मान एवम् स्मरण गर्नु राज्य र नागरिक सवैको कर्तव्य हुन आउँछ । "प्रगतिशील लेखक सङ्घ दाङ" ले जीवीत प्रतिभाहरुको प्रष्फुटन एवम् स्रष्टाहरुलाई पुरस्कृत र सामान गर्ने कार्य गर्नुका साथै दिवङ्गत स्रष्टाहरुको स्रष्टाहरुको जन्मजयन्ती, स्मृति दिवश मनाउने जस्ता  कामहरु गर्दै आएको छ । दिवङ्गत स्रष्टाहरुले पुऱ्याएको योगदानको कदर एवम् सम्मान स्वरुप जन्मजयन्ती तथा स्मृति दिवश मनाउने क्रममा संस्थाले विभिन्न कार्यक्रम संचालन गर्दै आएको छ । यस्ता साहित्यिक कार्यक्रम यस प्रकार रहेका छन् ।  (स्रोत : बहिङ्गा, अङ्क १-८ गतिविधिबाट)

# प्रलेस दाङद्वारा आयोजित विशेष स्मृति सभाहरु

| क.सं. | मिति | सन्दर्भ | कार्यक्रम |
|---|---|---|---|
| १. | २०५३।१।७<br>२०५३।२।९ | पारिजात स्मृति दिवश,६७ औं<br>गोकुल जयन्ती तथा ५३ औ अभागी जयन्ती | कविता प्रतियोगिता सम्पन्न १८ जना साहित्यकारले आफ्ना रचना पाठ, गोकुल, अभागीका बारेमा विचार प्रस्तुत |
| २. | २०५३।३।८ | २९ औं गोकर्ण जयन्ती | |
| ३. | २०५३।६।१२ | ११५ औं लुशन जयन्ती | |
| ४. | २०५३।१०।५ | हृदयचन्द्र तथा युद्धप्रसाद मिश्र जयन्ती | |
| ५. | २०५४।६।१८ | ११६ लुशुन जयन्ती | |
| ६. | २०५४।८।२० | गोविन्द चिस स्मृति सभा | |
| ७. | २०५४।१०।२५ | १११ कृष्णलाल अधिकारी तथा ८२ औं हृदयचन्द्रसिंह प्रधान जयन्ती सम्पन्न | |
| ८. | २०५५।१।५ | पारिजात स्मृति दिवश | |
| ९. | २०५७।१।१० | पारिजात स्मृति दिवश | |
| १०. | २०५७।३।२४ | ३९ औं गोकुल स्मृति दिवश | |
| ११. | २०५७।४।२८ | १२० औं प्रेमचन्द्र जयन्ती सम्पन्न | |
| १२. | २०५७।६।१३ | १६४ औं लुशुन दिवश सम्पन्न | करिव ३ दर्जन कविहरुको सहभागिता |
| १३. | ०५७।६।२८ | चौंथो गोविन्द चिस स्मृति दिवश | |
| १४. | ०५७।८।२४ | ११४ कृष्णलाल अधिकारी जयन्ती | |
| १५. | ०५७।९।१५ | ५७ औं नेत्रलाल जयन्ती | कविता प्रतियोगिता सम्पन्न |
| १६. | ०५७।९।१५ | ४१ औं हृदयचन्द्र सिंह स्मृति दिवश | |
| १७. | ०५७।१०।६ | ११ औं युद्धप्रसाद स्मृति दिवश | प्रशिक्षण कार्यक्रम सम्पन्न |
| १८. | ०५७।१२।११ | १०८ औं राहुल जयन्ती तथा १३३ औं गोर्की जयन्ती | कविता प्रतियोगिता सम्पन्न |
| १९. | ०५७।४।२८ | १२० औं प्रेमचन्द्र जयन्ती | गतिविधिलाई गाउँमुखी बनाउने सन्दर्भमा विचार |

| | | | |
|---|---|---|---|
| २०. | ०५७।७।१० | ९२ औं लक्ष्मी जयन्ती | |
| २१. | ०५७।८।२४ | ११४ औं कृष्णलाल अधिकारी जयन्ती | वृहत् कविता गोष्ठी सम्पन्न |
| २२. | ०५७।९।१५ | ५७ औं नेत्र जयन्ती | |
| २३. | ०५७।१२।११ | १०८ औं राहुल जयन्ती तथा १३३ गोर्की जयन्ती | कविता प्रतियोगिता सम्पन्न |
| २४. | ०५७।१२।१३ | १३ भूपि जयन्ती, ८४ रिमाल जयन्ती | संस्थाको मुखपत्र बहिङ्गा प्रकाशन |
| २५. | ०५८।६।२७ | १२० लुशुन जयन्ती, पाँचौ गोविन्द चिस दिवस | |
| २६. | ०५८।६।२७ | लक्ष्मी जयन्ती | |
| २७. | २०५९।श्रावण | १२२ औं प्रेमचन्द जयन्ती | अर्न्तक्रियाकार्यक्रम सम्पन्न |
| २८. | २०५९।आश्विन | १२१ औं लुशुन जयन्ती छैठौं गोविन्द चिस दिवश | गजलवाचन र समीक्षा |
| २९. | ०५९।८।२१ | ७२ औं कृष्णलाल जयन्ति | कृष्णलालका वारेमा समीक्षा |
| ३०. | ०५९।९।२७ | ५८ औं नेत्र जयन्ती | नेत्रलालका विषयमा विचार |
| ३१. | ०५९।११।१० | १३ औं भिज्ञ जयन्ती | भिज्ञका वारेमा विचार आदान-प्रदान |
| ३२. | ०५९।१२।२२ | ४१ औं गोर्की जयन्ती | २० जना कविबाट कविता वाचन |
| ३३. | ०६०।१।०६ | ११ औ. पारिजात स्मृति दिवश | २ दर्जन साहित्यकारले कविता, कथा वाचन |
| ३४. | ०६०।२।१७ | ८६ औं रिमाल जयन्ती | प्रतियोगितात्मक साहित्यिक कार्यक्रम |
| ३५. | ०६०।४।१७ | १३२ औं प्रेमचन्द्र जयन्ती | प्रेमचन्द्रका वारेमा विचार, प्रस्तुत, रचना पाठ |
| ३६. | ०६०।६।२४ | १२२ औं लुशुन जयन्ती सातौं गोविन्द चिस स्मृति | कविहरुद्वारा कविता वाचन |

| | | | |
|---|---|---|---|
| ३७. | ०६०।७।०८ | लक्ष्मी जयन्ती | नारायणप्रसाद शर्माद्वारा लिखित कृति ''एउटा स्वर सवारी कोट दाङको'' विमोचन |
| ३८. | ०६१।३।१९ | ४४ औं गोकुल स्मृति दिवश | दशैंमिलन तथा शुभ कामना आदान-प्रदान |
| ४०. | ०६१।७।२७ | ९६ औं लक्ष्मी जयन्ती | ४० जना स्रष्टाबाट रचना वाचन |
| ४१. | ०६१।८।१२ | ११८ औं कृष्णलाल जयन्ती | विभिन्न साहित्कारबाट रचना वाचन |
| ४२. | ०६१।९।३ | ६० औं नेत्र जयन्ती | कृष्णसेन, गोविन्द ज्ञवालीलाई संस्थाले राखेको पुरस्कार |
| ४३. | ०६२। ६। २४ | लुशुन जयन्ती | २ दर्जन कविबाट कविता वाचन |
| ४४. | ०६२। ६। २५ | ११९ औं कृष्णलाल जयन्ती | विभिन्न साहित्कारबाट रचना पाठ |
| ४५. | ०६२। १२। १२ | १३९ औं गोर्की तथा ११४ औं राहुल जयन्ती | साहित्यकारबाट आफ्ना विचार प्रस्तुत |
| ४६. | ०६२। २। १३ | ८९ औं ं रिमाल जयन्ती | रामप्रसाद जैशीद्वारा लिखित ''मान्छे र शालिक'' कविता |
| ४७ . | ०६३। ३। १७ | ४६ औं गोकुल स्मृति दिवस | लोकमणि आचार्यको ''नयाँ घर'' कृति विमोचित |
| ४८. | ०६३। १०। २७ | हृदयचन्द्रसिंह स्मृति दिवश | |
| ४९. | ०६३। ११। २६ | भिज्ञ दिवश | |
| ५०. | ०६४। २। २६ | १९ औं भूपि ९० औं रिमाल जयन्ती | |
| ५१. | ०६४। ८। १५ | १२१ औं कृष्णलाल जयन्ती | |
| ५२. | ०६४।१०।२५ | युद्धप्रसाद तथा हृदयचन्द्रसिंह स्मृति | |
| ५३. | २०६५।२।४ | २० औं भूपि स्मृति, ९१ औं रिमाल जयन्ती | |

| | | | |
|---|---|---|---|
| ५४. | २०६५।५।२८ | १२० औं लुशुन जयन्ती | |
| ५५. | २०६५।११।२४ | १९ औं मित्र स्मृति दिवस | |
| ५६. | २०६५।१२।१५ | गोर्की तथा राहुल जयन्ती | गोर्कीको व्यक्तित्व बारे विचार प्रस्तुत |
| ५७. | २०६६। २।९ | २१ औं भूपी स्मृति दिवश ९२ औं रिमाल जयन्ती | |
| ५८ | २०६६। २।१६ | कृण्णसेन स्मृति दिवश | कविता प्रतियोगिता सम्पन्न |
| ५९. | २०६६।३।१७ | ४९ औं गोकुल स्मृति दिवश | कविता प्रतियोगिता सम्पन्न |
| ६०. | २०६६।४।२४ | प्रेमचन्द्र जयन्ती | उदय राम द्वारा लिखित हाँस्यव्यङ्ग्य निबन्ध सङ्ग्रह'' |
| ६१. | २०६६।१०। | ५१औं ह्रदयचन्द्रसिंह स्मृति दिवस | |
| ६२. | २०६६।११। | २० औं युद्धप्रसाद मिश्र स्मृति दिवस | |
| ६३. | २०६६।१२।०७ | ४८ औं गोर्की स्मृति दिवस र ७७ औं राहुल स्मृति दिवस | |
| ६४. | २०६७।०१। | पारिजात स्मृति दिवस | कविता प्रतियोगिता र सांस्कृतिक झाँकी प्रदर्शन |
| ६५ | २०६७।०२।२९ | २२ औं भूपि स्मृति दिवस, ९३ औं रिमाल स्मृति दिवस | |
| ६६. | २०६७।०६।२८ | १४ औं गोविन्द चिस, २९ औं ल्युसन दिवस | कविता प्रतियोगिता सम्पन्न |
| ६७. | २०६७।०७।०४ | २४औं कृष्णलाल स्मृति दिवस | |

## ४.२.२ पुरस्कार स्थापना र स्रष्टाहरुलाई सम्मान

साहित्यकार देशको गहना हो । समाज बदल्ने, निरङकुश सत्तामाथि धावा बोल्ने देखि लिएर विचलित मनलाई शान्त पार्ने काम साहित्यले गर्छ, तर हाम्रो देश नेपालमा रहेका ती महान साहित्यकारको लेखाजोखा न सरकारले गर्छ न त अन्य संस्थाले गरेका छन् । नेपालका केही

साहित्यिक सस्थाले साहित्यकारलाई सम्मान गरेजस्तो मात्र देखिन्छ । साहित्य सिर्जना गर्ने सर्जकको हौसला बढाउनका लागि भए पनि सर्जकलाई पुरस्कारको व्यवस्था गर्न सके उनीहरुको मनोबल उच्च रहने थियो । पुरस्कार धनराशीसँग तुलना गर्न भन्दा पनि सर्जकका ती चलायमान कलमलाई सक्रिय बनाउनका लागि हो, पुरस्कार सम्मान हो, इज्जत हो अनि आत्मसन्तुष्टिको लागि पनि हो । यसैलाई मध्यनजर राखेर प्रलेस दाङसँग आवद्ध स्रष्टा र स्वयम् संस्थाले प्रगतिशील सर्जकलाई सम्मान गर्दै पुरस्कारको व्यवस्था गरेका छन्  उक्त पुरस्कारको विवरणात्मक परिचय दिइएको छ । (स्रोत : बहिङ्गा, अङ्क ७, पृ. ५१, अङ्क ८, पृ.३६-३९)

| **क्र.सं.** | **पुरस्कारको नाम** | **संस्थापक** | **स्थापना मिति** | **प्राप्तकर्ता** | **वर्ष** |
|---|---|---|---|---|---|
| १. | प्रगतिशील साहित्य पुरस्कार | प्रलेस दाङ | २०६० | नेत्रलाल पौडेल | २०६१ |
| | | | | कृष्णसेन इच्छुक | २०६१ |
| | | | | नारायणप्रसाद शर्मा | २०६२ |
| | | | | अमर गिरी | २०६३ |
| | | | | सूर्यनाथ सापकोटा | २०६४ |
| | | | | पुरुषोत्तम सापकोटा | २०६५ |
| | | | | पद्मप्रसाद शर्मा | २०६६ |
| | | | | हिरामणि दु:खी | २०६७ |
| २. | गोविन्द ज्ञवाली साहित्य पुरस्कार | भक्तिराम ज्ञवाली | २०६१ | | |
| | | | | गोविन्द चिस | २०६१ |
| | | | | जानकी सुधार | २०६३ |
| | | | | रीता ज्ञवाली | २०६५ |
| | | | | रिता ज्ञवाली | २०६७ |
| ३. | गोविन्द चिस सर्जक पुरस्कार | श्याम चिस | २०६२ | | |
| | | | | टीकाराम उदासी | २०६२ |
| | | | | छविलाल कोपिला | २०६४ |
| | | | | सुरेशसुमन डाँगी | २०६५ |
| | | | | गणेश शाह | २०६७ |
| ४. | अनन्त टीका प्रतिभा पुरस्कार | पद्मप्रसाद शर्मा र शान्ति शर्मा | २०६२ | | |

| | |
|---|---|
| गिरिराज शर्मा | २०६३ |
| डिल्लीराज आचार्य | २०६४ |
| शेषमणि घिमिरे | २०६५ |
| यज्ञबहादुर डाँगी | २०६६ |
| शरद देवकोटा | २०६७ |

यसरी प्रगतिशील लेखक सङ्घ दाङ शाखाले नेपाली साहित्यलाई अगाडि बढाउन विभिन्न कोणबाट प्रयास गरिरहेको छ । दाङ जिल्लामा  खडेरी परेजस्तो छिटफुट देखिने प्रगतिशील रचनालाई एकत्रित गरेर मुखपत्र 'वहिङ्गा' मार्फत बाहिर ल्याएको छ भने विभिन्न प्रगतिशील साहित्यकारका कृति प्रकाशित गर्दै आएको छ । अर्कोतर्फ दुर्गम गाउँघरमा पुराना रुढीवादी संस्कार हटाउनका लागि दाङ जिल्लाका कुना कन्दरामा गएर साहित्यिक कार्यक्रम संचालन गर्दै आएको छ । विश्व चर्चित तथा नेपालमा ख्यातिप्राप्त र स्थानीय स्तरमा प्रगतिशील साहित्यको पक्षमा कलम चलाउने दिवङ्गत स्रष्टाको सम्झनामा जन्मजयन्ती तथा स्मृतिदिवश मनाउँदै आएको छ । साहित्यकारहरुको लगनशीलतालाई मध्यनजर राखेर सम्मान र पुरस्कृत गर्दै पनि आइरहेको छ ।

यसरी विभिन्न जटिल समस्यालाई चिर्दै नेपाली साहित्यको श्रीबृद्धिमा आफूलाई निरन्तर लगाउँदै कलमबाट तानाशाहीहरुको खवरदारी गर्दै अगाडि बढेको छ ।

# अध्याय पाँच

## प्रलेस दाङसँग आबद्ध प्रमुख स्रस्टाहरुको सङ्क्षिप्त परिचय

### ५.१ पृष्ठभूमि

दाङ जिल्लामा प्रगतिशील साहित्यको विकासको पृष्ठभूमि तयार गर्न एकातिर विभिन्न सुधारवादी साहित्यकारको चर्चायोग्य भूमिका रहेको छ भने अर्कोतिर प्रगतिवादीलाई अगाडि बढाउन स्वयम् प्रगतिशील साहित्यकारको उल्लेख भूमिका रहेको छ । दाङ जिल्लाको प्रगतिशील साहित्यको विकास उल्लेख्य योगदान पुऱ्याउने प्रगतिशील साहित्यकारहरुको सामान्य परिचय दिन उपयुक्त ठानी प्रलेखसँग आवद्ध साहित्यकारहरुको परिचय दिइएको छ ।

प्रगतिशील साहित्य परिवर्तनशीलतामा आधारित हुन्छ । त्यसैले यसको मान्यता सदैव समकालीन परिवेशको पूर्णवर्ती आधारसँग दाँजिएर हिंडछ । भावी सम्भावनालाई हेर्दा गुणात्मक परिवर्तन प्राप्तिमा भन्दा विरोध र सम्झौताको प्रगतिक्रमलाई अँगाल्छ । साहित्य यथार्थ अङ्कन गरे पनि यथार्थको गतिशीलता ठम्याउन सक्षम हुँदैन् । रचना पद्धतिमा केही कुराहर प्रगतिवादसँग मिल्दा जुल्दा हुन्छन् । जनचाहनालाई पक्रने र जनभाषालाई अगाल्ने मानवीय समता भावलाई स्वीकार्ने एवम् शोषण, अन्यायको विरुद्ध विद्रोहीं स्वर धम्काउने काम गरे पनि दृष्टिकोणको ढुलमूलपनबाट मुक्त भएको हुँदैन ।

सामन्तवाद, पूँजीवाद आदि प्रतिक्रियावादी तत्वसँग सम्बद्ध सामाजिक, आर्थिक, राजनैतिक, नैतिक, धार्मिक रुढहरुको विरोध गरी समाजवादको स्थापना गर्नु, साहित्यमा समाजवादी यथार्थलाईं प्रतिष्ठित गराउन, सामाजिक यथार्थमा आएका विकृतिलाई नष्ट पारेर नवीन साहित्य र नव मानवलाई स्थापना गर्नु, वर्गसङ्घर्षको साम्यवादी विचारधारा अनुकूल साहित्य रचना गर्नु, अर्थात मानवद्वारा मानवमाथि हुने सवै किसिमका शोषण, दमनको उन्मूलन, नीति र सम्पत्तिको अन्त्य गर्न प्रयत्नशील साहित्य प्रगतिशील साहित्य हो ।

प्रगतिवादको लक्ष्य भनेको जनवादी शक्तिलाई सङ्गठित गरेर द्वन्द्वात्मक भौतिकवादका आधारमा निर्मित मूल्यलाई प्रतिष्ठित गर्नु हो ।

यिनै मूल्य र मान्यतालाई आत्मसात गर्दै साहित्य सिर्जना गर्ने स्रष्टालाई प्रगतिशील साहित्यकारको धुरीमा राखिएको छ । दाङका सवै प्रगतिशील साहित्यकारहरुले पनि माथिका सवै विचारलाई आफ्ना कृतिहरुका केही मात्रामा भएपनि राख्दै आएको देखिन्छ । यही वस्तुगत तथ्यलाई नजरअन्दाज गर्दा प्रगतिशील कित्तामा आफूलाई उभ्याएका दङाली स्रष्टाहरुम नेत्रलाल पौडेल, नारायणप्रसाद शर्मा, अमर गिरी, नवीन विभास, पद्यमप्रसाद शर्मा, शरद देवकोटा, धर्मराज वैरागी,

के.एल. पीडित, टिकाराम उदासी, उदय जि.एम. यज्ञबहादुर डाँगी पुरुषोत्तम खनाल, टीका वस्नेत, सविन प्रियासन आदि रहेका छन् ।

## ५.२ नारायणप्रसाद शर्मा

वि.स. १९८८ मा दाङ जिल्लाको वर्गद्धीमा जन्मिएका साहित्यकार नारायणप्रसाद शर्मा दङाली प्रगतिशील साहित्यका चम्किला  तारा हुन् भने वाम आन्दोलनका सशक्त हस्ती पनि  हुन् । विद्यार्थी जीवनमा नै कार्लमार्क्सको जीवनबाट प्रभावित भएर थुप्रै साहित्यिक कृतिहरु पाठकसामु पस्किएका छन् । शर्मा साहित्यकारमात्र नभएर पत्रकार पनि छन् । (२०३२) सालबाट प्रकाशित ‘‘युशबोध’’ पत्रिकाको प्रकाशक र प्रंधान सम्पादकमा रहेर लामो समय विताएको देखिन्छ ।

राप्तीको पत्रकारिता, साहित्य राजनीति र मानवअधिकारको क्षेत्रमा शर्मा एउटा स्थापित, सम्भावित र सुपरिचित व्यक्तित्वको नाम हो । उमेरले साढे सात दशक लामो जीवनयात्रा पार गरेपनि सिर्जनाकार्य र सामाजिक क्षेत्रमा सदावहार तन्नेरीका रुपमा देखिने शर्माका निम्न कृतिहरु प्रकाशित छन् ।

| | | |
|---|---|---|
| जेलदर्शन | खण्डकाव्य | २०२४ |
| हिमालीरत्न | खण्डकाव्य | |
| मातेको मान्छे र प्रजातन्त्र | कवितासङ्ग्रह | २०५३ |
| एउटा स्वर सवारी कोटको | खण्डकाव्य | |
| बुद्धको विश्वचिन्तन | चिन्तन | |
| फर्केर हेर्दा | आत्मकथा | |

नारायण प्रसाद शर्माका कृतिहरुमा ‘जेलदर्शन’ प्रकाशनका हिसावले प्रथम कृति  मानिन्छ । (२०२४) सालमा प्रकाशित ‘जेलदर्शन’ खण्डकाव्य स्तरको रहेको छ । प्रस्तुत खण्डकाव्यमा पञ्चायत कालका प्रारम्भिक अवधिमा ३ वर्ष ७ महिना जेल पर्नुपरेको पृष्ठभूमि कै सन्दर्भमा लेखिएको जेल जीवन र दिनचर्याहरु यस कृतिका समाविष्ट छ ।

शर्माद्वारा रचना गरिएको अर्को कृति हो ‘‘मातेको मान्छे र प्रजातन्त्र’’ (२०५३) सालमा प्रलेस दाङले प्रकाशन गरेको हो । यस कविता सङ्ग्रहमा शर्माका २७ वटा नयाँ कविता रहेका छन् । केही प्रचलित छन्द र केही गद्यशैलीमा लेखिएका यी रचनाहरुको भाषा सरल र सहज छन् अनि तिनले ओगटेका विषयहरु पनि हाम्रो वरिपरिका यथार्थ जगत् र जीवनसित सम्बन्धित रहेका छन् । जनमत सङ्ग्रह (२०४६) सालको आन्दोलन र त्यसबाट स्थापित संसदीय प्रजातान्त्रिक व्यवस्था, प्रजातन्त्रको पुनर्वहाली पछि मुलुकमा उत्पन्न भएको सत्तालोभ, भष्टाचार, सामाजिक, नैतिक पाखण्ड आदि

विकृतिहरु नेपाली जनताले खोजिरहेको परिवर्तन र तिनका आन्तरिक चाहनाहरु, विश्वशान्ति, आणविक युद्ध र विकासका अन्तर्राष्ट्रिय समस्यालाई रचनाको विषयवस्तु बनाएको देखिन्छ । "मातेको मान्छे र प्रजातन्त्र" को पहिलो श्लोकमा कवि भन्छन्

सवै वाघ मान्छेको रगत पिउँछन् ।
वाघहरु भयानक जङगली जन्तु हुन् ।
किनकि रगतम बाँच्नु नै वाघहरुको जीव हो ।
निर्दोष, विर्वल जन्तुमाथि हिंस्रक आक्रमण
वाघहरुको प्रवृत्ति हो ।

यसरी शर्माका कृतिहरुले सोझो अर्थ नदिएर व्यङ्ग्यात्मक तरिकाले त्यतिखेरका आफूलाई वाघ भनाउँदाले जनतालाई बुज्रुक सम्झन्थे र जतिखेर पनि आफ्ना दुस्चक्रहरु लाद्ने गर्थे भन्ने कुराको पोल खुल्न पुगेको देखिन्छ । यसका अलावा शर्माका रचनाहरु दाङका सुसेलीहरु तथा स्थानीय, राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएको देखिन्छ । जीवनको प्रारम्भिक समय शिक्षण पेशामा खर्च गरेका शर्मा पछि शिक्षण पेशालाई बीचैमा छोडेर पत्रकारिता क्षेत्रमा लागे, त्यसपछि साहित्य र पत्रकारिता जीवनका सुख दुःखका साथी भए प्रलेस दाङको अध्यक्ष पद सम्हालेका शर्मा हाल प्रेस काउन्सिलको केन्द्रीय अध्यक्ष भएर आफ्नो यात्रालाई निरन्तरता दिइरहेका छन् ।

## ५.३ गिरिराज शर्मा

वि.स. १९९७ जेष्ठमा जन्मिएका शर्मा दाङ जिल्लाका प्रगतिशील साहित्यका अग्रणी व्यक्तित्व हुन् । पेशाले शिक्षक रहेका शर्माले पहिलोपटक 'शुन्य गगनको तारालाई' (वि.सं. २०२२) 'गुराँस' पत्रिकामा प्रकाशित गरेर औपचारिक रुपमा साहित्य लेखनको यात्रा तय गरेका हुन् । साहित्यकार शर्माका आजसम्ममा विभिन्न प्रगतिशील साहित्यिक रचना प्रकाशित छन् । शोषण, दमन, सामन्त, अन्याय, अत्याचारका विरुद्ध शोषित पीडितका पक्षमा साहित्य सिर्जना गर्ने शर्मा सफलताको सिढी उक्लदै गरेका स्रष्टा हुन् भने प्रगतिशील साहित्यको यात्रामा उनी उत्प्रेरक पनि हुन् । शर्माले आफ्नो पहिलो कविता "शुन्य गगनको तारामा" भन्छन् ।

शुन्य गगनका एका तारा हो
किन तिमी यसरी चम्किरहन्छौं ?
नयाँ खोजमा राष्ट्रहरु सब
दौदी भानु, शशी भेट्ने रे
एकदिन झलमल घरती यो,

तिमी झै रुप बनाउने रे
यदी छ आशा राष्टहरुको
आश्चर्यमा किन पर्छौ ?
शुन्य गगनका तारालाई । (शुन्य गगनको तारा)

यस कवितामा शर्माले विश्वका धेरै देशका मान्छेले नयाँ-नयाँ आश्चर्यजनक काम गरिरहेका छन् भने हामी नेपालीहरु भने उनीहरुको कामलाई आश्चर्यका रुपमा हेरिरहेका छौं, भन्दै हामी नेपाली पनि आफ्नो देश निर्माणमा जुट्नु पर्छ र आफ्नो देशलाई विश्वका विकसित देशका दाँजोमा पुऱ्याउनु पर्छ भन्ने विचार राखेका छन् । यस बाहेक शर्माका थुप्रै कृति प्रकाशित छन् । जसको विवरण दिएको छ ।

**गिरिराज शर्माका प्रकाशित कृतिहरु**

| क.सं. | कृतिको नाम | विधा | प्रकाशित वर्ष | प्रकाशित गर्ने पत्रिका |
|---|---|---|---|---|
| १. | शुन्य गगनको तारालाई | कविता | २०२२ | गुराँस |
| २. | छात्र र बटुवा सन्देश | कविता | २०२२ | सन्देश |
| ३. | मानवता कसरी आउँछ | लेख | २०२३ | गुराँस |
| ४. | लास परेका यी मेरा दिनहरु | कविता | २०२४ | अन्तर्ध्वनि |
| ५. | यदि मान्छे यहाँ जन्मेको भए | कविता | २०२५ | सन्देश |
| ६. | जीन्दगी एक निःश्वास | कविता | २०२५ | मानस प्रभा |
| ७. | मलाई यस्तो हुन मत लाग्छ | कविता | २०३६ | सन्देश |
| ८. | एकटुक्रा | कविता | २०३४ | युगबोध |
| ९. | नववर्ष | लेख | २०३५ | युगबोध |
| १०. | यो देश हाम्रो देश | लेख | २०३७ | युगबोध |
| ११. | घर फर्कदा | कविता | २०४० | राप्ती सन्देश |
| १२. | लेखनाथ प्रति श्रद्धाञ्जली | कविता | २०४० | युगचेतना |
| १३. | महाकवि प्रति श्रद्धाञ्जली | कविता | २०४१ | युगचेतना |
| १४. | दाउरेनी | खण्डकाव्य | २०४९ | |
| १५. | आचार विचार | वाल लघुकथा | २०५८ | |
| १६. | बुढो जोर सिमलका रुखहरु | कविता सङ्ग्रह | २०६३ | |

| | | | | |
|---|---|---|---|---|
| १७. | केही कृति समीक्षा र विविध | समीक्षा | २०६६ | |

२०१४ देखि नै मार्क्सवादी दर्शनवाट प्रभावित भएर कविता लेखन प्रारम्भ गरेका प्रगतिशील साहित्यकार शर्मा विभिन्न पुरस्कारबाट सम्भावित भइसकेका छन् । हाल शिक्षण पेशाबाट अवकाश लिएका शर्मा प्रगतिशील लेखक सङ्घ दाङको सल्लाहकार र अन्य साहित्यिक संस्थासँग पनि नजिक रहेर काम गरिरहेका छन् ।

यस्ता विद्रोही र क्रान्तिकारी भावनामा मर्स्याङ्दीको भङ्गालो झैं सुसाउने राप्तीको भेल झैं उर्लने सर्जक शर्माले दाङको प्रगतिशील साहित्यको इतिहासमा पुऱ्याएको योगदान अविस्मरणीय छ ।

## ५.४ नेत्रलाल पौडेल

दङ्गाली प्रगतिशील साहित्यिक आन्दोलनको पूर्वाधको उत्प्रेरकका रुपमा परिचित नेत्रलाल पौडेल, नेपाली वाम आन्दोलनको एक हस्ती हुन् । (वि.स. २००१) धर्ना गा .वि.स. दाङमा जन्मिएका नेत्रलाल पौडेल नेपली भाषा साहित्यका विशिष्ट स्रष्टा र साहित्यका प्रतिष्ठित विद्वान् हुन् । साहित्यकार पौडेलका कृतिहरुमा तत्कालीन पञ्चायती निरङ्कुशताको विरुद्ध आगो दन्केको पाइन्छ । उनका कृतिहरु यथास्थितिवादी जनताका विरुद्ध क्रान्ति र विद्रोहका झिल्का बनेर पञ्चायती निरङ्कुशतालाई भएम बनाउने उद्देश्यका साथ अगाडि बढेको देखिन्छ । नेपाली प्रगतिवादी साहित्यका चहकिलो व्यक्तित्व पौडेलका प्रकाशित कृतिहरु यसप्रकार रहेका छन् ।

**कवि नेत्रलाल पौडेल र उनका कविता कृतिहरु**

| क्र.सं. | कृतिको नाम | विधा | प्रकाशित वर्ष | प्रकाशित गर्ने पत्रिका |
|---|---|---|---|---|
| १. | उल्लुसँगको | कविता | २०२२ | आँकुरो |
| २. | बधाई सन्देश | कविता | २०१९ | ज्योत्सना |
| ३. | दाङको शिक्षा समस्या | लेख | २०१९ | ज्योत्सना |
| ४. | दुईटुक्रा | कविता | २०२४ | आँकुरो |
| ५. | बहिनी | कविता | २०२४ | अन्तर्ध्वनि |
| ६. | सहिद गुम्राथारुलाई | कविता | २०२४ | गोवाली |
| ७. | अत्याचारले सीमा नाघ्दा | कविता | २०२६ | सन्देश |
| ८. | उता हेर | कविता | २०२७ | सन्देश |

| | | | | |
|---|---|---|---|---|
| ९. | थारु भाषाका विशेषताहरु | लेख | २०३५ | सन्देश |
| १०. | नेपाली भाषा र लिपिबारे छोटो छलफल | लेख | २०३६ | समिषे |
| ११. | जनताले बज्रमुक्का चरवाई छाड्छन् | कविता | २०३८ | राप्ती प्रवाह |
| १२. | ग्वार खोला | कविता | २०३८ | सन्देश |
| १३. | राप्तीमा डुंगा तर्दा | कविता | २०३८ | सुस्केरा |
| १४. | गंगाचिनी (अपूर्ण महाकाव्य) | | | |
| १५. | जनताका गीत भाग १,२,३ | कविता | | |
| १६. | वर्गप्रेम | कविता | २०६२ | प्रलेस दाङ |

उपयुक्त कृतिहरु बाहेक पौडेलका अन्य कृतिहरु विभिन्न साहित्यिक पत्रपत्रिकाबाट प्रकाशित भएको देखिन्छ । नेत्रलालका सबैजसो कवितामा गरिबका वेदनाहरु पोखिएका हुन्छन् र जताजतै मानवता र विश्वबन्धुत्व सलबलाएका हुन्छन् । शोषण र दमनप्रति तीखो आँखा हत्याउँदै क्रान्तिकारी स्वरुप प्रकट गरेको यत्रतत्र देख्न पाइन्छ ।

प्रगतिवादी सर्जकहरुका लागि वर्गीय प्रेमको कुनै निश्चित भूगोल, देश वा सीमारेखा हुँदैन । त्यसैले कवि पौडेलको वर्गीय चिन्तनले राष्ट्रिय सीमा नाघेर अन्तर्राष्ट्रिय क्षेत्रसम्म आफूलाई विस्तार गरेको पाइन्छ । भियतनामको प्रसङ्ग कोट्याउँदै पौडेल आफ्ना कवितामा यसरी बोल्छन् ।

ए राष्ट्रिय मुक्ति सङ्ग्रामका वीर योद्धा
भियतनाममा अमेरिकी साम्राज्यवादको नग्न मृत्यु
मलाई मेरै देशमा भइरहेको अनुभव हुन्छ
शोषित पीडित भियतनामीको
घाँटीबाट बगीरहेको रगत
मेरो आफ्नै मुटुबाट निस्केको अनुभव हुन्छ ।
भियतनामी जनताले दिन प्रतिदिन
अमेरिकी साम्राज्यवादलाई हार खुवाई
लखेतिरहेको सुन्दा
मेरा हातका हत्कडीहरु फुस्किसकेको अनुभव हुन्छ ।
मेरा खुट्टाका नेलहरु खुस्किरहेको अनभुव हुन्छ ।
(वधाई सन्देश कमरेड होची मिन्हलाई पृ.२०)

कवि पौडेलका कविताहरु नेपालको विकट गाउँले परिवेश र त्यसभित्रका पहाडजस्तै बाँचेका ग्रामीण जनजीवनका कवितात्मक अभिव्यक्तिहरु हुन् । भोग, रोग, गरिवी र अशिक्षामात्र होइन, सवै क्षेत्रबाट ठगिएका, हेपिएका मनहरुका स्पन्दनहरु हुन् । दुःखका निश्वास हुन् ।

कथात्मकता पौडेल कवितामा पाइने महत्वपूर्ण प्रवृति हो । कवितामा विम्व र प्रतीकको प्रयोग गरेका छन् । विषयवस्तुको व्यापक वर्णनले यिनका कविता कथाका झाँक्री झैं प्रतीत हुन्छन् ।

## ५.५ पुरुषोत्तम खनाल

वि.स. २००४ साउन २३ मा घोडदौरामा जन्मिएका साहित्यकार पुरुषोत्तम खनाल, दाजु विष्णु र खनालको प्रेरणाबाट साहित्य लेखनमा प्रवेश गरेको बताउँछन् । साहित्यकार खनालले दाङ प्रगतिशील साहित्य यात्रालाई सुरुवात देखि साथ दिँदै आएका छन् । हाल प्रगतिशील लेखक सङ्घ दाङको सल्लाहकार रहेका  खनालले प्रलेस दाङको अध्यक्षको जिम्मेवारी बहन गरिसकेका छन् । उनको प्रकाशित कृति 'स्मृतिका तरङ्गहरु' कविता सङ्ग्रह रहेको छ भने साहित्यिक पत्रपत्रिकामा धेरै फुटकर कविता, लेख र कथाहरु प्रकाशित भएका छन् ।

नेपाल बुद्धिजीवी परिषदको सल्लाहकार रहेका साहित्यकार खनाल संस्थाको श्रीबृद्धिमा निरन्तर खट्ने व्यक्तित्व हुन् । विभिन्न साहित्यिक पुरस्कारबाट सम्मानित साहित्यकार खनाल एउटा जुझारु प्रगतिशील साहित्यकारका रुपमा चिनिन्छन् ।

## ५.६ सूर्यनाथ सापकोटा

वि.स.२००५ वाग्लुङमा जन्मिएका प्रगतिशील साहित्यकार सूर्यनाथ सापकोटाको कर्मथलो दाङ जिल्ला रहेको छ । दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रामा आफ्नो स्थान सुरक्षित राख्न सफल भएका छन् । उनका प्रकाशित कृतिहरुमा 'पक्रैया' खण्डकाव्य 'फुल्दै झर्दै झर्दै फुल्दै' सुत्र कन्या सङ्ग्रह, 'आगोभित्रका मान्छेहरु', उपन्यास, दाङदेखि तिलङ्गासम्म यात्रा संस्मरण रहेका छन् ।

## ५.७ गणेश शाह

वि.स. २००६ भाद्र २ गते रुकुम जिल्लामा जन्मिएका प्रगतिशील साहित्यकार गणेश शाहको कर्मथलो भने दाङ नै रहेको छ । प्रगतिशील साहित्यको सिर्जनामा कलम चलाएर कहिल्यै नथाक्ने प्रतिभाशाली साहित्यकार हुन् । दाङ जिल्लाका प्रगतिशील साहित्यकारमध्ये शाहले छुट्टैखाले पहिचान राख्न सफल भएका छन् ।

गणेश शाहका कृतिमा गाउँलेपन ज्यादा देखिन्छ । (२०५७) देखि लेखनकार्य आरम्भ गरेको बताउने शाहले दुःखसँग सङ्घर्ष गरे मात्र जीवन सफल हुने कुरामा विश्वास गर्छन् र भन्छन्

“भाग्यमानि व्यक्तिले मात्र दुःख पाउँछ सबैले दुःख खोजेर दुःख मिल्दैन” अतः माथिको भनाइबाट शाह श्रम र पसिनामा विश्वास राख्ने व्यक्ति भएको स्पष्ट हुन्छ । सेता महलमा बस्नेले भरियाका पीडा बुझ्न सक्दैनन् र राजधानीका विद्वान्हरुले गाउँका आँशु र पसिनाको मोल जान्दैनन् तर त्यही जन्मेर हुर्केका स्थानीय लप्का र छल्काहरुले आफ्ना गहनतम मूल्य र मान्यता प्रकट गर्न सक्छन् । रुकुममेली लप्का र छल्काहरुको सुसेली अन्य ठाउँकाले जान्दैनन् यस सन्दर्भमा स्वयम् शाह यसरी बोल्छन् ।

हे धर्ती आमा ब्युँझेर आज यो देश हेरियो ।
सर्वाङ्ग तिमी नाङ्गैछयौ अहिले झुत्रोले वेरियौ ।
आमालाई आमा बनाउने जिम्मा लिएका छोराले ।
च्यातेर बस्त्र चौबाटोनिर पल्टाए मोराले ।
उन्चास तारा छोपिदे सारा भन्दैछन् कसैले
स्वदेश बाँझो राखेर विदेश खन्दैछन् कसैले
(गीत, वन, लप्का र छल्का- धर्तीमा गीतबाट)

यसरी गणेश शाहका कृतिहरुले शासकवर्गका नराम्रा पक्षलाई नाङ्गेझार पार्ने काम गरेको देखिन्छ । प्रगतिशील लेखक सङ्घ दाङको सदस्य समेत रहेका शाह राप्ती साहित्य परिषद दाङको आजीवन सदस्य पनि छन् । उनका प्रकाशित कृतिहरुमा ‘गीत, वन, लप्का र छल्का’ गीती खुतुर्के, ‘लावण्य देशका राजा संगालीहरु’ कथा सङ्ग्रह, ‘किन दुख्यो आत्मा ?’ कविता सङ्ग्रह र ‘चिल्ली’ उपन्यास रहेका छन् । दाङको प्रगतिशील साहित्य यात्रामा साहित्यकार गणेश शाहको कलम सक्रियसाथ अगाडि बढिरहेको छ ।

## ५.८ यज्ञबहादुर डाँगी

वि.स. २०१० फागुन २७ मा दाङको हापुरेमा जन्मिएका प्रगतिशील साहित्यकार यज्ञबहादुर डाँगी पेशाले शिक्षक हुन् तर प्रगतिशील साहित्य लेखनतर्फ उनको भूमिका कम महत्वपूर्ण छैन । यज्ञबहादुर डाँगीले शिक्षकको छडी नविसाई कलमरुपी बन्चरोले शोषक सामन्तको खप्पर फोर्न तम्सन्छन् । कवितामा सलल् बग्ने डाँगीको प्रकाशित कृति तीन दशक लामो कविता यात्रापछि छापिएको ‘तिम्रो हत्यापछि’ कविता सङ्ग्रह (२०६५) हो । यस कवितामा सङ्ग्रहमा ३५ वटा कविता समावेश गरिएको छ । पञ्चायत, संसदीय, जनयुद्ध र गणतन्त्रकालमा रचिएका डाँगीका कवितामा निम्न वर्गका कथा व्यथा समेटिएको पाइन्छ साथै कृष्णसेन र जनयुद्धमा साहदत भएका योद्धाप्रति

सम्वोधन गरिएको कवितामा वर्गीय वलिदानी भावना र जनमुक्तिको भावधारा प्रवाहित भएको देखिन्छ ।

## ५.९ जनकवि धर्मराज वैरागी

वि.स. २०१२ मा जन्मेका कवि वैरागी प्रगतिशील दङाली साहित्यकार हुन् । विशेषतः उनले आफ्ना कविताबाट नेपाली समाजमा जरा गाडेर रहेका कुसंस्कार अन्याय, अत्याचार, शोषण, दमन र पछौटेपनलाई जरैबाट उखेल्न चाहन्छन् उनका प्रकाशित कृतिहरुमा जनपीडाको पेतारो, कविता सङ्ग्रह, आस्थाका स्वरहरु कविता सङ्ग्रह रहेका छन् ।

## ५.१० कृष्णसेन इच्छुक

कृष्णसेन इच्छुकको जन्म (२०१३ साल कात्तिक १३) गतेका दिन भारतको देहरादुनमा भएको हो । दाङ जिल्लाको भालुवाङ उनको स्थायी बसोबास रहेको छ । इच्छुकले केही समय साल्ट ट्रेडिङमा जागिर पनि खाएका थिए, तर जागिर इच्छुकको सवैभन्दा घृणित पेशा थियो । जहाँ मान्छेको स्वतन्त्रता किचिएको र स्वाभिमान चिचिएको हुन्छ । जागिरपछि सामाजिक जीवन तर्फ आकर्षित सेन विद्यार्थी जीवनमै झण्डै छ वर्ष दाङ कारावासमा यातनापीडित भए । कैयौं पटक हिरासत, फेरि एक वर्ष जेल जीवन, फेरि हिरासत फेरि बाइस महिना जेल गुजार्दा झण्डै एक दशक कारागारमै रहे । पछिल्लो समय प्रजातन्त्र मानवअधिकारको उल्लङ्घन गर्दै प्रहरी हिरासतमै गोली हानी हत्या गरियो । उनको मृत्यु (२०५९ जेष्ठ १३) गते भएको     मानिन्छ । विचार अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति र वैचारिक प्रतिष्पर्धाको वकालत गरिएको 'प्रजातान्त्रिक' व्यवस्थामा विचार राखेकै कारण आस्थका आधारमा उनको हत्या गरिएको थियो । विचारको निम्ति बलिदान भएका कवि इच व्यवस्थामा विचार राखेकै कारण आस्थका आधारमा उनको हत्या गरिएको थियो । विचारको निम्ति बलिदान भएका कवि इच्छुक मरेर पनि अमर नक्षत्र बनेका छन् । उनी भौतिक जीवनको अभावमा पनि आस्थाका भाव बनेर युग-युगसम्म रहने छन् ।

इच्छुक बहुमुखी प्रतिभाका धनी व्यक्तित्व थिए । अत्यन्त  सरल, नम्र, कोमल, स्पष्ट व्यवहार भएका उनी सवैका प्रिय देशभक्त नेपाली थिए । तीक्ष्ण सिर्जनात्मक क्षमता भएका इच्छुकले ( २०२२) सालदेखि नै कविता लेख्न थालेका थिए र मृत्युभन्दा केही दिन अघिसम्म कलम चलाइरहे । उनी राष्ट्रिय रुपमा चर्चित कवि र प्रगतिशील साहित्यकारका रुपमा स्थापित भएका छन् । उनका प्रकाशित कृतिहरुमा शोकाञ्जली खण्डकाव्य (२०५२), 'इतिहासको यस घडीमा' कविता सङ्ग्रह ( २०५४) र 'वन्दी र चन्द्रागिरी' कविता सङ्ग्रह (२०५८) रहेका छन् । त्यसबाहेक थुप्रै फुटकर रचना र लेखहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । 'जेल भित्रका बन्द आवाजहरु' जो उनको मृत्युका

कारण प्रकाशित हुन पाएको छैन । उनको व्यक्तित्व हो पत्रकारिता । पहिले 'जनादेश' (साप्ताहिक) र पछि 'जनादिशा' (दैनिक) का सम्पादक सेन पत्रकार महासङ्घ र प्रलेसका राष्ट्रिउ पार्षद थिए । समाजसेवा र जनहितमा मात्र सिङ्गो जीवन अर्पेका सेनको भनाइ थियो । "म जहाँ मरु देशको निम्ति मरुँ" । विचार र आस्थाकमा अटल र अटुट प्रतिबद्धताका साथ कलम चलाएवापत्, जनविद्रोहको स्वर सुसेले बापत्, आवाज नभएका उत्पीडित, दलित विपन्न वर्गको आवाज बनेबापत् उनले वरण गर्नुपरेको हिरासतको मृत्युले नेपाली जातीय सभ्यतालाई नै कलङ्कित तुल्याएको छ ।

कृष्णसेनको जीवन सामाजिकताको पर्याय हो । एउटा नि :स्वार्थ देशभक्त कस्तो हुन्छ ? त्यसको उदाहरण हो । जसले आफ्नो व्यक्ति स्वार्थ र निजी जीवनका लागि केही गरेन, केही होस् तर सिङ्गो देश र जनताको लागि आफ्नो त्याग गऱ्यो र प्राण पनि समर्पण गऱ्यो । उसको रगतले लेखेको इतिहासको रातो रङ्गको आभाले आलोकित छ वर्तमान, तसर्थ इच्छुक नेपाली प्रगतिवादी साहित्यिक आकाशमा अङ्कित विशिष्ट नाम बनेको.छ ।

नेपाली साहित्यको प्रगतिवादी धारामा इच्छुक एउटा मेटिनै नसक्ने साहित्यिक प्रतिभाको नाम हो । श्रमजीवी वर्गको पक्षमा कलम चलाउँदै इच्छुकले वर्गीय मुक्ति आन्दोलनको चेतनाको सञ्चार कवितामार्फत गरेका छन् । मार्क्सवादी वैचारिक भावधारामा प्रवाहित उनको कलमले कठोर-पीडामय जीवन बाँच्नेहरुका धुकधुकीहरुलाई प्रतिध्वनित गर्छ । ती मान्छे जो आफुमाथि लादिएको अन्याय र अत्याधार विरुद्ध बोल्न सक्दैनन्, जो आफ्ना दर्द र वेदनाको सुस्केरासम्म काड्न सक्दैनन तिनका बोली बनेका छन् इच्छुक । न्याय, समानता र मुक्तिका पक्षमा निर्भय निर्बोध कलम चलाएर उनले कवितामा शौर्यको प्रस्तुति दिएका छन् । इच्छुक आफ्नो विचार र निष्ठाका निम्ति उत्सर्ग हुन । जानेका शब्द र कर्मबीचको सन्तुलन मिलेका साहित्यनायक थिए । क्रान्ति र आमूल परिवर्तनमा समर्पित उनको कलम विचार-चेतनाको धारिलो यस्तो कलम थियो, जो भाँचिन दोब्रिन र विग्रिन जानेन, जो झुक्न र गल्न मानेन । उनको चोटिलो र उर्जाशील साहसी कलम जसले निरङ्कुश-तानाशाही परिपाटीका मर्म र छातीमा विगत तीन दशकदेखि निरन्तर प्रहार गरिराख्यो, यसैकारण प्रतिक्रियावादीहरुले दुवैलाई भौतिक रुपमै समाप्त पार्ने काम गरे ।

इच्छुकले उज्यालोको पक्षमा वसन्तको पक्षमा, जीवन र सौन्दर्यको पक्षमा, भविष्य र आशाको पक्षमा साहित्य लेखेका छन् । उनले साम्राज्यवाद र विस्तारवादको हैकम र ठालुवादका विरुद्धमा पनि साहित्य लेखेका छन् । इच्छुक परिष्कार-परिमार्जन प्रति सचेत युगिन अग्रगामी चेतनामा प्रतिबद्ध र समाजवादी यथार्थका गायक हुन् । उनको सरल सहज काव्यशिल्प जनताका बोलीको धेरै नजिक छ । उनी जनताका आँशु र घाउका चेहरासँग एकीकृत भावधारामा समाहित

छन् । जनताकै जीवन विम्वलाई साहित्यमा उतार्छन् । उनका कविता सम्वेदनाको चुरोमा पुगेका छन् र सुक्ष्म मानवीय यथार्थलाई स्पर्श गरेका छन् । भाव, कल्पना र विचारको सन्तुलन मिलाउँदै उनले प्रकृति र जीवनबाट विम्व र प्रतीकहरु टिपेका छन् । शब्द र कर्मको मेल हुनुपर्ने सन्देशले ती ओजिला र गुरुत्वपूर्ण पनि छन् । उनका हरेक कविता हरेक पङक्ति र हरेक शब्दमा पाइन्छ । आस्था र निष्ठा । यथास्थिति विरुद्ध उभिनु र नयाँ समाजको आव्हान गर्नु, परिवर्तनका स्वर सुसेल्नु र समानतामा आधारित वर्गविहिन मुक्त समाज स्थापनाको गन्तव्य, सन्देशमा मुखरित गर्नु उनको उद्देश्य हो । त्यसैले उनका रचनामा सङ्घर्ष र विद्रोहको मधुरिमा झङ्कृत छ ।

## ५.११ शेषमणि घिमिरे

वि.स. २०१४ वैशाख २३ दाङमा जन्मिएका घिमिरे प्रलेस दाङको संस्थापक सदस्य हुन् । पेशाले शिक्षक रहेका घिमिरेका कृतिले प्रगतिशील साहित्य यात्रामा योगदान पुऱ्याएका छन् । पञ्चायती व्यवस्थाको चरम दमन र समाजमा विद्यमान शोषण र अन्याय अत्याचारबाट छुट्कारा पाउने शसक्त विचार प्रगतिशील विचार भएको ठहरका साथ उनी प्रगतिशील साहित्य फाँटमा कलम चलाउन थालेको बताउँछन् । शर्माका रचनाहर 'छहरा', 'युगचेतना', युगबोध, कलम अर्न्तध्वनि रार्प्तादुत, वहिङ्गा लगायतका विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । विभिन्न पुरस्कारबाट सम्मानित घिमिरे प्रगतिशील लेखन कार्यमा व्यस्त रहेका छन् ।

## ५.१२ पद्मप्रसाद शर्मा

वि.स. २०१५ असोज ३ मा प्यूठानमा जन्मेपनि साहित्यकार शर्माको कर्मथलो भने दाङ जिल्ला रहेको छ । पेशाले शिक्षक भएपनि दङाली प्रगतिशील साहित्यलेखनमा आफ्नो कलमलाई अगाडि बढाइरहेका छन् । दीन, दुःखी, गरिवका झुपडी र श्रमजीवी वर्गको पसिनालाई माया गर्दै शोषक, सामन्त, जाली फटाहाहरुको विरुद्धमा आधारित थुप्रै कविता, कथा, निबन्ध, प्रकाशित छन् । उनका प्रकाशित कृतिहरु निम्न रहेका छन् ।

| क्र.सं. | पुस्तकको नाम | विधा | प्र.व. |
|---|---|---|---|
| १. | ढिकपुरदेखि मेचीपुलसम्म | यात्रा संस्मरण | २०५८ |
| २. | हाम्रा सुसेलीहरु | गीत सङ्ग्रह (सयुक्त) | २०४९ |
| ३. | हुम्लाको झलक | भूगोल-इतिहास | २०६० |
| ४. | राप्ती साहित्य परिषदको इतिहास | इतिहास | २०६० |

| | | | |
|---|---|---|---|
| ५. | ने.रा.शिक्षक सङ्गठनको इतिहास | इतिहास | २०६१ |
| ६. | शब्दको भेद र कार्यक्रमको स्वरुप | निबन्ध | २०६१ |
| ७. | उपहार | लघुकथा | २०६२ |
| ८. | जसु अनन्ततीका | आत्मकथा | २०६२ |
| ९. | पहलवानपुरदेखि तिलासम्म | यात्रा संस्मरण | २०६५ |
| १०. | तर पनि अचेत छौं | यात्रा संस्मरण | २०६७ |
| ११. | जनआन्दोलन भाग २ मा दङाली स्रष्टाको भूमिका | इतिहास | २०६७ |

उनका हरेक कृतिले दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रालाई माथि उठाउन धेरै ठूलो सहयोग गरेका छन् । दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रामा निरन्तर लागि परेका शर्माका अन्य लेख रचनाहरु राष्ट्रिय स्तरका पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । प्रगतिशील लेखक सङ्घ दाङको संस्थापक सदस्य र अध्यक्षको जिम्मेवारी बहन गरेका शर्मा हाल प्रलेस नेपालको केन्द्रीय सदस्य रहेका छन् भने राप्ती साहित्य परिषद दाङको आजीवन सदस्य समेत रहेका छन् ।

## ५.१३ भागवत प्रसाद शर्मा

वि.स. २०१५ फागुन १२ गते दैलेख जिल्लामा जन्मिएका प्रगतिशील साहित्यकार भागवत शर्माको कर्मथलो भने दाङ जिल्ला रहन गयो । लामो समयसम्म प्राध्यापक पेशामा संलग्न शर्माले साहित्य सिर्जनामा पनि उत्तिकै अभिरुचि राख्छन् । उनले साहित्य सिर्जनाबाटै मानिसले आफ्नो व्यक्तित्व निर्माण गर्न सक्छ , भन्दै विद्यार्थीहरुलाई साहित्य सिर्जनामा लाग्न प्रेरणा प्रदान गर्ने गर्छन् । प्रगतिशील साहित्यकार भागवत प्रसाद शर्माले प्रंशस्त फुटकर लेख, रचना, प्रकाशित गरे तापनि कृतिगत रुपमा भने ‘आमाको पुकार’ खण्डकाव्य (२०५९) प्रकाशित भएको देखिन्छ । संस्कृत भाषामा लेखिएको ‘पृथ्वी विजय’ नाटक प्रकाशोन्मुख अवस्थामा रहेको छ । वि.सं.२०३६ देखि २०३९ सम्म जनता विद्यापीठ विजौरी दाङमा अध्यापन कार्य गरेका शर्मा नेपाल संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष पदमा रहेर काम गरिसकेका छन् । संस्कृत भाषाको ज्ञाता शर्माले दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रालाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेका छन् ।

## ५.१४ शरद देवकोटा

२०१६ आश्विनमा दाङ जिल्लामा जन्मिएका प्रगतिशील साहित्यकार देवकोटा राजनीतिज्ञ पनि हुन् । लक्ष्मीपुर गा.वि.स. को अध्यक्ष समेत भएका देवकोटाका कृतिहरुले दाङ जिल्लाको प्रगतिशील साहित्य यात्रामा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनका प्रकाशित कृतिहरुमा ‘मेरो श्रीमती’ (कविता सङ्ग्रह) (२०४५) नेल्सन मण्डेला (२०४२), कर्फ्यु लागेको जिन्दगी (२०४५) र

राजबन्दी कविता सङ्ग्रह (२०४५) रहेका छन् । उनले प्रगतिशील लेखक सङ्घ दाङको संस्थापक का रुपमा काम गरिसकेका छन् ।

## ५.१५ अमर गिरी

दाङ जिल्ला रामपुरमा (वि.स.२०१७ भाद्र २८) मा जन्मिएका अमर गिरी प्रगतिशील साहित्यका अर्का पारखी हुन् । श्रमजीवी वर्गको मुटु छामेर उनीहरुको वेदनाको भारीलाई समस्याका रुपमा लिएर पस्किदिने प्रवृत्ति साहित्यका गिरीमा रहेको छ । राजनीतिलाई प्रगतिशील साहित्यको उचाईबाट नियाल्न प्रयास गर्ने गिरीको प्रगतिशील साहित्यिक कृतिहरु विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित छन् । साहित्यकार अमर गिरीका प्रकाशित कृतिहरुमा "घाम छेक्ने पहाड" तर पनि हामी जीवित छौं , 'दु:साध्य समय', कविता सङ्ग्रहका साथै विभिन्न राष्ट्रिय स्तरका पत्रपत्रिकामा समालोचनात्मक लेख प्रकाशित भएका छन् त्यसैले गिरीलाई स्रष्टा र द्रष्ता व्यक्तित्वका रुपमा हेर्ने गरिन्छ ।

प्रगतिशील लेखक सङ्घ दाङको संस्थापक अध्यक्षसमेत रहेका गिरी प्रलेस नेपालको केन्द्रीय महासचिवको जिम्मेवारी सम्हाली सकेका छन् । विभिन्न साहित्यिक पुरस्कारबाट सम्मानित गिरीले वेलायत, दक्षिण कोरिया, भारत जस्ता विदेशी भूमिको यात्रा गरिसकेका छन् । उनको पछिल्लो समयमा 'नग्नता' कथा प्रकाशित भएको छ ।

## ५.१६ रामप्रसाद जैशी

वि.स. २०१९ प्यूठानमा जन्मिएका रामप्रसाद जैशी प्रगतिशील साहित्यकारका रुपमा चिनिन्छन् । लामो समय प्रगतिशील लेखक सङ्घसँग नजिक रहेका जैशी प्रलेस दाङको संस्थापक सदस्य हाल अध्यक्षको रुपमा काम गर्दै छन् । साहित्य समाज परिवर्तन गर्ने माध्यम हो भन्ने जैशीका कृतिहरुमा दु:ख पीडामा छटपटिएका निम्नवर्गका चिच्याहट पाइन्छ । उनका प्रकाशित कृतिमा 'को चोखो को जुठो' नयाँ वर्ष र शुभकामना, शालिक र मान्छे कविता सङ्ग्रह रहेका छन् ।

## ५.१७ उदय जी.एम.

वि.स. २०२८ आषाढ १६ मा रोल्पा जिल्लामा जन्मिएका उदय जी.एम. प्रगतिशील लेखक सङ्घ दाङको सदस्य रहेर काम गरिसकेका छन् । पत्रकारिता र साहित्यलाई संगै हिँडाएका जि.एम.को चिनारी पत्रकारिता नै रहेको छ तापनि उनका धेरै प्रगतिशील कृतिहरु प्रकाशित हुनुले साहित्य लेखनतिर उनको लगाम कम छ भन्न मिल्दैन । उनका प्रकाशित कृतिहरुमा 'पञ्जावदेखि

रोल्पासम्म', 'लामो कविता' (२०४८), 'कालो टीका' उपन्यास, (२०५६), 'पुच्छर नभएका हनुमान' निबन्ध (२०५९), 'मौसमका हरफहरु' (कविता सङ्ग्रह), उनका गजल, गजल सङ्ग्रह (२०५९) रहेका छन् ।

## ५.१८ के.एल. पीडित

वि.स.२०३० जेष्ठमा सौडियार ४ पचकपुर दाङमा जन्मिएका प्रगतिशील साहित्यकार 'पीडित' पेशाले शिक्षक हुन् । प्रगतिशील साहित्यमा यात्रारत पिडित युवा सशक्त साहित्यकार पनि हुन् । पिडितका कृतिहरुले वर्षौदेखि जकडिएर रहेका शोषण, अन्याय अत्याचार विरुद्ध मर्ममर्ममा प्रहार गर्दै जनतालाई विद्रोहका लागि उक्साउँछन् । देशको विकृतिमूलक आर्थिक, सामाजिक, राजनैतिक सबै क्षेत्रलाई एकैचोटी प्रहारको निशाना बनाउन खप्पिस छन् ।

पीडित साहित्यकारको अलावा कलाकार पनि हुन् । विभिन्न नाटक लेखन देखि लिएर चर्चित थारु भाषाको ऐतिहासिक चलचित्र 'भुयारको' निर्देशन समेत गरिसकेका छन् । उनका प्रकाशित कृतिहरुमा 'शहर पसेपछि' कविता सङ्ग्रह (२०५२), 'झोला र सपनाहरु' कविता सङ्ग्रह (२०६२), 'समयको कथा' कथा सङ्ग्रह, (२०६३), 'हृदयका सरगमहरु' गीत सङ्ग्रह (२०६५), रहेका छन् । प्रलेस दाङको सदस्यमा रहेर काम गरेका पिडित हाल नेपाल पत्रकार महासङ्घ दाङको सभापतिको जिम्मेवारी पाएका छन् । विभिन्न राष्ट्रिय पत्रिकाको संवाददाता र वाल साहित्य पत्रिकाको सम्पादक भएर काम गरिरहेका पिडित दाङ प्रगतिशील साहित्यलाई माथि उठाउन निकै जिम्मेवारीका साथ लागि परेका छन् ।

## ५.१९ सविन प्रियासन

वि.स. २०३६ वैशाख १ गतेका दिन घोराही मिलनचौक जन्मिएका युवा प्रगतिशील साहित्यकार पेशाले पत्रकार हुन् । नेपाल पत्रकार महासंघको सचिव रहेर काम गरिरहेका प्रियासन गणतन्त्र पत्रिकाको प्रधान सम्पादकको जिम्मेवारी पनि पाएका छन् । उनका प्रकाशित कृतिहरुमा 'रोदन पछि' उपन्यास (२०६०), 'सपनाभित्रका सपना' कथा सङ्ग्रह (२०६२) र 'भुमरी' उपन्यास रहेका छन् ।

## ५.२० टीका बस्नेत

२०४१ साल दाङको तुलसीपुरमा जन्मिएका युवा प्रगतिशील साहित्यकार बस्नेत पेशाले पत्रकार हुन् । दाङ जिल्लाको प्रगतिशील साहित्यको यात्रामा आफ्ना जुझारु पाइलाहरु अगाडि बढाइरहेका छन् । उनका प्रकाशित कृतिहरुमा 'मुक्तिका आवाज' गजल सङ्ग्रह (२०६२) र 'क्रोधित मनहरु' मुक्तक सङ्ग्रह (२०६६) रहेका छन् ।

युवा प्रतिभा बस्नेतका मुक्तकहरुमा समकालीन समय जीवन तथा तिनका अनुभूतिहरु वैचारिक भावभूमिमा प्रकट देखिन्छन् । धेरै मुक्तकहरुमा वर्तमानका पीडा छलपटि आक्रोश र विद्रोहका भावहरु मुखरित बनेका छन् । त्यस्तै गरेर ३५ गजलहरुको सङ्कलन 'मुक्तिको आवाजहरु' समकालीन नेपाली गजलको पछिल्लो चरणको उत्कृष्ट मानिन्छ । आफ्ना गजलहरुको माध्यमबाट गजलकार टीका बस्नेत सङ्घर्ष र न्यायका पक्षमा उभिएका छन् । साथै स्वाभिमानको पक्षमा बोलिरहका छन् ।

त्यस्तै प्रकारले दाङ जिल्लाको प्रगतिशील साहित्यको विकासमा अन्य धेरै साहित्यकारहरुले योगदान दिएका छन् । त्यस्ता साहित्यकारहरुमा दामोदर पोखरेलले 'युद्ध र मुक्ति फूलहरु' प्रकाशित गरेर प्रगतिशील यात्रा तय गरेका छन् । अर्को प्रगतिशील साहित्यकारहरुमा हिरामणी दुःखी 'तीजका सुसेली' सामुहिक कृति, जन पस्किने यात्रामा, रचना प्रकाशित गरेर प्रलेस दाङका माध्यमबाट आफ्नो सक्रियता बढाइरहेका छन् । दुःखी प्रलेस दाङको सस्थापक सदस्य पनि हुन् ।

दाङ जिल्लाका नवोदित प्रगतिवादी साहित्यकार नवीन विभास छौटे समयमा आफूलाई राष्ट्रिय स्तरको प्रगतिवादी साहित्कारका रुपमा स्थापित गरिसकेका छन् । नवीन विभासका कृतिलाई राष्ट्रिय स्तरका कृतिसँग दाँजेर हेर्ने गरिन्छ । उनका प्रकाशित कृतिहरु "रात परेपछि अैठन परेको रातमा" निबन्ध, 'आधा बाटो हिँडेपछि' मौसमका हरफहरु, कथा आदि रहेका छन् । प्रगतिशील लेखक सङ्घ दाङको सदस्यमा रहेर काम गरिसकेका साहित्यकार विभासको बसाई काठमाडौंमा रहेको छ ।

अन्य प्रगतिशील साहित्यकारहरुमा सुरेश सुमन डाँगी 'सम्झनाका रातहरु' मुक्तक सङ्ग्रह, के.वि. उदय 'जेल भित्रको मुटु' गजल सङ्ग्रह, केशव थापा चरिहरुको यादमा कविता सङ्ग्रह, प्रकाशित गरेर लेखन कार्यलाई निरन्तरता दिइरहेका छन् भने हस्तबहादुर के.सी., गणेश विषम, भक्तिराम ज्ञवाली, महेश चौधरी, शुशिला आचार्य, केशव आचार्य, डिल्लीराज आचार्य, विज्ञान शर्मा, गिरिरोदन एम.सी. पुरन शर्मा, के.वि. मसाल, गजेन्द्र भावना, हिरा डि.सी., जागेश्वर शर्मा, लोकमणि आचार्य, नरेन्द॒ के.सी., इन्द्र डि.सी., दुर्गालाल के.सी., विवेककुमार पौडेल, कर्णप्रखर धिताल, समीर यात्री, घनश्याम पाण्डे, बाशुदेव गौतम, निर्मल गौतम, हुमबहादुर रेग्मी, जानकी सुनार, शरद ऋृतु, पूर्णचन्द्र भण्डारी, के त्रसित, ललित परियार, श्याम चिस, के के मुस्कान, अजयदीप शर्मा, मदन पौडेल, बुद्धिराम वि.क. गणेश वली, योगेन्द्र खड्का, नरबहादुर महरा, मानवध्वज क्षेत्री, राम.पि. खरेल, माधवप्रसाद सापकोटा छविलाल कोपिला, प्रमोद धिताल, हरिप्रसाद रिजाल , लालबहादुर डाँगी, वामदेव शर्मा, रत्नावली, घनश्याम भण्डारी, नरेशजङ्ग राणा, भेषराज

रिजाल, रीता ज्ञवाली, डिल्ली मल्ल, भानु जि.एम., शान्ता भण्डारी, नारायण योगी, पुरन शर्मा, मदन पौडेल, श्रीधर भावुक, छविलाल कोपिला, महेश ओली, यमकान्त पोखरेल, शिव घिमिरे, जीवन हमाल, कमल खनाल, मोहन ओली, सौगात आचार्य, महेन्द्र महक, सुशील क्षेत्री, चुर्ण बहादुर वि.क., श्याम चिस, जस्ता प्रगतिशील साहित्यकारका रचनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । माथि उल्लेख गरिएका साहित्यकारहरुले तय गरेको साहित्यिक यात्राबाट दाङ प्रगतिशील साहित्यको भविष्य उज्जल छ भन्न सजिलै सकिन्छ ।

यसरी नेत्रलाल पौडेल, नारायण प्रसाद शर्मा, अमर गिरी, गिरिराज शर्माजस्ता पुराना प्रगतिशील साहित्यकारले स्थापित गरेको प्रगतिशील साहित्य लेखनको यात्रा आजपर्यन्तसम्म निरन्तर आफ्नो गतिमा अगाडि बढि रहेको छ । विभिन्न कठोर समयको कालरात्रीसँग लड्दै दाङका प्रगतिशील साहित्यकारहरुले आफ्नो कलमलाई कहिल्यै रोकेनन् बरु त्यस्ता काला धब्बालाई कलमरुपी हतियारले चिर्दै अगाडि बढे र आज दाङ जिल्लालाई प्रगतिशील साहित्य लेखनको उर्वराभूमिका रुपमा चिनाउन सफल भए । युवा पुस्ताको काँधमा अव आफ्ना अग्रजले तय गरेको यात्रालाई पछ्याएर कलम चलाए अवश्य पनि दाङ जिल्लाको प्रगतिशील साहित्य यात्राले आफ्नो लक्ष्य प्राप्त गर्ने कुरामा विश्वस्त रहन सकिन्छ ।

# अध्याय छ
# उपसंहार

## ६.१ सारांश

नेपाली साहित्यमा प्रलेस दाङको योगदान शोधशीर्षक पहिलो अध्यायमा राखिएको छ । यसै अध्यायमा शोधपत्रको प्रयोजन, समस्याकथन, शोधकार्यको औचित्य, सीमाङ्कन, सामग्री सङ्कलन, शोधविधि र शोधपत्रको रुपरेखा समावेश गरिएको छ । शोधपत्रको दोस्रो अध्यायमा दाङ जिल्लाको परिचय र यसको सङ्क्षिप्त इतिहास शीर्षक रहेको छ । भने उपशीर्षकहरुमा दाङ जिल्लाको परिचय, नामाकरण, भौगोलिक एवम् प्राकृतिक परिचय, दाङ जिल्लाको ऐतिहासिक परिचयका साथै सामाजिक, सांस्कृतिक, धार्मिक, जनसङ्ख्या परिचयर दङाली साहित्यको सङ्क्षिप्त इतिहास रहेको छ । शोधपत्रको तेस्रो अध्यायमा प्रलेस नेपालको सङ्क्षिप्त इतिहास शीर्षक रहेको छ भने उपशीर्षकमा प्रलेसको जन्म, विकास, स्थापना, विकासक्रम, लोकतान्त्रिक आन्दोलनमा प्रलेसको भूमिका, प्रलेस दाङको निर्माण, विकासक्रम, प्रलेस दाङ शाखामा आवद्ध (२०५०) देखि हाल सम्मको कार्यसमिति विवरण, जनआन्दोलन भाग २ मा प्रलेस दाङ र स्रष्टाको भूमिका रहेका छन् । अध्याय चारमा नेपाली सीहित्यमा प्रलेस दाङको योगदानलाई मूल शीर्षक बनाइएको छ । उपशीर्षकहरुमा प्रकाशन, साहित्यिक गोष्ठी, जन्मजयन्ती र स्मृतिसभा र पुरस्कार सम्बन्धी चर्चा रहेका छन् । अध्याय पाँचमा प्रलेस दाङसँग आवद्ध प्रमुख स्रष्टाको चिनारी राखिएको छ भने अध्यायमा छ मा उपसंहार खण्ड रहेको छ । यस खण्ड पवा अध्यायको उपशीर्षकमा सारांश र निष्कर्ष रहेको छ ।

## ६.२ निष्कर्ष

दाङको साहित्यिक इतिहासलाई हेर्नुपर्दा कविता विधाबाटै लेख्य साहित्यको आरम्भ भएको पाइन्छ । श्रीगाउँ दाङमा स्थित सिद्धनाथ बाबाको मन्दिरमा रहेको ताम्रपत्रमा १८९९ सालमा रचित 'सिद्धगादी चिरतम' नामक कविता दाङमा आजसम्म उपलब्ध प्रथम कविता तथा यसका लेखक जक्तिनाथलाई प्रथम कविका रुपमा प्रस्तुत गरिएको छ । यही कविता नै दाङ साहित्यको प्रथम प्राप्ति हो । हालसम्म प्राप्य लेख्य सामग्रीका आधारमा यो भन्दा पुरानो अन्य कुनै प्रमाण फेला परेको पाइदैन । यसैगरी व्याकरण आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम व्यक्ति शालिग्राम गौतम रहेको प्रमाण फेला पर्छ ।

यसरी दङाली साहित्यको इतिहास अघि बढाउने क्रममा साहित्यकारहरु जीवराज आचार्य, रामप्रसाद भजगैयाँ, टेकनाथ गौतम, गणेश शर्मा, शोभाकर आचार्य आदि प्रथम पुस्ताका स्रष्टाको भूमिका देखिन्छ ।

हालसम्म प्राप्त सामग्री तथा जानकारीका आधारमा दाङको साहित्यिक इतिहासको अध्ययन गर्दै जाँदा (वि.स. २००४) भन्दा अगाडि केही साहित्यकार र दुई-तीनवटा काव्यकृतिहरु भेटिए पनि समग्र रूपमा साहित्यको विकास दाङमा भएको देखिँदैन । (२००७) सालपछि विद्यालयहरु खुल्दै जान थाले र शिक्षाको क्षेत्रमा पनि क्रमिक विकास हुँदै जान थाल्यो । यसले साहित्य सिर्जना र त्यसको विकासमा उपयुक्त वातावरण निर्माण गर्नमा ठूलो मद्दत पुऱ्यायो । अर्कोतिर नेपाली साहित्यको प्रचार-प्रसारको दाङ जिल्लालाई पनि प्रेरित गर्न थाल्यो । गीत, कविता, कथा, निबन्ध र नाटकहरु लेखिन थाले र ठाउँठाउँमा नाटक मञ्चन हुन थाले । यसले साहित्यिक वातावरणमा थप गतिशीलता प्रदान गऱ्यो । यसपछि विभिन्न विद्यालय, संस्था र पत्रपत्रिका खुल्न थाले, जसले साहित्यको विकासलाई अघि बढाउनुका साथै नयाँ-नयाँ प्रतिभाहरु जन्माउनमा भूमिका खेल्यो ।

२००७ सालपछि देशमा प्रजातन्त्र स्थापनापछि नेपालभरि साहित्य सिर्जनाका वाढी आयो । देशमा विभिन्न राजनीति पार्टीहरु खुले । नेपाली साहित्यमा प्रगतिवादी साहित्यले विस्तारै प्रभाव जमाउन थाल्यो । यस कार्यबाट दाङ जिल्ला पनि अछुतो रहन सकेन र जिल्लाका प्रगतिवादी साहित्यकारले प्रगतिशील रचनाहरु लेखेर प्रकाशित गर्न थाले । जब (२०१७) सालमा राजा महेन्द्रले देशमा निरङ्कुश सत्ता स्थापना गर्छन त्यसपछि साहित्यकारहरु खुम्चिन थाल्छन् तर केही प्रगतिवादी साहित्यकारहरुले भूमिगत रुपमा सामन्ती सरकारको लेख रचनाबाट विरोध गर्न थाल्छन् । यस्ता प्रगतिशील साहित्यकारहरुमा नारायणप्रसाद शर्मा, नेत्रलाल पौडेल, गिरिराज शर्मा र पद्मप्रसाद शर्माको नाम अग्रपक्तिमा आउँछ । (२०३६) सालको किसान आन्दोलनले दङाली प्रगतिशील साहित्यकारलाई थोरै भए पनि प्रेरणा प्रदान गरेको छ । निरङ्कुश सत्ता धेरै दिन टिक्न सकेन आखिर नेपाली जनताको उथलपुथल आन्दोलन मार्फत (२०४६) सालमा निरङ्कुश सरकारलाई विदाइ गरे । त्यसपछि जिल्ला-जिल्लामा साहित्य सिर्जना गर्ने लहर चल्यो, देशले विकासको बाटो समातेजस्तौ देखियो तर भष्ट नेताहरुका कारण देश पुनः पश्चगामी दिशा तर्फ लम्कियो । यस परिस्थितिले साहित्यकारमा नैराश्य पैदा भए पनि देशमा छाएको नैराश्यतालाई चिर्दै अगाडि बढे, साहित्यको माध्यमबाट सरकारलाई खबरदारी गरेको देखिन्छ । यसै समयमा जिल्लामा संस्था स्थापना गर्ने र पत्रपत्रिका प्रकाशन गर्ने कार्य अगाडि बढेको देखिन्छ । यसै समयमको कालखण्डमा प्रगतिशील लेखक सङ्घ नेपाल शाखाको रुपमा (२०५०) साल पौष ३ गते दङाली प्रगतिशील साहित्यकार अमर गिरीको संयोजकत्वमा प्रगतिशील लेखक सङ्घ दाङ विधिवत रुपमा स्थापना भयो ।

सङगठित लेखनको परम्परामा नयाँ विचार र मान्यताका साथ स्थापित प्रलेस दाङले ( २०५०) साल देखि हालसम्म निरन्तर सिर्जनात्मक गतिविधि संचालन गर्दै आएको कुरा माथिको अध्ययनबा प्रष्ट भैसकेको छ । यस संस्थाको मूल मान्यता  चिन्तन-आधार मार्क्सवाद भएपनि नेपाली समाज र सांस्कृतिक मान्यताका रुपमा प्रगतिवादलाई अङ्गिकार गरेको छ । आन्दोलनका परिप्रेक्ष्यमा प्रगतिशील भावधारालाई पनि सहयात्रीका रुपमा सँगसँगै हिँडाल्नु पर्ने दायित्वबोध बाट यो संस्था सचेत रहि आएको छ । प्रलेस दाङको स्थापनासँगै नेपाली साहित्यको प्रचार-प्रसारले साहित्य सिर्जनामा नयाँ हुकाउँदै आएको छ । यसैक्रममा विधागत कृतिहरु अगाडि आएको पाइन्छ । साहित्य पत्रकारिताको विकासमा योगदान दिनु, लेखकहरुको व्यावसायिक हितका निमित्त आवाज उठाउनु जस्ता कामहरु प्रलेस दाङले गर्दै अएको देखिन्छ ।

वर्तमान समयमा यसले सिर्जनात्मक र सङ्गठनात्मक रुपमा आफूलाई लगाइ रहेको  छ । नियमित सम्पर्क र भेटघाटका निम्ति संस्थालाई व्यवस्थित गर्नु, वार्षिक मुखपत्र नियमित प्रकाशित गर्नु, विचार-मन्थन कार्यक्रम सञ्चालन गर्दै विधागत कृति प्रकाशन गर्नु, साहित्यिक सभा, गोष्ठीहरु गर्नु, ख्याती प्राप्त अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय स्तरका प्रगतिशील साहित्यकारहरुको जन्मजयन्ती, स्मृति दिवस मनाउनु, दङाली प्रगतिशील साहित्यकारहरुलाई सम्मान र पुरस्कृत गर्नु र अन्य साहित्यिक संस्थासँग मितेरी विस्तार गर्नुले यसको भविष्य उज्जवल रहेको देखिन्छ ।

यी सबै पक्षहरुबाट हेर्दा प्रलेस दाङले दिएको योगदान प्रगतिवादी नेपाली साहित्यमा उल्लेखनीय रहेको छ । यस संस्थाबाट प्रगतिवादी स्रष्टाले सहयोग लिने र यी संस्थाहरुले पनि प्रगतिवादी लेखकहरुबाट यथासम्भव सहयोग लिने गरिरहेको देखिन्छ । यही परस्पर सहयोगबाट समग्रमा प्रलेस नेपाल दाङ शाखाले नेपाली साहित्यको विकासमा क्षेत्रीय स्तरबाट तर राष्ट्रिय महत्त्व रहने गरी सहयोग गरिरहेको देखिन्छ ।

## सन्दर्भ पुस्तकहरु


अर्याल, विष्णु प्रसाद, प्रलेसको सङ्क्षिप्त इतिहास, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६३ ।

गिरी, अमर, अर्न्तध्वनि, राप्ती साहित्य परिषद् दाङ, २०५० ।

गिरी, अमर, जनआन्दोलन भाग २ मा दङाली स्रष्टाको भूमिका दाङ विशजी, प्रकाशन, २०६३ ।

गौतम, टेकनाथ, राप्ती अञ्चलको इतिहास तथा केही संस्मरण, वाराणसी, कञ्जाकपुर ।

ढकाल, घनश्याम, डा. जगदीशचन्द्र भण्डारी र अन्य, (सम्पा., मार्क्सवादी साहित्य र जनयुद्धको सौन्दर्य, काठमाडौं : अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समिति, २०६७ ।

भण्डारी, प्रेमलाल, शोधपत्र,, त्रि.वि., कीर्तिपुर, २०६५ ।

शर्मा, गोपीकृष्ण र दहाल रामप्रसाद, केही कथा उपन्यास केही कविता काव्य, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५० ।

शर्मा, पद्मप्रसाद, राप्ती साहित्य परिषद्को इतिहास दाङ, राप्ती साहित्य परिषद, २०६० ।

शर्मा, पद्मप्रसाद, स्वर्गद्धारी स्मारिका, दाङ : जि.वि.स., २०६२ ।

सुवेदी, केशव (सम्पा.), मध्यपश्चिमका कविता, काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद्, २०५३ ।


### पत्रपत्रिका


पन्थी, मधुसुदन, "प्रगतिवाद र नेपालमा प्रगतिवादी कविताको विकास सामान्य चर्चा", कुञ्जिनी, (वर्ष ११, अङ्क ११, २०६३/०६४), पृ. १९८ ।

प्रलेस पाँचौ सम्मेलनद्वारा पारित "प्रतिवेदन", प्रलेस (वर्ष ५, अङ्क ११, २०५७), पृ.१५९ ।

प्रलेस सातौ राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित समिति नामावली, प्रलेस, (वर्ष ११, अङ्क १५, २०६३), पृ. ६९ ।

भट्टराई, रमेशप्रसाद, "लोकतान्त्रिक आन्दोलनमा प्रलेसको भूमिका", प्रलेस, (वर्ष ११, अङ् १५, २०६३), पृ. १-१९ ।

मजगैयाँ, उत्तमकृष्ण, "दाङको लेख्य साहित्यको परम्परा र प्रथम पुस्ताका साहित्यकार", प्रवाह, (वर्ष १, अङ्क १, २०५४), पृ. ४४-४८ ।

शर्मा, पद्मप्रसाद, "दाङमा प्रलेस", वहिङ्गा, (वर्ष ८, अङ्क ८, २०६६), पृ.१-२ ।

शर्मा, पद्मप्रसाद, ''प्रगतिशील लेखक सङ्घ दाङको परिचय'', वहिङ्गा, (वर्ष १, अङ्क १, २०५७) पृ. १-२ ।